# लेखापरीक्षण प्रतिवेदन

# लिखु गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लिखु गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/105

श्रीमान् अध्यक्षज्यू,

लिखु गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/105

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू,

लिखु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

ओखलढुङ्गा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ गरि रू. ९६ करोड २५ लाख ७७ हजार लेखापरीक्षण गर्दा रु. २ करोड ७४ लाख ३७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १९ लाख १ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. २१ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६७ लाख २९ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ६६ लाख १७ हजार गरी जम्मा रु. २ करोड ५५ लाख ३५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १३ करोड ८५ लाख ८ हजार मध्ये रु. ३ करोड ५७ लाख ६७ हजार सम्परीक्षण भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १२ करोड ८५ लाख ५८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | २५४ | २,७४,३७,१६६ | ० | १२९ | १९,०१,८४२ | ० | ७२ | १२५ | २,५५,३५,३२४ | २१,८८,६५२ | १,६६,१७,२३७ | ६७,२९,४३५ | ० | ० | २,३३,४६,६७२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | १३,८५,०८,७७२ | ० | ३,५७,६७,७४५ | १०,२७,४१,०२७ | २,८२,३८२ | २,५५,३५,३२४ | १२,८५,५८,७३३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७८ | सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन | २,३०,००० |
| २ | २०८१/८२ | ४३ | राजस्व दाखिला- | २,९०,४०१ |
| ३ | २०८१/८२ | ५५.१, ५५.२ | बैठक भत्ता | ९९,४५० |
| ४ | २०८१/८२ | ५१ | बिल भरपाई निर्णय तथा प्रमाण वेगरको भुक्तानी- | ९१,०७८ |
| ५ | २०८१/८२ | ५२ | बढी भुक्तानी- | २,५०० |
| ६ | २०८१/८२ | ११० | पार्किङ्ग खातामा रहेको रकम | २२,०३९ |
| ७ | २०८१/८२ | ८४.१, ८४.३ | तालिम कार्यक्रम | २,९९,८८१ |
| ८ | २०८१/८२ | २४ | जिन्सी दाखिला | २,२९,९५५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | ५३ | गाडीभाडा सम्झौता | ८०,००० |
| १० | २०८१/८२ | ६४ | खेलकुद कार्यक्रम खर्च- | १,००,००० |
| ११ | २०८१/८२ | १११ | खाता फ्रिज भएको लाभग्राहीलाई भुक्तानी | ३,१२,०६८ |
| १२ | २०८१/८२ | ६८.१, ६८.२ | करकट्टी | १,४४,४७० |
| १३ | २०८०/८१ | ९० | सामाजिक सुरक्षा तर्फ वढी निकासा | ५४,५३४ |
| १४ | २०८०/८१ | ६६ | सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन | ३०,००० |
| १५ | २०८०/८१ | ५४ | सहजीकरण भत्ता | २३,६०० |
| १६ | २०८०/८१ | ८० | संघीय समपुरक अनुदान | ३२,३९,२२१ |
| १७ | २०८०/८१ | ६३.२ | विद्यालय अनुगमन | २,८३,२३९ |
| १८ | २०८०/८१ | २.९ | वित्तिय विवरण | १३,३३,५६७ |
| १९ | २०८०/८१ | ८२ | विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना | ८,९६,००० |
| २० | २०८०/८१ | ७१ | वाख्रा प्रवर्द्धन/गाई प्रवर्द्धन कार्यक्रम | ४२,१०,७०६ |
| २१ | २०८०/८१ | ७८ | राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम | २,४२,३८२ |
| २२ | २०८०/८१ | ३९.२ | भ्रमण खर्च | ३३,२२५ |
| २३ | २०८०/८१ | ४८ | फिल्ड भत्ता | ९,१३,६७३ |
| २४ | २०८०/८१ | ८१.१ | प्रदेश समपुरक अनुदान पुँजिगत | ४२,४१,७३० |
| २५ | २०८०/८१ | ६५ | तलब बढी निकासा | १२,९५६ |
| २६ | २०८०/८१ | ४४ | घरभाडा भुक्तानी | ७९,२०० |
| २७ | २०८०/८१ | ४३ | खर्चको पुष्टयाई | १,८७,५१८ |
| २८ | २०८०/८१ | ७७ | उन्नत विउ (मकै) वितरण | ७,१२५ |
| २९ | २०८०/८१ | ५४ | अमानतबाट सिमा भन्दा बढीको कार्य | १,५९,७३४ |
| ३० | २०८०/८१ | ४८.४ | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम २ | १,३३,९९५ |
| ३१ | २०८०/८१ | ५६ | अख्तियार प्राप्त अधिकारीको स्वीकृति बेगर खरिद | ९९,४०० |
| ३२ | २०७९/८० | १७ | शिक्षाः | ३१,००,००० |
| ३३ | २०७९/८० | ८.१ | विपद व्यवस्थापन कोष तर्फः | १,१०,००० |
| ३४ | २०७९/८० | १४ | पुजीगतः | २१,३५,०७९ |
| ३५ | २०७९/८० | | चालु तर्फ | ३५,८८,५६१ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | २०७८/७९ | ६५ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादन आधारित प्रोत्सहान अनुदानः | ५,१४,००० |
| ३७ | २०७८/७९ | ४३ | बढी भुक्तानीः | १,७०० |
| ३८ | २०७८/७९ | ४२ | पदाधिकारी भ्रमण भत्ताः | २,४४,१०० |
| ३९ | २०७८/७९ | २६ | जग्गा खरिदः- | ३,५०,००० |
| ४० | २०७८/७९ | १९ | कर्मचारी करारः- | १३,०३,६२० |
| ४१ | २०७८/७९ | ३५ | करार सम्झौताः | ११,०९,८८० |
| ४२ | २०७७/७८ | २९ | नमुना विद्यालय | ७१,२९,००० |
| जम्मा | | | | ३,७६,६९,५८७ |

# लिखु गाउँपालिका, ओखलढुंगा

# ( ८०११०५०६३०० )

# लिखु गाउँपालिका , ओखलढुंगा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकाको वडा संख्या ९, सभा सदस्य ४९, क्षेत्रफल ८८.०३ वर्ग कि.मी. र जनसंख्या १४,०४९ रहेको छ । संघ, प्रदेश एवं स्थानिय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य कार्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।४ देखि २०८२।५।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाउँपालिकाको आय तथा व्यय तर्फ रू. ९६ करोड २५ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,६४,४७३/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बापत | रकम |
|---|---|---|
| १ | बैठक भत्ता, घटी कर रकम बापतको रकम | २३९५४० |
| २ | पार्किङ खातामा रहेको सामाजिक सुरक्षा भत्ताको रकम | २४९३३ |
| जम्मा | | २,६४,४७३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्राप्ति र भुक्तानी हिसाब-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम लिखु गाउँपालिका, ओखलढुंगाले प्राप्त गरेको आय, अनुदान तथा सहायता अन्तर सरकारी अख्तियारी, धरौटी र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोवारको एकीकृत विवरण निम्नानुसार रहेको छ । साथै कार्यालयले अन्तर सरकारी अख्तियारी र संघ/प्रदेशको धरौटी हिसाब समावेश नगरी तयार गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान(NPSAS) बमोजिमको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७० समेत यसै दफासँग सम्बन्धित अनुसूची-३ मा समावेश गरीएको छ ।

म.ले.प. २७० अनुसूची-३ मा संलग्न छ ।

| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **शुरु मौज्दात (अन्तरसरकारी अख्तियारी सहित)** | | **१९८८०२२९.६६** | **चालु खर्च** | | २५६९१७९९९.८४ |
| १. संचितकोष खाता (ग ४.१) | १०४३००९९.३२ | | १. गाउँपालिकातर्फ | ९६५७२६१९.३४ | |
| २. धरौटीखाता (ग ३.१ -गाउँपालिकातर्फ) | ७१५७१०१.७ | | २. संघीय सशर्त | १५६९०७४४०.५० | |
| ३. विविधखर्च खाता (ग २.७) | ४७८०७०.९ | | ३. संघीय विशेष | ० | |
| ४. विविधकोष खाता (ग ५.१) | ० | | ४. प्रदेश सशर्त | ३४३७९४० | |
| ५. प्रकोपव्यवस्थापन कोष खाता (ग ७.२) | ११७०३१५.७४ | | ५. प्रदेश विशेष | ० | |
| ६.आन्तरिक राजश्व खाता (ग १.१) | ६४४६४२ | | ६. अन्य | ० | |
| ७.एम्बुलेन्स खर्च खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित) | ० | | **पुँजीगत खर्च** | | **९२६५४३२०.४३** |
| ८.लैङ्गिक हिंसा निवारण कोष खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित) | ० | | १. गाउँपालिकातर्फ | ५३५७१८८६.७६ | |
| ९. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ | | | २. संघीय सशर्त | १६६५२१०६.६७ | |
| क. संघ | ० | | ३. संघीय विशेष | ६२१४०२५ | |
| ख. प्रदेश | ० | | ४. संघीय समपुरक | ० | |
| **यस वर्षकोआय** | | | ५. प्रदेश सशर्त | ६९३४१४६ | |
| **१.आन्तरिक आय** | ३९०१७०३.८४ | **३९०१७०३.८४** | ६. प्रदेश विशेष | ० | |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | **३३८८८५५८५.०३** | ७. प्रदेश समपुरक | ९२८२१५६ | |
| क.समानिकरण अनुदान | ६८६३६४८० | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **९८१५५६०६.६८** |
| ख. राजश्वबाँडफाँट (रोयल्टी बाहेक) | ६४०२०२१८.७२ | | क. सामाजिक सुरक्षा | ९३३२१६४१.६ | |
| ग. सशर्तअनुदान | १९३६६७००० | | ख) घरेलु तथा साना | १९१७८२४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उद्योगप्रर्वद्धन केन्द्र | | |
| घ. समपुरकअनुदान | ० | | ग) स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | २३८२१४१.०८ | |
| ङ. विशेषअनुदान | १०५०००००० | | घ) विद्यालय शिक्षा क्षेत्र योजना -केन्द्र स्तर | ५३४००० | |
| च.रोयल्टी (जलस्रोत, बन, पर्यटन) | २०६१८८६.३१ | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ० | ० |
| छ. अन्य | ० | | **धरौटीफिर्तासदरस्याहा (अन्तर सरकारी अख्तियारी)** | | ० |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२९११८९३२.८७** | क. संघ | ० | |
| क.समानिकरण अनुदान | ४३०५००० | | ख. प्रदेश | ० | |
| ख. राजश्वबाँडफाँट | २५८९९३२.८७ | | **ऋण फिर्ता (साँवा)** | ० | ० |
| ग. सशर्तअनुदान | १२२२४००० | | **ऋणको व्याज भुक्तानी** | ० | ० |
| घ. समपुरकअनुदान | १०००००००० | | **धरौटी फिर्ता तथा सदरस्याहा (गाउँपालिकातर्फ)** | **३२२४५८५.४४** | **३२२४५८५.४४** |
| ङ. विशेषअनुदान | ० | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | **६२८१०१४.५** |
| च.रोयल्टी | ० | | क. विविध खर्च खाता | ४७०००१४.५ | |
| **४.स्थानीय राजश्व बाँडफाड (विज्ञापन कर)** | ० | **०** | ख. प्रकोप व्यवस्थापन कोष | २८१००० | |
| **५.अन्तरसरकारी अख्तियारी (संघ)** | | **९८१५५६०६.६८** | ग. खेलकुद विकास कोष | १३००००० | |
| क.सामाजिक सुरक्षा | ९३३२१६४१.६ | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | **०** |
| ख) घरेलुतथा साना उद्योग प्रर्वद्धन केन्द्र | १९१७८२४ | | **अन्य सहयोगमा सञ्चालित योजना** | ० | **०** |
| ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २३८२१४१.०८ | | **अन्य खर्च भएमा** | ० | **०** |
| घ)विद्यालय शिक्षा क्षेत्र योजना - केन्द्र स्तर | ५३४००० | | **अनुदान फिर्ता** | | |
| **६. अन्तरसरकारी अख्तियारी (प्रदेश)** | | ० | **१. संघ तर्फ** | | **२४३९३४२७.८४** |
| क.सामाजिक सुरक्षा | ० | | क. सशर्त अनुदान | २०१०७४५२.८४ | |
| ख.गरिबसँग विश्वेश्वर | ० | | ख. विशेष अनुदान | ४२८५९७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | |
| **७. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ** | | **०** | ग. समपुरक अनुदान | ० | |
| क. संघ | ० | | **२. प्रदेश तर्फ** | | **२५६९७५८** |
| ख. प्रदेश | ० | | क. शसर्त अनुदान | १८५१९१४ | |
| **८.ऋणवित्तिय व्यवस्था** | ० | ० | ख. विशेष अनुदान | ० | |
| **९. धरौटीआय (गाउँपालिका तर्फ)** | १४६२४२५.९९ | **१४६२४२५.९९** | ग. समपुरक अनुदान | ७१७८४४ | |
| **१०.कार्यसञ्चालन कोष आय** | ० | **६८५५५४२.३३** | **अन्तिम मौज्दात** | | **१४०६३३१३.६७** |
| क. प्रकोपव्यवस्थापन कोष | ६६००० | | १. संचित कोष खाता (ग ४.१) | ६४४५४५६.९५ | |
| ख. विविधखर्च खाता कोष | ५४८९५४२.३३ | | २. धरौटी खाता (ग ३.१ -गाउँपालिकातर्फ) | ५३९४९४२.२५ | |
| ग.एम्बुलेन्स खर्च खाता | ० | | ३. विविध खर्च खाता (ग २.७) | १२६७५९८.७३ | |
| घ. अन्यकोषको आय | १३००००० | | ४. विविध कोष खाता (ग ५.१) | ० | |
| **११.गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | ० | ५. प्रकोप व्यवस्थापन कोष खाता (ग७.२) | ९५५३१५.७४ | |
| **१२. अन्यसहयोगमा सञ्चालित योजना** | ० | ० | ६. एम्बुलेन्स खर्च खाता (स्थानीयकार्यविधि बमोजिम सञ्चालित) | ० | |
| **१३. अन्यआय भएमा** | ० | ० | ७. लैङ्गिक हिंसा निवारण कोष खाता(स्थानीय कार्यविधि बमोजिम सञ्चालित) | ० | |
| | | | ८. धरौटी (अन्तर सरकारी अख्तियारी)तर्फ | ० | |
| **जम्मा** | **४९,८२,६०,०२६.४०** | **४९,८२,६०,०२६.४०** | **जम्मा** | **४९८२६००२६.४०** | **४९,८२,६०,०२६.४** |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता-**

स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा ९१ (१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित

कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा संघ तथा प्रदेशबाट प्राप्त अन्तरसरकारी अख्तियारीतर्फको विनियोजनतर्फको रु.१,४१,६६,१२९।७६ समावेश नभएकोले सो प्रतिवेदनले गाउँपालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । गाउँपालिकामा भएको सबै आर्थिक कारोबार लेखाङ्कन भई एकीकृत रुपमा प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

| सि.नं. | उपशीर्षकको विवरण | गत वर्षको मौज्दात | यस वर्षको आय/बजेट | यस वर्षको खर्च |
|---|---|---|---|---|
| १ | सामाजिकसुरक्षा | ० | ९३३२१६४.६८ | ९३३२१६४.६८ |
| २ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ० | १९१७८२४ | १९१७८२४ |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | २३८२१४१.०८ | २३८२१४१.०८ |
| ४ | विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम | ० | ५३४००० | ५३४००० |
| **जम्मा** | | **०** | **१,४१,६६,१२९.७६** | **१,४१,६६,१२९.७६** |

४ **सुत्रमा समावेश नभएको कोष**- (४१२/2082-03-24):

स्थानीय सरकार संञ्चालन ऐन,२०७४ कव दफा ९१ (१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारिले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हूँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । गाउँपालिकाले सम्पूर्ण आर्थिक कारोबार सुत्रमार्फत् गर्नुपर्दछ । गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ। गाउँपालिकाको नाममा रहेको नेपाल एस.बी.आई. बैंकको खाता नम्बर ४१५२५२४०६०००१० मा कर्मचारी कल्याण कोष खाता सञ्चालनमा रहेको पाइयो । यस वर्ष गाउँपालिका चालु खाताको भौ.नं. ४१२-०८२।३।२४ बाट कर्मचारी कल्याण कोष खातामा रु.१०,००,०००/- जम्मा गरेको देखियो । उक्त कोषमा आथिक वर्षको अन्तमा रु. १३,७४,९५४।०४ मौज्दात रहेकोमा सो कोष सुत्रमा समावेश भएको छैन । पालिकाले यथाशिघ्र उक्त कोषलाई सुत्रमा आबद्ध गरी सुत्रमार्फत उक्त कोषको संचालन हुने सुनिश्चितता गर्नुपर्दछ ।

५ **दाखिला गर्न बाँकी दायित्व**-

आयकर ऐन, २०५८ को दफा ९०(४) बमोजिम कट्टी भएको कर रकम समयमा दाखिला गर्नुपर्ने उल्लेख छ । स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको राजश्व समेतको दायित्व रु. ५,५२,८७६।- देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५२,८७६ |

६ **बैङ्क हिसाब विवरण**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार गाउँपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा गाउँपालिकाको वैंक नगदी किताबको अन्तिम मौज्दात भन्दा वैंक खातामा देहायअनुसार रु.३,८४,८९१।१४ बढी देखिन्छ । अन्तिम मौज्दात फरक देखिएको रकम रु. ३,८४,८९१।१४ सम्वन्धमा ऐनको व्यवस्था अनुसार बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

| खाताको प्रकार | श्रेस्ताअनुसार बाँकी रु | बैंक स्टेटमेन्ट अनुसार बाँकी रु | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ५४२४१०.८८ | ५४२४१०.८८ |
| ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | १०२५७३५.३० | १०२५७३५.३० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ०.०० |
| ग २.२, चालु खर्च खाता- जोर वर्ष | ० | ६६०७९८.८९ | ६६०७९८.८९ |
| ग २.४, पुँजिगत खर्च खाता- जोर वर्ष | ० | ३९४२६०१.४२ | ३९४२६०१.४२ |
| ग २.७, विविध खर्च खाता | १२६७५९८.७३ | १२६७५९८.७३ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ५३९४९४२.२५ | ५३९४९४२.२५ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६६३६००५.३४ | ६५८८०१.६० | -५७८६६५५.३५ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९५५३१५.७४ | ९५५३१५.७४ | ०.०० |
| **जम्मा** | **१,४०,६३,३१३.६७** | **१४४४२१४१.८८** | **३,८४,८९१.१४** |

७ **फरक अन्तिम मौज्दात-**

गाउँपालिकाले तयार गरेको आर्थिक कारोबारको एकीकृत विवरण अनुसार यस आर्थिक वर्षको अन्तिम मौज्दात रु.१,४०,६३,३१३।६७ रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार अन्तिम मौज्दात रु.१,४०,२१,८२८।६७ रहेको देखिन्छ । प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) भन्दा रु.४१,४८५/- बढी रकम आर्थिक कारोबारको एकीकृत विवरणमा अन्तिम मौज्दात देखिएको छ । गाउँपालिकाले दुई विवरणमा फरक फरक अन्तिम मौज्दात देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको खर्च खाताको रकम आर्थिक वर्षको अन्तमा स्थानीय सञ्चित कोष खातामा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको चालु खर्च खातामा रु.६,६०,७९८।८९, पुँजिगत खर्च खातामा रु.३९,४२,६०१।४२ आन्तरिक राजस्व खातामा रु.५,४२,४१०।८८ र बाँडफाँटबाट प्राप्त राजस्व खातामा रु.१०,२५,७३५।३० मौज्दात रहेकोमा सो रकमहरु रकम २०८२।३।३२ भन्दा पछिल्लो मितिमा मात्र स्थानीय सञ्चित कोषमा स्थानान्तरण गरेको देखियो । गाउँपालिकाले तोकिएको समयमा खर्च तथा राजस्व खाताको रकम सञ्चित कोषमा स्थानान्तरण हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

९ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा गाउँपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साबिक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । गाउँपालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी गाउँपालिकाको वास्तविक सम्पत्तिको अभिलेख पेश हुनुपर्दछ ।

१० **अनुदान फिर्ता-**

विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका

सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु.२,४३,९३,४२७।८४ संघीय सञ्चित कोषमा २०८२।३।३२ मा फिर्ता गरेको छ । त्यस्तै प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु.२५,६९,७५८।०० प्रदेश सञ्चित कोषमा मिति २०८२।३।३२ मा फिर्ता गरेको छ ।

११ **बजेट पेश, पारित र अख्तियारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यगाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको उपाध्यक्षले २०८१।०३।१० मा रु.३९ करोड ६४ लाख ७९ हजारको बजेट सभामा पेश गरेकोमा २०८१।०३।२७ मा पारित भई गाउँपालिकाको अध्यक्षले २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१२ **बजेट सीमा निर्धारण समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा, मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । गाउँपालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिँदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

१४ **सभाद्वारा कार्यक्रम संशोधन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कार्यपालिकाले कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । तर सभाले स्वीकृत कार्यक्रम संशोधन गर्ने व्यवस्था भएको देखिँदैन । गाउँपालिकाले आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रु.१ करोड २७ लाख ३९ हजार बराबरको ४३ योजना तथा कार्यक्रमलाई घटाई हिउँदे सभाबाट ५३ योजना तथा कार्यक्रममा रु. १ करोड ६१ लाख २८ हजार बढाई संशोधन गरेको छ । उक्त घटाएको बढाएको रकम शुरु बजेटको तुलनामा ७.२८ प्रतिशत हुन जान्छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी सभाले स्वीकृत गरेको बजेट पुन: संशोधन गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

(रु. हजारमा)

| सि.नं. | विवरण | योजना संख्या | घटाएको | बढाएको | जम्मा संशोधन रकम |
|---|---|---|---|---|---|
| १ | स्वीकृत कार्यक्रमबाट घटाएको | ४३ | १२७३९ | - | १२७३९ |
| २ | स्वीकृत कार्यक्रमबाट बढाएको | ५३ | - | १६१२८ | १६१२८ |
| जम्मा संशोधन | | | | | २८८६७ |
| शुरु बजेट | | | | | ३९६४७९ |
| **शुरु बजेटको प्रतिशत** | | | | | **७.२८** |

१५ **योजना प्राथमिकीकरण-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र गाउँपालिकास्तरका कुल १५५ योजनामा रु.५ करोड ७ लाख ७ हजार विनियोजन गरेको छ ।

| **विवरण** | **योजना संख्या** | **कुल योजनामा प्रतिशत** | **विनियोजित रकम (रु. हजारमा)** | **विनियोजित प्रतिशत** |
|---|---|---|---|---|
| १ लाख भन्दा कम | १५ | ९.६८ | ८६० | १.७० |
| १ लाख देखी ५ लाख सम्म | ११६ | ७४.८४ | २६०३७ | ५१.३५ |
| ५ लाख देखी १० लाख सम्म | १४ | ९.०३ | ७८७० | १५.५२ |
| १० लाख देखि ५० लाख सम्म | ६ | ३.८७ | १२४०० | २४.४५ |
| ५० लाख भन्दा माथी | ४ | २.५८ | ३५४० | ६.९८ |
| **जम्मा** | १५५ | १०० | ५०७०७ | १०० |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले संख्यात्मक हिसाबले १० लाख वा सो भन्दा बढी घटीका १४५ (९३.५५%) योजनामा ६८.५९ प्रतिशत बजेट विनियोजन गरी अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको तोकिएको गुणस्तर हासिल नहुने गरेको देखिन्छ । तसर्थ गाउँपालिकाले पुँजी निर्माण हुने, रोजगारी सिर्जना हुने वस्तुनिष्ठ तवरबाट योजना प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट तथा खर्चको स्थिती-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | कुल खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५७००४१४.०० | ३१८५५९७६.०० | ९.११ |
| २ | सामाजिक विकास | २१३७७४६४५.०० | १९०५६१६५०.०६ | ५४.५१ |
| ३ | पूर्वाधार विकास | ६३६९५०७३.०० | ५०२८०४१८.६६ | १४.३८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८७०९१७६.०० | ६६४४८७३.०० | १.९० |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७४६००००००.०० | ७०२२९४०२.५५ | २०.०९ |
| | जम्मा | ३९६४७९३०८.०० | ३४९५७२३२०.२७ | १०० |

उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५४.५१ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबैभन्दा घटीमा १.९० प्रतिशत रहेको छ । गाउँपालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१७ **अबण्डा बजेट-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले वडागत रुपमा संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रु.१७ लाख अबण्डा बजेट व्यवस्था गरी पटके निर्णयबाट विभिन्न ५ योजना तथा कार्यक्रममा रकम बाँडफाँट गरेर रु.१६ लाख १५ हजार ७ सय ४६ खर्च गरेको छ । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक गाउँपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँट गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१८ **त्रैमासिक पुँजिगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| पुँजीगत खर्चतर्फ | | ९२६५४ | ४६३२ | ९२६५ | १७८९८ | ६०८५९ | ५२५४० |
| प्रतिशत | | १०० | ४.९९ | १० | १९.३२ | ६५.६९ | ५६.७१ |

गाउँपालिकाले रु.९ करोड २६ लाख ५४ हजार पुँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु.४६ लाख ३२ हजार (४.९९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९२ लाख ६५ हजार (१० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड ९८ लाख ८० हजार (१९.३२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६ करोड ८ लाख ५९ हजार (६५.६९ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु.५ करोड २५ लाख ४० हजार (५६.७१ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **खर्च विश्लेषण-**

गाउँपालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.३९ लाख २ हजार, गत आर्थिक वर्षको मौज्दात रु.१ करोड ९८ लाख ८० हजार, राजस्व बाँडफाँटबाट रु.६ करोड ८६ लाख ७२ हजार र अनुदानबाट रु.२९ करोड ९३ लाख ३२ हजार समेत रु.३८ करोड ७८ लाख ८४ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२५ करोड ६९ लाख १८ हजार र पुँजिगत तर्फ रु.९ करोड २६ लाख ५४ हजार समेत रु.३४ करोड ९५ लाख ७२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१२ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँट मात्रको रकम रु.३६ करोड ८० लाख ४ हजार मध्ये ६९.८१ प्रतिशत चालु र २५.१८ प्रतिशतमात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । गाउँपालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रु. ६४ लाख २२ हजार, कर्मचारी पारिश्रमिकमा रु. १ करोड ९५ लाख , करार कर्मचारी पारिश्रमिकमा रु. १ करोड १५ लाख, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रु. ७० लाख १२ हजार, गाउँपालिका अन्तर्गतका शिक्षकको तलब भत्तामा रु. १९ लाख २० हजार समेत रु. ४ करोड ६३ लाख ५४ हजार तलब भत्ता तथा पारिश्रमिकमा मात्र खर्च गरेको स्थिती छ जुन आन्तरिक आयबाट प्राप्त रकमको ११.८८ गुणा रहेको छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२० **खर्च वर्गीकरण**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै वडाको कार्यालय संचालन खर्च शीर्षकमा प्रति वडा रु. ५ लाखका दरले रु. ४५ लाख बजेट विनियोजन गरी सबै रकम रु.४४,९९,८८३/- खर्च गरेकोमा खर्च रकम एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार प्रविष्टि भए गरेको पाइएन । नमुना छनौट गरी वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ गाउँपालिकाले बजेट विनियोजन, खर्च गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

२१ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको देखिएन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• गाउँपालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकीकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।

**खरिद व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्नसक्ने व्यवस्था रहेकोमा सो अनुसार गाउँपालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने उल्लेख रहेकोमा गाउँपालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग गरेकोमा कार्यगाउँपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पूर्ण रुपमा लागु गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको बेहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन गरेको देखिएन,

• गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

**शिक्षातर्फ**

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन ।

**विविध तर्फ**

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विज्ञापन नियमन गर्ने ऐन,२०७६ र नियमावली, २०८० मा भएको व्यवस्था पालना गरी सूचना प्रकाशन गरेको देखिएन,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट कार्यक्रम, उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फस्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) बमोजिम सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

**इन्धन तथा मर्मत खर्चतर्फ**

• म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालनको आंशिक लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

उक्त सम्बन्धमा छलफल गर्दा आगामी दिनमा क्रमश सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली लागु गरिने पालिकाले जनाएको छ। गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित बेहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

२२ **जिन्सी व्यवस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९१, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको बेहोराहरु निम्नानुसार छन् :

• गाउँपालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेकोले जिन्सीको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । साथै PAMS V1 बाट PAMS V2 मा सबै डाटा माइग्रेट भएको अवस्था छैन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• गाउँपालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• गाउँपालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वस्त हुने आधार रहेको नदेखिएकोले यसमा गाउँपालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताब (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सो ढाँचामा जग्गाधनि पूर्जा प्राप्त भए नभएको बेहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाएको नदेखिएकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेता पनि यस गाउँपालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले गाउँपालिकामा रहेका सबै सम्पत्ति तथा जिन्सीको मूल्याङ्कन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

• जिन्सी सामानको मूल्याङ्कन गरी काम नलाग्ने र विक्री नहुने सामानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर बिक्री हुन सक्ने सामानहरु समयमै आवश्यक कारवाही गरी लिलाम बिक्री गर्ने व्यवस्था गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्षभरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औंल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म Logistic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

२३ **जिन्सी मौज्दात नसारेको-**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने उल्लेख छ । त्यसैगरी सोही नियमावलीको नियम ९५(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमखले जिम्मा लिनु पर्ने उल्लेख छ । विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको र आ.व. २०८१/०८२ बाट PAMS version 2 (PAMS V2) लागु गरिएकोमा PAMS version 1 मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको जिन्सी सामाग्रिको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन । यसबाट अनुसूचिमा उल्लेख भएका आइटमको रु. ४,९५,९७३।– को खर्च भएर जाने जिन्सी मौज्दात र ३ आइटमको खर्च भएर नजाने जिन्सी सामान नयाँ प्रणाली (PAMS V2 ) मा जिम्मेवारी सारेको देखिएन । महालेखा नियन्त्रक कार्यालयले एक प्रणालीबाट अर्को प्रणालीमा अध्यावधिक गर्दा सम्पूर्ण तथ्याङ्क माइग्रेट नभएको कारण उक्त जिम्मेवारी सार्न छुट भएको देखिएको र कार्यालयले समेत म्यानुअल प्रविष्टि गरी जिम्मेवारी सारेको देखिएन । यसबाट जिन्सी सामान हिनामिना वा दुरुपयोग हुन सक्ने जोखिम भएकोले उक्त जिन्सी सामानको जिन्सी प्रणालीमा प्रविष्टि गरेको प्रमाण पेस हुन पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,९७३ |

२४ **जिन्सी दाखिला** (१६१/2082-03-02):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२२९,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२५ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । ऐनमा उल्लिखित व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

पालिकाले आन्तरिक लेखापरीक्षकबाट अन्तरसरकारी अख्तियारी बाहेकको अर्धवार्षिक रुपमा मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । साथै पालिकाले २०८१।८२ का आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै फस्यौट गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म फस्यौट नभएकोले सोलाई समेत यसै प्रतिवेदन तयार गर्दा यकिन गरी कायम भएका बेहोरा समावेश गरिएको छ । पालिकाले आन्तरिक लेखापरीक्षणमा औँल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै असुल फस्यौट गर्नुपर्दछ । साथै पालिकाले कानूनको व्यवस्था बमोजिम अन्तर सरकारी अख्तियारीतर्फको लेखाको समेत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण गराउने तर्फध्यान दिनुपर्दछ ।

२६ **सेवा प्रवाह-**

गाउँपालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मुख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । गाउँपालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ व्यक्तिगत घटना दर्ता ९०९, नागरिकता सिफारिस ३८३, घरवाटो सिफारिस ३०, नाता प्रमाणित १८४, र अन्य २६२७ लगायतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । कार्यालयले उल्लिखित विवरण अनुरुप म.ले.प. फाराम भिडान हुने गरी अभिलेख व्यवस्थापन गरेको देखिएन । गाउँपालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारमको व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.सं. | सेवा प्रवाहको विवरण | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ३८३ |
| २ | घरबाटो सिफारिस | ३० |
| ३ | नाता प्रमाणित | १८४ |
| ४ | जन्म दर्ता | ४५१ |
| | मृत्यु दर्ता | १९१ |
| ५ | बसाईंसराई | ५२ |
| ६ | सम्बन्ध विच्छेद | १२ |
| ७ | विवाह दर्ता | २०३ |
| ८ | अन्य सिफारिस | २६२७ |
| **जम्मा** | | **४१३३** |

२७ **स्वमूल्याङ्कन (LISA)नतिजा-**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा २(ज) बमोजिम दफा ३(१) मा उल्लेखित विषय क्षेत्रमा भएको उपलब्धि र उपलब्धि हासिल गर्न अवलम्बन गरीएको प्रक्रियालाई स्वमूल्याङ्कन नतिजा भनिन्छ । यसै कार्यविधिको ३(१) मा विभिन्न १० वटा स्वमूल्याङ्कनका विषय क्षेत्रहरु तोकिएका छन् । त्यसैगरी दफा ४(१) मा स्वमूल्याङ्कन गर्ने प्रक्रिया तोकिएको र दफा ६ बमोजिम उक्त स्वमूल्याङ्कन प्रत्येक आर्थिक बर्षको पौष मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले २०८०।८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनतर्फ ७९.५० अंक प्राप्त गरेको छ। उक्त नतिजा गत आर्थिक वर्षको प्राप्ताङ्क ६१.५० भन्दा १८ अंकले बढी भएबाट गाउँपालिकाको कार्यक्षमतामा उल्लेखनीय सुधार भएको देखिन्छ। उक्त LISA मा निम्नानुसार तोकिएका विषय क्षेत्रहरुमध्ये सहकार्य र समन्वय, वातावरण संरक्षण तथा विपद व्यवस्थापनतर्फ तुलनात्मक रुपमा घटी अंक प्राप्त गरेको देखिन्छ । गाउँपालिकाले आफ्नो कार्यसम्पादनमा सुधार गरी उच्चतम अंक हासिल गरी वित्तीय हस्तान्तरणतर्फ थप बजेट प्राप्त गर्न थप आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | |
|---|---|---|---|---|
| | | | ०७९।८० | ०८०।८१ |
| १ | शासकीय प्रबन्ध | ९ | ७.५ | ९ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.२५ | ८ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ | ८.५० |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ८.५ | ९.७५ |
| ५ | सेवा प्रवाह | १६ | १२.७५ | १२.५० |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | ७.५ | ९.५० |
| ८ | सामाजिक समावेशिकरण | १० | ४ | ८.५० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ३ | ४.७५ |
| १० | सहकार्य र समन्वय | ६ | ०.५ | २ |
| **कुल** | | **१००** | **६१.५०** | **७९.५०** |

२८ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ वटा विवाद र यो वर्ष दर्ता भएका ६ विवाद गरी कुल ८ वटा विवादमध्ये ५ वटा फर्स्यौट भएको र ३ वटा विवाद फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२९ **कानुन निर्माण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ४१ वटा ऐन, १३ वटा नियमावली, ३९ वटा कार्यविधि, ७ वटा निर्देशिका, १ वटा नीति र ३ वटा नर्म्स लगायत १०४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । गाउँपालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानुनहरु निर्माण गरी सभा र गाउँ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नीति | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा रहेका कानुन कार्यविधि निर्देशिका एवं नर्म्सको संख्या | ४१ | १३ | ३९ | ७ | १ | ३ | १०४ |

३० **कानुन तर्जुमाको आधार र दायित्व सिर्जना-**

पालिकाले कुनै पनि कानुन निर्माण गर्न संविधानको अधिकार क्षेत्र, नियमावली निर्माण गर्न कानुनको अधिकार क्षेत्र, निर्देशिका वा मापदण्ड निर्माण गर्न ऐन वा नियमावलीको अधिकार क्षेत्र अन्तर्गत रहेर मात्र तर्जुमा गर्न सकिन्छ। यस पालिकाले तर्जुमा गरेका विभिन्न १०४ वटा कानुन तथा नीति मध्ये ऐन गाउँसभाबाट नियमावलीहरू तथा कार्यविधिहरूतर्फ आंशिक गाउँसभा र अधिकांश कार्यपालिकाबाट निर्देशिका, मापदण्ड र नीति कार्यपालिकाबाट प्रत्यायोजित विधायन अन्तर्गत तर्जुमा गरिएकोमा स्पष्ट कानुनी आधार बेगर समेत निर्माण भएका कानुनको अवस्था अनुसूचिमा उल्लेख गरिएको छ। तर्जुमा भएका कानुनमध्ये कोशी प्रदेशले तर्जुमा गरेको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा १५४ बमोजिम नियमावली तर्जुमा नगरी लिखु गाउँपालिका कर्मचारीहरूको तहवृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गर्दा तह वृद्धि भएको पद नाम के हो भन्ने स्पष्ट हुन सकेको देखिएन । त्यसैगरी पालिकालाई थप दायित्व पर्ने विषयमा सभाबाट नै ऐन/कानुन पारित गर्नुपर्नेमा कार्यपालिकाले नै थप दायित्व पर्ने कानुन/निर्देशिका/कार्यविधि तर्जुमा गरेको देखियो। उदाहरणका लागि उपाध्यक्षसँग गर्भवती सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ पारित गरी गर्भवतीलाई घ्यु, चना, साबुन, झोला लगायतका सामग्री प्रदान गर्ने नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा गरी नवजात शिशुलाई बैंक खातामा रु. ५०००।- प्रदान गर्ने, मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा गरी प्रति मृत्यु संस्कारमा व्यक्ति रु. ५,०००।- प्रदान गर्ने र सो प्रदान गर्न जाँदा अन्य प्रशासनिक खर्च र भ्रमण खर्च समेत भुक्तानी गर्ने भएकाले थप दायित्व सिर्जना भएको देखिन्छ । उक्त कार्यविधि तर्जुमा गर्दा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ३ लाई आधारको रुपमा लिएकोमा सो ऐनमा उक्त सम्बन्धमा कार्यविधि बनाउन सक्ने स्पष्ट विषय उल्लेख रहेको देखिँदैन। अतः प्रत्यायोजित विधायन अन्तर्गत कानुन निर्माण गर्दा थप दायित्व सिर्जना हुने कानुन तर्जुमा गर्ने आधार नदेखिएकोले पालिकाले तर्जुमा गरी लागू गरेका कानुनलाई वैधता परीक्षण गर्ने र एकआपसमा अधिकारको श्रृङ्खला र निसृत अधिकारको क्रमबद्धता मिले नमिलेको परीक्षण र लेखाजोखा गरी आनावश्यक दायित्व पर्ने कानुन र कार्यविधि खारेज गरी त्यस्ता कानुन/कार्यविधि/निर्देशिकाद्वारा संचालित कार्यक्रममा हुने खर्च निरुत्साहित गरी मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३१ **सहकारी नियमन-**

नेपालको संविधानको अनुसूची-८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस गाउँपालिकाले सहकारी सम्बन्धी ऐन कानुन निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाट उपलब्ध विवरण अनुसार गाउँपालिकामा अनुसूचिमा संलग्न कुल १५ वटा सहकारी संस्था दर्ता भएकोमा १२ वटा सहकारी संस्था एकीकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्ध भएको पाइयो । जसमध्ये कुनै पनि सहकारीले समष्टिगत विवरण भरेको पाइएन । गाउँपालिकामा ११ वटा सहकारी संस्थाले लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको र अन्य ४ वटा निष्क्रिय सहकारीले लेखापरीक्षण गराएका छैनन् । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको वर्तमान अवस्थामा आएको कार्यसञ्चालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्देश्यप्रति प्रतिवद्ध गराउन गाउँपालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **वार्षिक खरिद योजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९ करोड ५३ लाख ८८ हजार पुँजिगत खर्च/खरिद कार्य गरेको छ । गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम

वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३३ **खरिद कारवाही अभिलेख-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३४ **आर्थिक सहायता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष गाउँपालिकाले उद्धार राहत तथा पुनर्स्थापन खर्च शीर्षकमा रु. ५ लाख विनियोजन गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ५,००,०००/- आर्थिक सहायता वितरण गरेको छ, जुन गाउँपालिकाको कुल आन्तरिक आय रु. ३९ लाख २ हजार को १२.८१ प्रतिशत हुन आउँछ । गाउँपालिकाले आर्थिक सहायता वितरण सम्बन्धी कुनै मापदण्ड नबनाई अध्यक्षको तोकआदेश बमोजिम आर्थिक सहायता वितरण गरेको छ । गाउँपालिकाले आर्थिक सहायता वितरणको स्पष्ट कार्यविधि तयार गरी तथा आर्थिक सहायता प्राप्त गर्नेहरुको नामावली सार्वजनिक प्रकाशन गरी आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **खर्चको प्रकृति-**

स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नुपर्दछ।गाउँपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रीत भई योजना कार्यान्वयन गर्नुपर्नेमा कार्यविधि वेगर ग्यास, टनेल जस्ता सामाग्रीहरु वितरण गर्ने र तिज कार्यक्रम जस्ता चालु प्रकृतिका कार्यक्रम संचालन गर्ने गरेको देखियो जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिदैन।यसर्थ पालिकाले यो वर्ष बजेट विनियोजन गरेतापनि स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरी गरेको निम्नबमोजिमको कार्यक्रममा खर्च गरेको उपलब्धिमूलक देखिदैँन ।

| **भौ नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| ३१४।२०८२।३।६ | महिला समूहको अध्यक्ष विन्दा पौडेललाई तिज कार्यक्रम वापत भुक्तानी | १०००० |
| ३६०।२०८२।३।१८ | ग्यास खरिद लिखु २ कार्यक्रमबाट ३६ थान ग्यास खरिद | ७०००० |
| ४२७।२०८२।३।२४ | कृषि साझेदारी कार्यक्रमबाट ६८ जनालाई टनेल वितरण | १९९९९२ |
| ३४।२०८१।६।१८ | कमला श्रेष्ठलाई तिज कार्यक्रम संचालन वापत भुक्तानी | ६८०१५ |
| १०१।२०८१।९।१६ | विभिन्न वडामा तिज कार्यक्रमवापत को भुक्तानी | ७२००० |
| ४३६।२०८२।३।२४ | नर्मदेश्वर महोत्सवमा खेलकुद संचालन गरेवापत | १५०००० |
| ८१।२०८१।८।२८ | वालाचर्तुदशी महोत्सवमा भलिवल प्रतियोगिता आयोजना वापत जनजागरण युवाक्लवलाई भुक्तानी | १५०००० |
| १५९।२०८१।११।२६ | सास्कृतिक महोत्सव संचालन गरेवापत नर्मदेश्वर महादेवलाई भुक्तानी | ३००००० |
| | जम्मा रकम | १०,२०,००० |

३६ **विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा गाउँपालिकाले कुल रु. ११,९९,९८३।०० खर्च गरेको छ । त्यस अतिरिक्त गाउँपालिकाले सभा सञ्चालनमा रु. ६ लाख बजेट विनियोजन गरी रु. २,६९,४६०।०० खर्च लेखेको छ । गाउँपालिकाले विविध खर्च अन्तर्गत खाना खाजाको खर्च लेख्दा के कुन कार्यक्रमा, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले गाउँपालिकाको विविध खर्चको यर्थाथता परीक्षण गर्न सकिएन । उक्त विविध खर्च र सभा सञ्चालन खर्च रु.१४,६९,४४३/- गाउँपालिकाको कुल आन्तरिक आय रु.३९ लाख १ हजार को ३७.६७ प्रतिशत हुन आउँछ। गाउँपालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधिभित्र रही खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

३७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधी सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५८ जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, इन्जिनियर, सहायक पाँचौँ लगायत विभिन्न ३३ पदहरु रिक्त रहेका छन् । रिक्त पद मध्ये गाउँपालिकाले ईन्जिनियर, सब ईन्जिनियर, कृषि सहायक तथा पशु सहायक जस्ता पदहरुमा १६ जना कर्मचारीहरु करारमा पदपूर्ति गरेको छ भने नेत्र सहायक, मेडिकल अधिकृत, ल्याब टेक्निसियन, कार्यालय सहयोगि तथा ह स चा साथै बिभिन्न कार्यक्रम करार सहित ४९ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३८ **करार कर्मचारी व्यवस्थापन-**

३८.१ **करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यबस्था रहेको छ । गाउँपालिकाको करार कर्मचारी पारिश्रमिकमा मात्र रु. १ करोड १५ लाख खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रु. ३९ लाख २ हजार को २.९५ गुणा रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत गाउँपालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम गाउँपालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले अस्पताल संचालनका लागि माथि उल्लेखित पद बाहेक मेडिकल अधिकृत १, ल्याब टेक्निसियन १, नेत्र सहायक १ गरी ३ जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता बापत रु.१२,७१,८८९/- भुक्तानी गरेको छ । पालिकाले अस्पतालका लागि यथाशिघ्र दरबन्दी स्वीकृत गराई कर्मचारी व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८.२ **ज्यालादारीमा कर्मचारी :** कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३(३) अनुसार गाँउपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले पालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १/१ जना कर्मचारीलाई निजि सचिवको रुपमा राख्न सक्ने उल्लेख छ । पालिकाको आन्तरिक आम्दानी रु.३९ लाख २ हजार मात्र भएकोमा पालिका उपाध्यक्षको क्वाटरमा कार्यरत लक्ष्मी खत्रीलाई मासिक रु.१५,०००।०० दिने गरी नियुक्ति गरी वर्षभर रु.१,८०,०००।०० भुक्तानी गरेको देखिन्छ । साथै पालिकाले डोर

हाजिरीमा कर्ण बहादुर कार्की तथा सुमित्रा ढुंगेललाई कार्यालयको काम गरेको भनी श्रावण देखि असारसम्म दैनिक ८८०.०० का दरले यस वर्ष रु.५,३२,११२।०० समेत रु ७,१२,११२।०० खर्च गरेको देखिन्छ । पालिकाले कानुन अनुसार पदाधिकारी सुविधामा नभएको अवस्थामा उपाध्यक्षको क्वाटरमा भान्से नियुक्ति गरेको र प्रयोजन बेगर डोर हाजिरीमा नियुक्ती गरी खर्च लेखेको नियमित देखिदैन ।

| सि.नं. | नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| १ | लक्ष्मी खत्री | उपाध्यक्षको क्वाटरमा भान्से | १८०००० |
| २ | कर्ण बहादुर कार्की<br>सुमित्रा ढुंगेल | ज्यालादारी / कार्यालय | ५३२११२ |
| | | जम्मा भुक्तानी | ७१२११२ |

| | |
|---|---|
| अनियमित भएको | ७,१२,११२ |

३९ **करार कर्मचारीलाई महंगी भत्ता-**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । त्यसैगरी कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १४४ (३) मा अस्थायी तथा करारका कर्मचारीले निजामती कर्मचारीले पाए सरहको पोशाक भत्ता, चाडपर्व खर्च र महंगी भत्ता पाउनेछन भनी उल्लेख गरिएको छ । गाउँपालिकाले ऐनको सो व्यवस्थालाई आधारमानी २०८१ श्रावण महिना देखी असारसम्म लागु हुने गरी करारतर्फका कर्मचारीहरुलाई महंगी भत्ता बापत यस वर्ष रु. ९,५२,०००/- खर्च भुक्तानी गरेको छ । संघ तथा प्रदेश कानुनमा भएको व्यवस्थामा एकरुपता नदेखिएकोले एकरुपता कायम हुनुपर्दछ ।

४० **पेस्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानुन बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेस्की बाँकी देखिएको छ । उक्त पेस्की नियमानुसार बमोजिम फर्स्यौट हुनुपर्दछ ।

| **गो.भौ.नं.** | **पेस्की लिएको मिति** | **पेस्कीकोविवरण** | **पेस्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **पेस्की** | |
|---|---|---|---|---|---|
| | | | | **म्याद ननाघेको** | **म्याद नाघेको** |
| ११० | २०८२।१।२२ | प्रमुख प्रशासकीय भवन निर्माण | आरोन विल्डर्स | ३८००००० | |
| २६ | २०८२।३।२४ | झोलुङ्गे पुल निर्माण | देविटार ट्रष्ट पुल निर्माण उ.स. | ४०९४०५ | |
| **जम्मा** | | | | ४२०९४०५ | |

४१ **एम्बुलेन्स तथा व्याक हो- लोडर सञ्चालन कोष**

पालिकाले एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि,२०७६ पारित गरी १ वटा एम्बुलेन्स सेवा सञ्चालन गरेको छ । उक्त कार्यविधिको दफा ८ मा एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापन गरी सेवा शुल्कबाट प्राप्त रकम, संघीय सरकार प्रदेश सरकार तथा पालिकाबाट एम्बुलेन्स संचालन गर्न प्राप्त रकम तथा अन्य दातृ निकायहरुबाट प्राप्त हुने अनुदान उक्त कोषमा जम्मा गरीने र जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मत सम्भार, इन्धन, चालकलाई तलब भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाले सो बमोजिमको छुट्टै कोषको व्यवस्था नगरी एम्बुलेन्स तथा व्याक हो- लोडर सम्बन्धि सम्पूर्ण खर्च तथा आम्दानी पालिकाको आन्तरिक

आय खाताबाट संचालन गर्ने गरेको छ । पालिकाको बा. ०१ प्र.००२ झ ६५३७ नं को एम्बुलेन्स चालक श्री अनोज काफ्लेले यस वर्ष कति रसिद ठेलि बुझेको सो मध्ये आर्थिक वर्षको अन्त्यमा कति ठेली बाकी रहेको समेतको अभिलेख देखिएन ।एम्बुलेन्सका चालकले यस आ. व. मा असार मसान्तमा रु.१,५०,००० दाखिला गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा च्यात्तिएका र भिजेका अवस्थामा नगदी रसिदको अर्धकट्टी पेश गरेको ले रकम यकिन गर्न नसकिने र आम्दानीको व्यवस्थित दैनिक तथा मासिक हिसाब नराखेकोले उक्त रसिदबाट कति आम्दानी प्राप्त भयो र सो मध्ये कति दाखिला भयो भन्ने सम्बन्धमा यकिन हुन सकेन । राजश्व समयमा दाखिला नगर्ने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई एम्बुलेन्सको आय सम्बन्धमा छानविन गरी सोको प्रतिवेदन पेश गर्नुपर्दछ ।



लेखापरीक्षणको क्रममा पेश भएको एम्बुलेन्सका भिजेका, च्यातियका र रकम यकिन गर्न नसकिने रसिदहरु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४१.१ | एम्बुलेन्स चालक श्री अनोज काफ्ले | १५०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४२ **आय अनुमान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा पेस गरेको विवरण अनुसार यो वर्ष रु.६६ लाख ६५ हजार आन्तरिक आय प्राप्त हुने अनुमान गरेकोमा रु.३९ लाख २ हजार आन्तरिक आय आम्दानी भएको छ । जुन अनुमानको तुलनामा ५१.०४ प्रतिशत रहेकोले गाउँपालिकाको आय अनुमान यथार्थ परक भएको देखिएन । गाउँपालिकाले आयको अन्य स्रोत समेतको पहिचान गरी आय अनुमान यर्थाथपरक बनाउने तथा आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | ७००००० | ३३११८९ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ९००००० | ४८२२८७ |
| ३ | ११३१७ | वहाल कर | १५३२७४ | ९७५१८ |
| ४ | ११३१८ | वहाल विटौरी कर | १६८४९ | ३६०० |
| ५ | ११४७९ | अन्य मनोरञ्जन कर | १०००० | ० |
| ६ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | १४९७३४ | ४२६२४ |
| ७ | ११६९१ | अन्य कर | २०५००० | ६७६९६६ |
| ८ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | ० | ३००० |
| ९ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०००००० | २००० |
| १० | १४१९१ | पर्यटन शुल्क | १०००० | ० |
| ११ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ७३९.२५ |
| १२ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४००००० | २१४५ |
| १३ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ७५५ |
| १४ | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | ० | १५१७९७ |
| १५ | १४२२१ | न्यायिक दस्तूर | ५०००० | २४५० |
| १६ | १४२२४ | परीक्षा शुल्क | १००००० | ९२००० |
| १७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३६०० | ३०५५३.५ |
| १८ | १४२४१ | पार्किङ्ग शुल्क | ३०००० | ० |
| १९ | १४२४२ | नक्सापास दस्तुर | ५०००० | ० |
| २० | १४२४३ | सिफारिश दस्तुर | ६५८००० | ६९४२६० |
| २१ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ११८३६८ | २२४३५० |
| २२ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३२१५६ | ३८६०० |
| २३ | १४२४९ | अन्य दस्तुर | २३६९८० | २११५२० |
| २४ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६००००० | १५३१५० |
| २५ | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ५००० | ० |
| २६ | १४२६५ | अन्य क्षेत्रको आय | ० | २४५०० |
| २७ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ० | १५५२६ |
| २८ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३६२१५ | ६६० |
| २९ | १४५२९ | अन्य राजस्व | ० | ९८७५ |
| ३० | १४६११ | व्यवसाय कर | ४००००० | २६०७४० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १५१११ | बेरूजू | ८००००० | ३४८९०० |
| **जम्मा** | | | **६६६५१७६** | **३९०१७०४** |

४३ **राजस्व दाखिला-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **५८,८१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६६,२१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०३,१०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६२,२६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **सामुदायिक वन-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम गाउँपालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी गाउँपालिकामा पेस गरेको तथा वन पैदावारको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत गाउँपालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम गाउँपालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

४५ **नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोत-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई ठेक्का व्यवस्थापन गरेको पाइएन। गाउँपालिका भित्रका उपभोक्ता समितिले ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको प्रयोग गरेकोमा व्यक्ति तथा निर्माण व्यवसायीबाट खरिद गरेको विल तथा भरपाई पेस गरेकोले उक्त स्रोत निःशुल्क प्रयोग भएको अवस्था देखिन्छ । अतः गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४६ **तलबी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | गाउँपालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फका ४९ कर्मचारीहरुको रु.२,५५,३२,४५०/- र गाउँपालिका चालूतर्फ स्थायी कर्मचारीहरुको रु. ४,८३,८५,०४८/- समेत रु. ७,३९,१७,४९८/- तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुनसक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले ग्रेड वापत भएको भुक्तानी रकम यकिन गर्न सकिएन ।

४७ **कर्मचारी अतिरिक्त भत्ता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सन्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने उल्लेख रहेको छ भने दफा ८६(२) मा उपदफा १ को अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । सो बमोजिम फिल्ड भत्ता एवं अतिरिक्त भत्ता भुक्तानी गर्दा पालिकाले कार्यविधि बनाई वास्तविक कामको आधारमा आन्तरिक आय समेतलाई मध्यनजर गरी अतिरिक्त भत्ता उपलब्ध गराउनुपर्दछ । पालिकाले मिति २०८०।५।१७ गतेको पहिलो कार्यपालिका बैठकको निर्णय नं ५ मा नियमित फिल्ड गएर आयोजना कार्यान्वयनको काम गर्ने पूर्वाधार विकास शाखा, कृषि शाखा तथा पशुपन्छी शाखाका प्राविधिक कर्मचारीहरुलाई मासिक हिसाबले फिल्ड भत्ता उपलब्ध गराउने निर्णय अनुसार पालिकाले गो. भौ. नं. ६-२०८१।१०।९(संघीय पुँजिगत) बाट ८ जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु.२,२२,९७३/- गो. भौ. नं. ३५-२०८१।१०।९(गा. पा. पुँजिगत) बाट ९ जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु. ३,११,७२२/- तथा गो. भौ. नं.३७९-२०८२।३।२०(गा. पा. चालु) बाट १० जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु २,२७,६४०/- तथा गो. भौ. नं. ४१८-२०८२।३।२४(गा. पा. चालु) बाट ३ जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु ७६,०००/-, मिति २०८२।१।२५ को ११ औं कार्यपालिका बैठकबाट कामको चाप बढी हुने हुँदा ३ जना प्रशासनिक कर्मचारीलाई खाईपाई आएको आधारभुत तलब बराबर २ महिनाको रकम भत्ता प्रदान गर्ने निर्णय गरी गो. भौ. नं. ३०६।२०८२।३।२ बाट पारिश्रमिक कर्मचारी शीर्षकतर्फ रु २,४४,२१६।- भुक्तानी गरी पालिकाले विभिन्न भौचरबाट फिल्ड तथा प्रोत्साहन भत्ताबापत रु.१०,८२,५५१/- खर्च लेखेको छ । जुन आन्तरिक आय रु.३९,०१,७०३।८४ को २७.७५ प्रतिशत हुन आउँछ । अत: पालिकाले प्रोत्साहन भत्ता सम्बन्धी स्पष्ट कार्यविधि जारी नगरी अतिरिक्त समय काम गरेको अभिलेख समेत नराखी आन्तरिक आयको २७.७५ प्रतिशत रकम कार्यपालिकाको निर्णयबाट अतिरिक्त भत्तामा गरेको खर्च नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १०,८२,५५१ |

४८ **पदाधिकारी अनुगमन खर्च-**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) अनुसार मासिक सुविधा वापत पालिका अध्यक्षले रु. १०,०००।- उपाध्यक्षले रु. १०,०००।-, वडाध्यक्षले रु.४,०००।- र कार्यपालिका सदस्यले रु.२,०००।- स्थानीय तहमा अनुगमन गरे बापत अनुगमन भत्ता पाउने व्यवस्था रहेको छ । अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा ऐनको व्यवस्था बमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन समावेश नगरी अध्यक्ष, उपाध्यक्ष, ९ वडाअध्यक्ष र ६ कार्यपालिका सदस्य समेत १७ जनालाई अनुगमन भत्ता रु. ८,१६,०००।०० भुक्तानी गरेको छ । ऐनको पालना नगर्नु यसको कारण हो ।अनुगमन प्रतिवेदन वेगर योजनाको प्रभावकारी अनुगमन भएको भनी यकिन हुन सकिदैन । ऐनमा भएको व्यवस्था पालना नगरी अनुगमन खर्च लेखेको रकम नियमसम्मत देखिदैन ।

| | |
|---|---|
| अनियमित भएको | ८,१६,००० |

४९ **शिक्षकको तलब भत्ता-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र, २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखी नै अन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका विद्यालयका शिक्षकलाई रु ९,९४,५०० तलब भत्ता भुक्तानी गरेको देखियो । यसबाट ऐनको व्यवस्था पालना भएको नदेखिएकाले उक्त भुक्तानी नियमित देखिंदैन ।

| | |
|---|---|
| अनियमित भएको | ९,९४,५०० |

५० **भ्रमण खर्च-** (९७-2081-12-17):

कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०८१।८।२८ देखि २०८१।९।४ गतेसम्म र २०८१।११।२२ देखि २८ गतेसम्मको भ्रमण आदेशको आधारमा पेश भएको भ्रमण बिलबमोजिम प्रशासकीय अधिकृत बबलि मेहतालाई रु.२०,०००/- दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा रु.३०,०००/- भुक्तानी गरेको देखियो । उक्त बढी भुक्तानी भएको दैनिक भ्रमण भत्ता रकम रु.१०,०००/- निजबाट असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

**५१ बिल भरपाई निर्णय तथा प्रमाण वेगरको भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाएका क्रियाकलापसँग सम्बन्धित बिल, विजक, भरपाई तथा प्रमाण संलग्न नगरी भुक्तानी गरेको देखियो । कानुनको पालना नहुनु यसको कारण हो । प्रमाण बेगरको खर्चले आर्थिक कारोवारको सहि र यथार्थ चित्रण गर्न सक्दैन ।तसर्थ निम्नानुसारको खर्च रु. १२,५८,९७७।- को प्रमाण तथा पुष्ट्याई पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असूल हुनुपर्दछ ।

| गो. भौ. नं मिति | बजेट शीर्षक | क्रियाकलाप | कुल खर्च | कैफियत | प्रमाण वेगरको भुक्तानी |
|---|---|---|---|---|---|
| ३२७। २०८२।३। ११ | स्वास्थ्य संस्था सहायता अनुदान | विभिन्न ९ स्वास्थ्य चौकीहरुलाई भुक्तानी<br>आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५- रु.४५,०००/-<br>आधारभूत स्वास्थ्य सेवा केन्द्र साउने चौतारा - रु.४५,000/-<br>स्वास्थ्य चौकी गाम्नाटार - रु.६००००/-<br>स्वास्थ्य चौकी पोकली - रु.६००००/-<br>स्वास्थ्य चौकी टारकेराबारी - रु.२००००/-<br>स्वास्थ्य चौकी यसम - रु.१०००००/-<br>आधारभूत स्वास्थ्य केन्द्र हुलाकचौर - रु.२००००/-<br>स्वास्थ्य चौकी नर्मदेश्वर - रु.५००००/-<br>स्वास्थ्य चौकी सिंहदेवी - रु.५००००/- | ४५०००० | बिल विजक तथा भरपाई पेश नभएको | ४५०००० |
| ३३६। २०८२।३। १४ | वडा कार्यालय संचालन खर्च | वडा सचिव गणेश बहादुर शाहीलाई वडा संचालन खर्च भुक्तानी | १९३१९३ | ईन्धन बापत भुक्तानी भएको रकमको बिल भरपाई नभएको | २५५५० |
| ३३७। २०८२।३। १४ | विपद उद्दार व्यवस्थापन खर्च | विपद व्यवस्थापन समिति संयोजक टिका बहादुर क्याप्छाकीलाई भुक्तानी | १०००० | ईन्धन बापत भुक्तानी भएको रकम रु. ५,४३०।- को बिल नभएको तथा अनुगमनको विविध खर्च वापत भुक्तानी भएको रकम रु४५७०।- को अनुगमनको विवरण तथा प्रतिवेदन नभएको | १०००० |
| ९९।२०८१। ९।१२ | महिला स्वास्थ्य स्वंयसेविका दिवस | विभिन्न सामाग्री खरिद वापत भुक्तानी | २००००० | मिसन केयर ट्रेडलिंकबाट ८२ थान झोला खरिद वापत रु.१,६३,९९९।-भुक्तानी भएकोमा जिन्सी दाखिला तथा वितरणको भरपाई नभएको | १६३९९९ |
| २२५। २०८२।१। १० | ईन्धन कार्यालय प्रयोजन | ईन्धन खर्चवापत सोमनाथ बास्तोलालाई भुक्तानी भएको | १५००० | विलभरपाई संलग्न नभएको | १५००० |
| १०।२०८१। ११। १९(प्रदेश सरकार चालु) | अपांगता रोकथाम तथा पूर्नस्थापना कार्यक्रम | कार्यक्रम संचालन वापत रचना मैनालीलाई भुक्तानी | २९४५० | विलभरपाई नभएको | २९४५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९।२०८२।३।२७ | अपांगता रोकथाम तथा पूर्नस्थापना कार्यक्रम | मिलिजुली समुहको मासिक बैठक खर्च वापत भुक्तानी | ६०१५० | विल भरपाई पेश नभएको | ५३४४० |
| २१।२०८२।३।१७ | अपांगता रोकथाम तथा पूर्नस्थापना कार्यक्रम | भौचर पेश नभएको | | | ४२०४६० |
| | जम्मा रकम | | | | ११,६७,८९९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२४,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६६,५२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ११,६७,८९९ |
|---|---|

५२ **बढी भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाएका क्रियाकलापसँग सम्बन्धित बिल, विजक, भरपाई तथा संलग्न प्रमाण भन्दा बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

| गो. भौ. नं. मिति | बजेट शीर्षक | क्रियाकलाप | लागत | कैफियत | प्रमाण बेगरको भुक्तानी |
|---|---|---|---|---|---|
| २४८। २०८२। २।१ | स्थानीय पदाधीकारीहरुलाई क्षमता अभिवृद्धी तालिम | पदाधिकारी तथा वडा सचिवहरुलाई वायोम्याट्रिक डिभाईस सम्बन्धी १ दिने तालिम | ५७५०० | कार्यक्रममा सहभागी, प्रशिक्षक तथा कुनै पनि भूमिकामा नभएका कर्मचारी उमेश कुमार खत्रीलाई रु.५०००।- भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने | ५००० |
| ३९६। २०८२। ३।२२ | वडा कार्यालय संचालन | वडा नं. ९ का वडा संचालन वापतको रकम पप्पुकुमार यादवलाई भुक्तानी | ६३०६० | बिल विजक भन्दा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने | ११६८९ |
| ४००। २०८२। ३।२२ | स्काउट तालिम | स्थानीय स्काउट कार्यालय लिखुका संयोजक सुशिल घिमीरेलाई २ दिने कार्यक्रम वापत भुक्तानी | ३६२००० | बिल विजक भन्दा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने | १५००० |
| | जम्मा रकम | | | | ३१,६८९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३१,६८९ |
|---|---|

५३ **गाडीभाडा सम्झौता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-५** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५४ **कार्यक्रम तथा कार्यपालिकाको निर्णय बेगर परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २९(१) बमोजिम सार्वजनिक निकायमा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा आवश्यकता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले परामर्श सेवाको खरिद कार्यक्रम तथा कार्यपालिकाको निर्णय बेगर समपुरक कोषको रकम प्रतिस्पर्धा नगराई प्रशासकीय भवनको विड डकुमेन्ट तयारी लगायतका काम गर्नका लागि लागत अनुमान वेगर सोझै खरिद गरी रु१,१५,००० भुक्तानी गर्नेगरी ईन्जिनियर श्री मधुसुधन श्रेष्ठसंग सम्झौता गरी भौचर नं २६०-२०८२।२।७ बाट खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजि निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। यस्तो कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार नगरेको साथै पालिकामा स्थायी तथा करार गरी ३ जना प्राविधिक कर्मचारी रहेता पनि पालिकाको जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा कार्यरत जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । लागत अनुमान स्वीकृति वेगर व्यक्तिसँग सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । कार्यक्रम तथा कार्यपालिका निर्णय तथा लागत अनुमान बेगर समपुरक कोषबाट व्यक्तिगत परामर्शमा खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १,१५,००० |

५५ **बैठक भत्ता**

विभिन्न समितिको बैठक बापत भुक्तानी गरिएको बैठक भत्ता सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन् ।

५५.१ **नियमित समितिको भत्ता :** अर्थ मन्त्रालयको कार्यसंचलान निर्देशिका, २०८१ को परिच्छेद ७ बुँदा नं ४५ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था रहेको साथै कानुनद्वारा गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्न मिल्ने व्यवस्था छ भने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३३ मा प्रचलित कानून बमोजिम वा लेखा उत्तरदायित्व अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय भन्दा अघि वा पछि बैठक बस्नु परेमा मात्र नियमानुसार बैठक भत्ता दिन सकिने व्यवस्था छ। पालिकाले कार्यालयको कर्मचारीमात्र समावेश भएको निम्न बमोजिमको जिन्सी मालसमान खरिद गर्न बनेको मूल्यांकन समिति तथा सोझै खरिद मूल्याकंन समिति जस्ता कार्यालयको नियमित कार्यसंग सम्बन्धित विषयहरुमा मूल्यांकन समितिको बैठक बसी बैठक भत्ता बापत पालिकाका कर्मचारीलाई निम्नानुसारको रकम भुक्तानी दिएको देखिएकोले निर्देशिका विपरित भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ ।

| गो.भौ.नं.३३८-२०८२।३।१४बाटविभिन्न समयमा बसेको शाखा प्रमुख तथा कर्मचारीको बैठक वापतको भत्ता रकम | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **नाम थर** | **बैठक संख्या** | **दर** | **कुल रकम** | **कर कट्टि** | **खुद रकम** |
| १ | कमल जिरेल | ६ | १००० | ६००० | ९०० | ५१०० |
| २ | उमेशकुमार खत्री | ९ | १००० | ९००० | १३५० | ७६५० |
| **जम्मा** | | | | | | **१२७५०** |
| गो.भौ.नं. ४०२-२०८२।३।२३बाट कार्यालयको विभिन्न नियमित खरिदमा बसेको खरिद समितिको बैठक बापतको भत्ता रकम | | | | | | |
| १ | कमल जिरेल | विभिन्न मितिको बैठकहरु | | | | ३५०० |
| ३ | राम कुमार बुढाथोकी | | | | | ५१०० |
| ४ | टिका बहादुरक्याप्छाकी मगर | | | | | २५५० |
| ५ | पशुपति सुनुवार | | | | | ३४०० |
| **जम्मा** | | | | | | **१४५५०** |

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,३०० |

५५.२ **आमन्त्रितलाई भत्ता :** अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०८१ को बुदाँ नं. ४५(६) मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना सम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्ने सकिने विषयविज्ञ बाहेक अन्य आमन्त्रितलाई बैठक भत्ता भुक्तान गर्न नहुने ब्यवस्था रहेकोमा पालिकाले गो भौ नं ३४०।२०८२।३।१४ बाट १७ औं र १८ औं गाउँसभाको बैठकमा ४८ जना पदाधिकारी र १ जना सभा सचिवबाहेक देहायका कर्मचारीलाई आमन्त्रितको रुममा भत्ता वितरण भएको हुँदा तोकेको निर्देशिका विपरित बैठक भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **बैठक संख्या** | **दर** | **कुल रकम** | **खुद भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | सचिवालय सदस्य | डा.दिक्षा पाठक | १ | १००० | १००० | ८५० |
| २ | सचिवालय सदस्य | उमेशकुमार खत्री | २ | १००० | २००० | १७०० |
| ३ | सचिवालय सदस्य | कमल जिरेल | २ | १००० | २००० | १७०० |
| **जम्मा** | | | | | | **४२५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

५५.३ **दोहोरो भत्ता:**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **छुट्टै अस्तित्व भएका निकायलाई भुक्तानी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित व्यवस्था अनुसार पालिकाले छुट्टै बजेट ब्यवस्था भएको कार्यालयहरुलाई भुक्तानी गर्न मिल्ने देखिदैन ।यो वर्ष देहायअनुसारका कार्यालयलाई कार्यालय व्यवस्थापन लगायतका क्रियाकलापहरुमा भुक्तानी भएको रकम रु. ९,९०,९०५ नियमसम्मत देखिदैन ।

| गो. भौ .नं. ।मिति | कार्यालय | बेहोरा | रकम |
|---|---|---|---|
| ४५३।२०८२।३।२५ | जिल्ला अदालत ओखलढुंगा | अदालतको नवनिर्मित भवन उद्घाटनमा भएको विविध खर्च रकम सहयोग | ७५००० |
| १९।२०८१।६।१६ | यसम प्रहरी चौकी लिखु ४ | घरभाडा रकम | ७९९२० |
| १७९।२०८२।३।१७ | यसम प्रहरी चौकी लिखु ४ | अस्थाई ट्रस्ट निर्माण | ७७६००० |
| ४४।२०८१।७।११ | यसम प्रहरी चौकी लिखु | मौलो पुजा गर्न बोका खरिद गरे वापत भुक्तानी | ४०००० |
| | प्रहरी चौकी गाम्नाङटारा | | |
| ४९।२०८१।८।१० | सशस्त्र प्रहरी बल सुरक्षा बेस घोराखोरी | मौलोपुजाको खर्च रकम भुक्तानी | १९९८५ |
| | जम्मा रकम | | ९,९०,९०५।०० |

| अनियमित भएको | ९,९०,९०५ |
|---|---|

### ५७ जरिवाना भुक्तानी-

कोशी प्रदेश, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धि निर्देशिका, २०७९ मा विभिन्न सेवा शुल्क तथा महशुल तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमका सवारी साधनको नवीकरण तथा विद्युत महशुल भुक्तानी गर्दा थप जरीवाना समेत भुक्तानी गरेकोमा सोको कारण स्पष्ट गरी सम्बन्धित जिम्मेवार कर्मचारीलाई जवाफदेही बनाएको देखिएन । बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी जरिवाना भुक्तानी गरेको नियमसम्मत देखिएन ।

| गो भौ नं र मिति | विलम्ब शुल्क | कैफियत |
|---|---|---|
| ३६१।२०८२।३।१८ | २६०० | सवारीसाधन नवीकरण |
| ४२।२०८१।७।१० | १३०८९ | नेपाल विद्युत प्राधिकरण |
| ८६।२०८१।९।२ | २७७०० | सवारीसाधन नवीकरण |
| जम्मा रकम | ४३३८९ | |

| अनियमित भएको | ४३,३८९ |
|---|---|

### ५८ गाडी भाडा-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरूको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम (३) मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेशन र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरूलाई विचार पुर्‍याउनुपर्ने उल्लेख छ। तर पालिकाले कार्यालय प्रयोजन तथा विभिन्न कार्यक्रमहरुकालागि भाडामा गाडी प्रयोग गर्दा सम्झौता नगरीकन, प्रयोजन नखुलाई, ब्लुबुकको फोटोकपी र निवेदन पेश गरेको आधारमा भुक्तानी दिएको देखिन्छ । पालिकाले आ व २०८१। ८२ मा सवारी साधन तथा मेशिनरी औजार भाडा शीर्षकबाट रु. ५,००,०००/- तथा लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा

विभिन्न कार्यक्रमहरुमा निम्न बमोजिम विभिन्न भौचरहरुबाट रु.१,९०,०००/- गाडीभाडा वापत खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरेको पाइयो । यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम नियमित देखिएन ।

| गो. भौ. नं र मिति | खर्च शीर्षक | गाडी भाडा वापत भुक्तानी भएको रकम रु | कैफियत |
|---|---|---|---|
| २३६। २०८१। १।२४ | पाठेघर र ब्रेस्ट क्यान्सर स्कृनिङ कार्यक्रम | ५०,०००।- | स्वास्थ्यकर्मीहरुलाई विभिन्न वडामा ल्याउन लैजानका लागि |
| ४५६। २०८२। ३।२५ | होमस्टे होटल तालिम कार्यक्रम | ३०,०००।- | सहभागीहरुलाई अवलोकनमा लैजानका लागि |
| ४५८। २०८२। ३।३२ | सभा संचालन | ४०,०००।- | सभाका पदाधिकारीहरुलाई ल्याउन लैजानका लागि |
| २५४। २०८२। २।४ | पदाधिकारी भ्रमण | ७०,०००।- | प्रदेश सरकार मुख्यमन्त्रि तथामन्त्रिपरिषद्को कार्यालय,फैसला कार्यान्वियनईकाई कोशी प्रदेशबाट आयोजित न्यायिक समिति र सामूदायिक अभ्यास विषयक कार्यक्रममा सहभागी हुन धनकुटा गएको सन्दर्भमा सवारी धनि नविन घर्तिलाई बुझाएको भरपाईको आधारमा भुक्तानी |
| बिभिन्न | सवारी साधन तथा मेशिनरी औजार भाडा शीर्षकबाट खर्च | ५,००,०००।- | |
| | जम्मा | ६,९०,०००।०० | |

| | |
|---|---|
| अनियमित भएको | ६,९०,००० |

५९ **ग्यास खरिद कार्यक्रम वडा नं २-**

लिखु गाउँपालिकाको वार्ड नं.२ को वार्षिक कार्यक्रम अन्तर्गत रहेको ग्यास खरिद कार्यक्रम अन्तर्गत पालिकाले पालिका चालुतर्फ भौ नं ३६०-२०८२।३।१८ बाट ३६ थान ग्यास रिफिल गरे वापत रु. ७०,०००।- तथा पालिका पुँजिगततर्फ भौ नं २२६-२०८२।३।२३ बाट ३२ थान ग्यास रिफिल बापत रु. ६०,०००।- भुक्तानी गरेको छ, उक्त ग्यास सिलिण्डर कसले, कहिले र कसरी प्रयोग गर्ने तथा कति वटा प्रयोग भई कति परिमाण बाँकी रहेको छ भन्ने सन्दर्भमा कुनै अभिलेख रहेको देखिएन। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ दफा २८ मा प्रचलित कानुन बमोजिम प्राप्त भएको अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्नेमा स्थानीय आवश्यकता, जनाताको माग र पालिकाको आन्तरिक आय समेतको विश्लेषण नगरी ग्याँस खरिद गरी रू. १,३०,०००।- भुक्तानी गरेको छ । पालिकालाई अनुदानमा प्राप्त हुने बजेटबाट कार्यविधि वेगर वितरणमुखी खर्च गरेको नियमित देखिदैन ।

| | |
|---|---|
| अनियमित भएको | १,३०,००० |

६० **कर्मचारी मार्फत भुक्तानी-**

पालिकाले इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली लागु भएपश्चात पनि विभिन्न समानहरु खरिद भएका फर्म तथा पार्टीहरुलाई सिधै भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो ।लागु गरिएको प्रणालीको अनुसरण नगर्नु यसको कारण हो । व्यक्तिगत रुपमा भुक्तानी गर्दा उद्वेश्य अनुरुपको खर्च नहुन सक्ने, व्यक्तिगत प्रयोजनमा खर्च हुन सक्ने जोखिम रहने भएकोले यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन्:

| गो भौ नं मिति | कामको विवरण | भुक्तानी पाउने कर्मचारी | रकम |
|---|---|---|---|
| २९४-०८२।२।२९ | न्यायीक सम्बन्धी अन्तरमावि स्तरिय वक्तृत्वकला | विष्णु रिजाल | १२७५४० |
| २९५-०८२।२।२९ | मेलमिलापकर्तालाई अभिमुखीकरण तालिम | विष्णु रिजाल | ६७५५० |
| ३११-०८२।३।६ | दलित शसक्तिकरण कार्यक्रम | कमला श्रेष्ठ | १०८५०० |
| ३१३-०८२।२।६ | उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रमको सामाग्री ढुवानी | कमला श्रेष्ठ | ४८००० |
| ३३०-०८२।३।१२ | शैक्षिक पात्रो निर्माण | रचना मैनाली | ५०००० |
| ३५०-०८२।३।१७ | पालिका स्तरीय कक्षा ८ को परिक्षा संचालन | रचना मैनाली | ४५०००० |
| | | जम्मा रकम | ८५१५९० |

६१ **स्थानीय पाठ्यपुस्तक प्रकाशन तथा वितरण** (३६८-2082-03-19):

पालिकाले कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम छपाई बापत ॐ मजदुर अफसेट प्रेसलाई रु.९८,३४२।०० भुक्तानी गरेको देखिन्छ ।पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक तयार गरी सो अनुसार विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्दछ ।पालिकाले ७०० थान पाठ्यपुस्तक छपाई गरेकोमा विभिन्न विद्यालयका २२ शिक्षकहरु न्यूनतम ७ थान देखि अधिकतम ८२ थान सम्म वितरण गरेको देखिन्छ। पालिकाको भनाई अनुसार सो पाठ्यक्रम शिक्षकहरु मार्फत विद्यार्थीहरुलाई समेत वितरण गरेको हो भन्ने रहेको छ । स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गरी वितरण गर्नुपर्नेमा पाठ्यक्रम मात्र छपाई गरी वितरण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

६२ **तालिम कार्यक्रम**

लिखु गाँउपालिका द्वारा यस आ व मा संचालित देहाएको सीपमुलक तालिम कार्यक्रमहरुमा सन्दर्भमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

६२.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरी प्रस्ताव माग गरी खरिद कार्य गर्नसक्ने व्यवस्था रहेको छ ।पालिकाले देहायबमोजिमका तालिम कार्यक्रमहरु संचालन गरेकोमा ती तालिमहरुको लागत अनुमान तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसारको लागत अनुमान तयार नगरी बजेटको आधारमा सम्झौता गरी तालिम कार्यक्रममा रु.२२,९५,४०४/- खर्च गरेको नियमसम्मत देखिएन ।

| गो भौ नं मिति | तालिमको नाम | तालिम संचालन मिति | सहभागी संख्या | संचालक | खर्च |
|---|---|---|---|---|---|
| ४२९।२०८२।३।२४ | कर्मचारीहरुलाई प्राविधिक तालिम | नखुल्ने | नखुल्ने | माई पोखरी ईन्जिनियरिङ | ३७५५०० |
| घरेलु तथा साना उद्योग तर्फ १।२०८२।३।२१ | लोकसेवा तयारी कक्षा | २०८२।२।१६ देखी ३।३० सम्म | ७० जना | विद्यागम क्लासेस | ९९६६६० |
| | ऊनी कपडा बुन्ने तथा धुप बनाउने तालिम | २०८२।२।२५ देखी ३।८ | १२ जना<br>१७ जना | नारायणी ट्रेडिङ | ४९७२४५ |
| ४।२०८२।३।४ | कप्प्यूटर तालिम | २०८२।२।१७ देखि ३।१५ सम्म | | ४ वटा विद्यालयको कम्प्यूटर शिक्षकहरु | ४२५९९९ |
| | | | जम्मा रकम | | २२९५४०४ |

| अनियमित भएको | २२,९५,४०४ |
|---|---|

६२.२ **तालिमको प्रभावकारीता :** प्रशिक्षार्थीका छनौटको निश्चित प्रकिया र मापदण्ड अपनाएर वडा कार्यालयहरुको सिफारिस बमोजिम समावेशिमुलक सहभागिता गराउनुपर्नेमा पालिकाद्धारा संचालित तालिमहरुमा छनौटको निश्चित प्रक्रिया तथा आधार वेगर सहभागि गराएको देखिन्छ । पालिकाले आफूले संचालन गरेका सीपमूलक तालिम कार्यक्रमबाट उपलब्ध रोजगारीको अवस्था, सीपमूलक तालिमबाट परेको सामाजिक, आर्थिक र व्यावसायिक प्रभाव तथा व्यक्तिगत वस्तुस्थिति समेत समेटेर तालिम प्रभाव मूल्याङ्कन गरेको देखिदैन । यसरी तालिमको आवश्यकता पहिचान गरी तोकिएको प्रशिक्षार्थीलाई सहभागी नगराई वडाद्वारा सिफारिश नभएका व्यक्तिहरुलाई सहभागि गराईएको तथा तालिमको प्रभाव मूल्यांकन समेत नगरिएको हुँदा तालिम आवश्यक भएको लक्षित वर्गले नै प्राप्त गरेको र तालिम प्रभावकारी भएको भनेर विश्वस्त हुन सकिएन । पालिकाले लक्षित वर्गको वास्तविक आवश्यकता पहिचान गरी, स्पष्ट मापदण्ड र पारदर्शी छनौट प्रक्रिया अपनाई प्रशिक्षार्थीको छनौट गरी तालिम संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६३ **प्रशिक्षक भत्ता-**

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ को ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी तथा सेमिनार सम्बन्धी मापदण्ड निर्धारण गरिएको छ। सो अनुसार नै तालिम कार्यक्रम संचालन गरी तालिम कार्यक्रमलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । पालिकाले विभिन्न तालिम कार्यक्रमहरुमा निर्देशिका भन्दा बढी दरमा निम्नानुसारको भुक्तानी गरेको देखियो । कार्यविधि तथा नर्म्सको पालना नहुनु यसको कारण हो । यसबाट पालिकालाई बढी व्ययभार पर्न गएको देखिन्छ । अत: नम्सभन्दा बढि भुक्तानी भएको देहायबमोजिमको रकम रु.१,३७,२४०।-असुल हुनुपर्नेदेखिन्छ ।

| गो. भौ. नं.।मिति | कार्यक्रम | खर्चको विवरण | निर्देशिका अनुसार भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी रकम (करबाहेक) |
|---|---|---|---|---|---|
| ३११। २०८२। ३।६ | दलित शसक्तिकरण कार्यक्रम | एक दिने कार्यक्रममा लागि प्रशिक्षक श्री फुन्दे विश्वकर्मालाई प्रति सेशनका दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्नेमा ७ दिनको दैनिक भ्रमण भत्ता उपलब्ध गराएको | ५६००(प्रतिशेसन १४०० का दरले ४ सेशनको) | १०००० (रु१६००।-का दरले ७ दिनको दै. भ्र. भ.) | ५२४० |
| ४५६। २०८२। ३।२५ | होमस्टे होटल तथा तालिम कार्यक्रम | प्रशिक्षक विकेश कुमार श्रेष्ठलाई रु.१४००/- का दरले दैनिक ४ को रु.५६००/- प्रतिदिन का हिसाबले ३० दिन सम्मको भुक्तानी दिएकोमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ मा७ दिन भन्दा बढीको सीप विकास सम्बन्धीतालिम आवधिक रुपमा संचालन गरी तालिमका लागि मुख्य प्रशिक्षकको प्रतिदिन रु ७००/- र सहायक प्रशिक्षकको प्रतिदिन रु.५००/- का दरले जम्मा प्रतिदिन रु.१२००/- भुक्तानी हुनसक्ने | ३६०००।०० (प्रतिदिन १२०० का दरले ३० दिनको) | १६८०००। ०० (प्रतिसेसन १४०० का दरले १२० सेसनको) | १३२००० |
| | | | जम्मा रकम | | १,३७,२४० |
| | | | | असुल गर्नुपर्ने | १,३७,२४० |

६४ **खेलकुद कार्यक्रम खर्च-**

**क)** पालिकाले आ व २०८१।८२ मा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न देहायअनुसार रु.११५००००/- भुक्तानी दिई खर्च गरेको छ ।

यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका बेहोराहरु देहायअनुसार छः

• पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन ।

• पालिकाले यस कार्यक्रममा भएको खर्चको भुक्तानी सम्बन्धित व्यक्ति तथा व्यवसायीको खातामा रकम भुक्तानी दिन मिल्ने कारोवारको समेत कर्मचारीले पेश गरेको टुक्रे विलको आधारमा कर्मचारीलाई रकम भुक्तानी दिएको पाईयो ।

• कार्यक्रममा प्रशिक्षक भत्ता, बैठक भत्ता, पत्रकार भत्ता, स्वयं सेवक भत्ता, स्वास्थ्यकर्मी भत्ता, खाना खाजा खर्च लगायत खर्चहरुको कुनै मापदण्ड पेश नभएको भुक्तानी भएको रकम अत्याधिक मात्रामा रहेको ।

• कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकीकरण गरेको देखिएन ।

• कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

पालिकाले यस प्रकारको कार्यक्रमको लागत अनुमान समेत नबनाई बजेट बराबरको सम्झौता गर्ने तथा खर्चलाई प्रमाणित गर्ने कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता यकिन हुन सकेन । साथै सांस्कृतिक कार्यक्रम जस्ता क्रियाकलाप संचालन गर्न उपभोक्ता समिति गठन भई कार्य गर्ने कानुनी व्यवस्था रहेको देखिदैन। पालिकाले यस प्रकृतिको खर्चलाई नियन्त्रण गर्न निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई खर्च मितव्ययी बनाउनुपर्दछ साथै लागत अनुमान स्वीकृति वेगरको खर्च र मापदण्ड नबनाई टुक्रे बिलका आधारमा भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ । अत: उल्लेखित कमजोरीहरु सुधार गरी यस्ता खर्चलाई निश्चित मापदण्डभित्र राखी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । लागत अनुमान वेगर टुक्रे बिलको आधारमा कानुनको रित नपुर्याई भुक्तानी गरेको नियमित देखिदैंन ।

| गो.भौ. नं. र मिति | खर्चको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३६२।२०८२।३।१८ | खेलकुद विकास कार्यक्रम लिखु ७ | खेलकुद विकास कार्यक्रम उपभोक्ता समिति | १५०००० |
| १०८।२०८१।१०।७ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | रचना मैनाली | ८००००० |
| १५४।२०८१।११।१९ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | रचना मैनाली | १००००० |
| २१५।२०८१।१२।२२ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | पोकल बहादुर मगर | १००००० |
| | जम्मा रकम | | ११,५०,०००।- |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५ **दोहोरो भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। संघीय सरकारबाट हस्तान्तरित बजेटबाट मिति २०८२।०३।२४ को गो.भौ.नं. १६४ बाट ग्रामोहदय युगकवि सिद्धिचरण मा.वि. लाई ईन्टरनेटको भुक्तानी बापत रु.१,८०,०००।- खर्च लेखेको छ भने सोहि शीर्षकमा गाउँपालिका चालुको गो.भौ.नं. ४२ मिति २०८१।०७।१० बाट रु.१,८०,०००।-खर्च लेखेको छ।भुक्तानी गर्ने जिम्मेवार व्यक्तिले प्रभावकारी चेकजाँच गरी भुक्तानी नगर्नु यसको कारण हो।यसबाट इन्टरनेट बापतको रकम दोहोरो भुक्तानी भई पालिकालाई बढी व्ययभार परेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाई दोहोरो भुक्तानी भएको रु.१,८०,०००।- असुल हुनुपर्दछ।

| क्र.सं. | मिति | गो.भौ.न. | विवरण | स्रोत | भुक्तानी पाउने | रकम | असुल गर्नुपर्नेरकम |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१।०७।१० | ४२ | ईन्टरनेटको रकमभुक्तानी | संघीय सरकारबाटहस्तान्तरण | ग्रमोदय युगकवि सिद्धिचरण मा.वि. | १,८०,००० | |
| २ | २०८१।०३।२४ | १७४ | ईन्टरनेटको रकमभुक्तानी | गाउँपालिका चालुबाट | ग्रमोदय युगकवि सिद्धिचरण मा.वि. | १,८०,००० | १,८०,००० |
| | **जम्मा** | | | | | **३,६०,०००** | **१,८०,०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०,००० |

६६ **जग्गा खरिद** (५६-2081-11-15):

कुनै पनि सार्वजनिक निकायले जग्गा प्राप्त गर्नका लागि जग्गा प्राप्ति ऐन, २०३४ ले तोकेको प्रकृया पूरा गर्नुपर्दछ । गाउँपालिका अन्तर्गतको बडडाँडा आधारभूत विद्यालयलाई आवश्यक जग्गा खरिद गर्नका लागि गाउँपालिकाले रु.५,००,०००/- अनुदान दिएको छ । गाउँ कार्यपालिकाको २०८१।१०।१४ को निर्णयले धनबहादुर खत्री नाममा रहेको कि.नं. ८१० क्षेत्रफल १-८-०-० जग्गा विद्यालयको नाममा सरकारी मूल्याङ्कन अनुसार पास गर्नका लागि मालपोत कार्यालय ओखलढुंगामा सिफारिस गर्ने निर्णय गरेको देखिन्छ । ऐनले

तोकेका प्रकृया पूरा नगरी न्यूनतम मूल्यांकन बमोजिमको मूल्यमा मिति २०८१।१०।२८ मा राजिनामा लिखत पारित गरी विद्यालयले उक्त जग्गा खरिद गरेको पाइयो । जग्गा प्राप्ति गर्दा क्षतिपुर्ती एवं मुआब्जा तोक्ने अधिकार ऐनको दफा १३ बमोजिम गठित समितिलाई मात्र हुने कानुनी व्यवस्था रहेकोमा विद्यालय व्यवस्थापन समितको निर्णयका आधारमा गाउँपालिकाले गाउँकार्यपालिकाको २०८१।१०।१४ को निर्णयानुसार श्री धनबहादुर खत्रीबाट ७६३.०६ वर्गमिटर जग्गा रु.९,००,०००/- खरिद गरेको देखियो । गाउँपालिकाले जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया पुरा नगरी जग्गा खरिद गरेको नियमित देखिदैन ।

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

६७ **फरक शीर्षकबाट खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (क) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेको बजेट खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले निम्न गोश्वारा भौचरबाट शीर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम रु. १६,९९,३४४ नियमसम्मत देखिदैन ।

| गो. भौ. नं./ मिति | खर्चको शीर्षक | खर्च लेखेको शीर्षक | रकम |
|---|---|---|---|
| २७३।२०८२।२।१९ | निर्मीत सार्वजनिक सम्पतीको मर्मत संभार | ईन्धन कार्यालय प्रयोजन | ६४२०४ |
| ३३१।२०८२।३।१२ | अन्य सामाजिक सुरक्षा | भ्रमण खर्च | ३३०० |
| ३५५।२०८२।३।१८ | पारिश्रमिक कर्मचारी | करार सेवा शुल्क | ९९८०२० |
| ३६९।२०८२।३।१९ | पारिश्रमिक कर्मचारी | करार सेवा शुल्क | १०५०७२ |
| ४०५।२०८२।३।२३ | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार | भ्रमण खर्च | ११८३५० |
| ४१०।२०८२।३।२३ | पारिश्रमिक पदाधिकारी | ईन्धन खर्च | २०२८९८ |
| ४४४।२०८२।३।२४ | महिला श्रमता विकास कार्यक्रम | सूचना प्रकाशन तथा कार्यालय सामाग्री खरिद | १७७८०० |
| | जम्मा रकम | | १६,९९,३४४ |

| | |
|---|---|
| अनियमित भएको | १६,९९,३४४ |

६८ **करकट्टी**

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार कर कट्टि गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :

६८.१ **भुक्तानीमा कर कट्टी :** पालिकाले देहायका भुक्तानी गरेकोमा नियमानुसार रु. ९८,८८८/- कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

| भौ नं. र मिति | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर (१५%) | भएको कट्टी | बाँकी कर कट्टी |
|---|---|---|---|---|---|---|
| २७५। २०८२। २।२० | नवजात शिशुहरुमा हुनसक्ने जन्मदोष पहिचान कार्यक्रममा सहभागिहरुलाई भत्ता उपलब्ध गराईएकोमा नियमानुसार कर कट्टी नभएको रकम भुक्तानी गर्नेबाट असुल गर्नुपर्ने | कमला श्रेष्ठ | ४०१५० | ६०२२ | ० | ६०२२ |
| ४००। २०८२। ३।२४ | कानुनीपरामर्शदाता लाई परामर्श सेवा वापत भुक्तानी गरेको रकममा नियमानुसार करकट्टी नगरेको | गुरु वस्नेत | १२०००० | १८००० | ०० | १८००० |
| | | दिल कुमार कार्की | १५०००० | २२५०० | ०० | २२५०० |
| | | सुदिप केसी | १५००० | २२५० | ०० | २२५० |
| ३३०। २०८२। ३।१२ | शैक्षिक क्याल्ण्डरको ड्राफ्ट तयारीमा सहभागीको भत्तामा कट्टी गर्नुपर्ने कर कम कट्टी भएको | पदम कुमार रोक्का र नारायण उप्रेत | १०००० | १५०० | १०० | १४०० |
| | | | | जम्मा रकम | | ५०१७२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१२,५५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **११,९५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१८,१३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,१७२ |

६८.२ **अतिरिक्त भत्तामा कर कट्टी :** पालिकाले देहाएका कर्मचारीहरुलाई अतिरिक्त भत्ता वापतको रकम भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी गरेको देखिन्छ । कर्मचारीहरुको वार्षिक आम्दानी गणना गरी करयोग्य आयबाट नियमानुसारको कर कट्टी गर्नुपर्नेमा सो बमोजिम गरेको देखिदैन । निम्न कर्मचारीहरुले अतिरिक्त भत्ता बापत प्राप्त गरको रकममा १५ प्रतिशतका दरले करकट्टी गरी सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

| गो भौ नं. र मिति | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर (१५%) | भएको कट्टी | बाँकी कर कट्टी |
|---|---|---|---|---|---|---|
| ३५।२०८१।१०।९<br>गा पा पुँजिगत | अतिरिक्त भत्ता वापत भुक्तानी भएको रकममा कट्टी गर्नुपर्ने कर कट्टी नगरेको | कमल जिरेल | ४७९९९ | ७२०० | ००० | ७२०० |
| | | सुशिला सापकोटा | १२४४७ | १८६७ | ००० | १८६७ |
| ६।२०८१।१०।९<br>संघीय पुँजिगत | अतिरिक्त भत्ता वापत भुक्तानी भएको रकममा कट्टी गर्नुपर्ने कर कट्टी नगरेको | अर्जुन कुमार आले | ३४१२५ | ५११९ | ००० | ५११९ |
| | | प्रकाश कुमार रावल | २५००० | ३७५० | ००० | ३७५० |
| | | शिवकुमार राई | ३१७३३ | ४७६० | ००० | ४७६० |
| ४१८।२०८२।३।२४ | अतिरिक्त भत्ता वापत भुक्तानी भएको रकममा कट्टी गर्नुपर्ने कर कट्टी नगरेको | कमल जिरेल | २०००० | ३००० | ००० | ३००० |
| | | | जम्मा रकम | | | २५,६९६ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४,४४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,७८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,८६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,७३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४,०४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,६७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५,६५५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,०३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,६५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४,५९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **५,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,६९६ |

६९ **औषधि व्यवस्थापन-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर विभिन्न भौचरहरुबाट रु.४०,८८,७७१।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको बेहोराहरु निम्नानुसार छन :

६९.१

**मौज्दात व्यवस्थापन :** यस कार्यfलयले औषधी खरिद गर्दा मूल जिन्सी अभिलेख पार्म्स (Public Assets Management System) मा खरिद गरेको सामानको अभिलेख प्रविष्ट गरे पश्चात पशु सेवा केन्द्रहरुलाई एकमुष्ट रुपमा निकासा गर्ने गरेको र निकासी गरेको सम्बन्धित केन्द्रको औषधीको सहायक जिन्सी खाता राखि OPD फाँटको मागको आधारमा निकासा गर्नुपर्नेमा यस्तो प्रणाली अवलम्वन गरेको देखिएन । केन्द्रले OPD फाँटको आधारमा सम्बन्धित ग्राहकलाई औषधी वितरण गर्ने र केस रजिस्टरमा मात्र चढाउने गरेको देखिएकोले औषधी वितरणमा नियन्त्रण भएको देखिएन । यसबाट औषधीको वितरणमा पारदर्शीता नहुनसक्ने, म्याद नाघेको औषधी वितरण हुनसक्ने जोखिम रहने देखिएकोले सहायक जिन्सी खाता राखि औषधी वितरणमा नियन्त्रण गर्नुपर्दछ । साथै कार्यालयले खरिद गरेको निम्नानुसारका औषधीको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम आपूर्ति पश्चातको परीक्षण (PDI) प्रतिवेदन पेश गरेको देखिएन।उक्त प्रतिवेदन पेश गरेर मात्र औषधी स्वीकार गर्ने व्यवस्था हुनुपर्दछ ।

| **भेटनरीतर्फ** | | | |
|---|---|---|---|
| गो.भौ.नं./मिति | विवरण | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम रु. |
| २०८१/९/१२ | औषधी खरिद | Gyan Ganga Group Pvt.Ltd. | ९,८४,६८७।- |
| भेटनरी तर्फको जम्मा | | | ९,८४,६८७।- |
| **स्वास्थ्यतर्फ** | | | |
| गो.भौ.नं./मिति | विवरण | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम रु. |
| ४४-२०८१/१०/१६ | औषधी खरिद | यति हिमालयन सर्जिमेड प्रा.लि. | ११,०४,३६७।- |
| ३८५-२०८२/३/२१ | औषधी खरिद | आयांश सर्जिमेड प्रा.लि. | १०,००,०००।- |
| स्वास्थ्य तर्फको जम्मा | | | २१,०४,३६७।- |
| **आर्युवेदतर्फ** | | | |
| गो.भौ.नं./मिति | विवरण | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम रु. |
| २२२।२०८२।१।६ | औधीखरिद | गौतम आयुर्वेद फर्मा | ६००००३।०० |
| ८३।२०८२।१।६ | औधीखरिद | गौतम आयुर्वेद फर्मा | ३९९७१४।०० |
| आयुर्वेद तर्फको जम्मा | | | ९९९७१७।०० |
| कुल जम्मा | | | ४०८८७७१।०० |

६९.२ **खरिद प्रक्रिया :** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुर्‍याई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबिच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य संगठनबाट पूर्वयोग्यता प्राप्त औषधि उत्पादक कम्पनीसंग डब्लु.एच्. ओ. र जि.एम.पी. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ तथा सार्वजनिक खरीद नियम ३, ५क र ९ मा भएको प्रक्रिया पुरा गरी खरीद गरेको देखिएन ।उक्त कानूनको पालना हुनुपर्दछ ।

६९.३

**नेपाल सरकारद्धारा निशुल्क वितरण गर्ने औषधी :** नेपाल सरकारले निशुल्क रुपमा वितरण गर्ने ९८ प्रकारका औषधीहरु रहेका छन्। लेखापरीक्षणको क्रममा २०८२।०५।५ मा पालिकाको मूल जिन्सी खाताको परीक्षण गर्दा तोकिएका नि:शुलक वितरण गर्नुपर्ने ९८ प्रकारका औषधीमध्ये निम्नबमोजिमका ६ प्रकारका औषधी उपलब्ध रहेको देखिएन ।तोकिएका सम्पूर्ण प्रकारका औषधीको उपलब्धता सुनिश्चित गर्नुपर्दछ ।

| S.N. | Name of Drugs | Forms | कैफियत/ कार्यालयको भनाई |
|---|---|---|---|
| 1 | Activated Charcoal Powder | Powder | केश नभेटिएको |
| 2 | Chloroquinine | Tab | बिरामी नभएको |
| 3 | MDT Combi Pack | Tab | बिरामी नभएको |
| 4 | Nifidipine | Tab | बजारमा नरहेको |
| 6 | Primaquinine | Tab | बिरामी नभएको |

६९.४ **निःशूल्क औषधीको छाप :** नेपाल सरकारबाट खरिद गरी निःशूल्क वितरण गरिने औषधीमा निःशूल्कको छाप लागेको हुनुपर्दछ । पालिकाले खरिद गरेको औषधीहरुको नमुना परीक्षण तथा मिति २०८२।४।३१मा स्थलगत अवलोकन गर्दा सो छाप लागेको पाइएन । जसबाट खरिद गरिएको औषधी दूरुपयोग हुन सक्ने देखिन्छ । तोकिए बमोजिमको निशुल्क वितरणको लोगो समेतको औषधि खरिद गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं. | औषधिको नाम | म्याद सकिने मिति | लोगोको अवस्था |
|---|---|---|---|
| १ | Tab.Aspirin | Apr-2026 | नरहेको |
| २ | Inj.Metoclopropamide | Jul-2026 | नरहेको |
| ३ | Inj.Magnesium Sulphate | Nov-2025 | नरहेको |
| ५ | Tab.Fluoxetine | Aug-2027 | नरहेको |
| ६ | Inj.Ceftriaxone | Sep-2026 | नरहेको |
| ७ | Inj.Frusemide | Jul-2026 | नरहेको |
| ८ | Tab.Risperidone | April-2026 | नरहेको |

७० **विद्यालय निकासा रजिष्टर-**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयलाई निकासा दिएको अनुदान भिडान हुने गरी विद्यालयगत रुपमा निकासा रजिष्टर राख्नुपर्दछ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्टर खाता राखी अनुदान निकासा दिने प्रणाली अवलम्वन गरिएको देखिएन।अनुदान रकम नियन्त्रण गर्न विद्यालयगत निकासा अभिलेख राख्नु पर्दछ ।

७१ **शिक्षक दरवन्दी र पदपूर्ति**

नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१४:५६ रहेको छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनपर्दछ । पालिकाले यस वर्ष आफ्नो मातहतका २२ वटा विद्यालयको तलवी प्रतिवेदन पारित गराई कुल शिक्षक पारिश्रमिकमा रु.८,४०,२६,६७५।६० खर्च गरेको छ । पालिका अन्तर्गत विभिन्न तहका २२ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी

पदपूर्तिको अवस्था एवं विद्यालयहरुको सङ्ख्या निम्न अनुसार रहेको छ । पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | दरवन्दी | करार | कार्यरत | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | श्री जनजीवन मा.वि. | १५ | ९ | १५ | ३१९ | १:२१.२६ |
| २ | श्री लेती मा.वि. | ८ | ४ | ८ | ९७ | १:१२.१२ |
| ३ | श्री जाल्पा मा.वि. | १५ | ८ | १५ | १४८ | १:९.८७ |
| ४ | श्री ग्रा.यु.सि. मा.वि. | २७ | १६ | २७ | ३८९ | १:१४.४१ |
| ५ | श्री यसम मा.वि. | १४ | ७ | १४ | २३१ | १:१६.५ |
| ६ | श्री भिमसेनस्थान मा.वि. | ११ | ३ | ११ | १२४ | १:११.२७ |
| ७ | श्री ज्ञानज्योति मा.वि. | १० | ६ | १० | १२१ | १:१२.१ |
| ८ | श्री च्युरी डाँडा मा.वि. | १० | ७ | १० | ८९ | १:८.९ |
| ९ | श्री पोखरी आ.वि. | ३ | ३ | ३ | १३८ | १:४६ |
| १० | श्री लाम्राङ आ.वि. | ३ | ० | ३ | ७५ | १:२५ |
| ११ | श्री ग्रामज्योति आ.वि. | ५ | ० | ५ | १०७ | १:२१.४ |
| १२ | श्री ग्रामोन्नति आ.वि. | ५ | १ | ५ | ६१ | १:१२.२ |
| १३ | श्री बड डाँडा आ.वि. | ६ | २ | ६ | ९४ | १:१५.६७ |
| १४ | श्री पटना आ.वि. | ३ | ३ | ३ | २३ | १:७.६७ |
| १५ | श्री कालिका आ.वि. | ३ | १ | ३ | २९ | १:९.६७ |
| १६ | श्री राम्चेग्रामविकास आ.वि. | ४ | १ | ४ | ८० | १:२० |
| १७ | श्री गणेश आ.वि. | २ | ० | २ | २७ | १:१३.५ |
| १८ | श्री सिद्धमनपुर देवी आ.वि. | २ | १ | २ | १४ | १:७ |
| १९ | श्री गोरखनाथ आ.वि. | २ | १ | २ | १७ | १:८.५ |
| २० | श्री मनकामना आ.वि. | २ | ० | २ | ३१ | १:१५.५ |
| २१ | श्री सेती देवी आ.वि. | २ | १ | २ | १४ | १:७ |
| २२ | श्री नर्मदेश्वर आ.वि. | २ | ० | २ | १५ | १:७.५ |
| **जम्मा** | | **१५४** | **७४** | **१५४** | **२२४३** | **१:१४.५६** |

७२ **बालविकास सहजकर्ता-**

प्रारम्भिक बालविकास सहजकर्ता सम्बन्धी निर्देशिका, २०६१ को दफा ८ अनुसार, बालविकास सहजकर्ताले दिनको चार घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जनासम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ । प्रत्येक सहजकर्तालाई संघीय सशर्ततर्फ प्रति महिना रु.१०,०००।- का दरले निकासा गरेको छ । पालिका अन्तर्गत देहायका विद्यालयहरुमा बालविकास सहजकर्ता तथा विद्यार्थी सङ्ख्या देहाय अनुसार रहेको छ।

| क्र.सं. | विद्यालयको नाम | बाल विकास सहजकर्ता संख्या | विद्यार्थी संख्या | १:२५ बमोजिम हुने बढी सहजकर्ता |
|---|---|---|---|---|
| १ | श्रीजन जीवन मा.वि. | २ | १३ | १ |
| २ | श्री लेती मा.वि. | १ | १४ | |
| ३ | श्री जाल्पा मा.वि. | २ | १६ | १ |
| ४ | श्री ग्रा.यु.सि. मा.वि. | १ | ३० | |
| ५ | श्री यसम मा.वि. | २ | ० | १ |
| ६ | श्री भिमसेनस्थान मा.वि. | १ | ५ | |
| ७ | श्री ज्ञानज्योति मा.वि. | ३ | १८ | २ |
| ८ | श्री च्युरी डाँडा मा.वि. | २ | १० | १ |
| ९ | श्री पोखरी आ.वि. | ० | १६ | |
| १० | श्री लाम्राङ आ.वि. | १ | ११ | |
| ११ | श्री ग्रामज्योति आ.वि. | २ | १७ | १ |
| १२ | श्री ग्रामोन्नति आ.वि. | १ | १२ | |
| १३ | श्री बड डाँडा आ.वि. | १ | १० | |
| १४ | श्री पटना आ.वि. | १ | ४ | |
| १५ | श्री कालिका आ.वि. | १ | ८ | |
| १६ | श्री राम्चेग्रामविकास आ.वि. | १ | २८ | |
| १७ | श्री गणेश आ.वि. | १ | ७ | |
| १८ | श्री सिद्धमनपुर देवी आ.वि. | १ | ४ | |
| १९ | श्री गोरखनाथ आ.वि. | १ | ६ | |
| २० | श्री मनकामना आ.वि. | १ | १० | |
| २१ | श्री सेती देवी आ.वि. | १ | ६ | |
| २२ | श्री नर्मदेश्वर आ.वि. | १ | ४ | |
| **जम्मा** | | **२८** | **२४९** | ७ |

निर्देशिका अनुसार एक कक्षामा २५ जनासम्म बालबालिका बराबर एक सहजकर्ता राख्नुपर्ने प्रावधान भए तापनि ६ विद्यालयहरूले यो मापदण्डको पालना नगरी २५ भन्दा कम विद्यार्थी भएका कक्षामा पनि एकभन्दा बढी अर्थात ३ जनासम्म बालविकास सहजकर्ताहरू नियुक्त गरेका छन्, जसका कारण कुल ७ जना बढी सहजकर्ताको प्रतिमहिना रु. १०,०००।- का दरले ८,४०,०००।- बढी व्यभार पर्न गई सरकारी खर्चमा अनावश्यक भार परेको छ । कतिपय विद्यालयहरूमा बालबालिका नभए पनि सहजकर्ताहरू राखिएका छन् र केही ठाउँमा विद्यार्थी संख्या न्यून हुँदा पनिबढी सहजकर्ताको व्यवस्थापन भएको

देखिन्छ । पालिकाले प्रारम्भिक बालविकास सहजकर्ताहरूको संख्या पुनरावलोकन गरी थप व्ययभार घटाउनुपर्दछ ।तोकिएको अनुपात भन्दा बढी बालविकास सहजकर्ता नियुक्त गरी बढि व्ययभार पारेको रु.८,४०,०००।– नियमित देखिदैन।

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७२.१ | लिखु गाउँपालिका शिक्षा शाखा | ८४०,००० |

| | |
|---|---|
| अनियमित भएको | ८,४०,००० |

## ७३ शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)-

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा उल्लेख भए अनुसार IEMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्कसँग सत्यापन (भिडान) गराई, शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोहि आधारमा विद्यालयहरुलाई छात्रवृत्ति (छात्रा तथा दलित १-५) प्रति विद्यार्थी रु. ४००।- का दरले, शैक्षिक सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५०।- का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २००।- का दरले, प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालनका लागि प्रति विद्यार्थी वार्षिक रु.२७५।- का दरले र दिवा खाजा बाल विकास कक्षा १ देखी कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्कसँग सत्यापन गराइएको स्पष्ट आधार देखिएन । यसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्या भन्दा बढी निकासा भएको छैन भन्न सकिने आधार भएन। IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्क सत्यापन गरी भिडान गरेर मात्र वास्तविक संख्या अनुसार निकासा व्यवस्थापन कार्यान्वयन गर्नुपर्दछ।

## ७४ विद्यालय अनुगमन-

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा सामुदायिक विद्यालयमा निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार पारेको पाइएन। पालिकाले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु.१,९१,०००।- निशुल्क पाठ्यपुस्तक बापत रु. १२,५५,४४६।९२ र बुक कर्नर व्यवस्थापनका लागि रु.१२,४०,५९५।- समेत गरी कुल रु.२६,८७,०४१।९१ निकासा दिएको छ । अनुदान रकम तोकिएको कार्यमा खर्च भएको दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्नेतर्फ पालिकाले निरन्तर अनुगमन र मूल्याङ्कन गर्नुपर्छ ।

## ७५ अपाङ्ग छात्रवृत्ति वितरण-

सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ती अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ४.२.२ मा IEMIS मा सत्यापन वेगर यथार्थ तथ्यांकसँग सत्यापन प्रमाणीत गरी सोका आधारमा छात्रवृत्ति रकम अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले सत्यापन वेगर १३ वटा विद्यालयका २७ जना विद्यार्थीहरुको अपाङ्ग छात्रवृत्ति वितरण गर्न रु.२७,०००।- निकासा गरेको छ ।IEMIS तथ्याङ्क सत्यापन नगरी छात्रवृत्ती वितरण गर्दा सम्बन्धित छात्र छात्राहरुलाई मात्र छात्रवृत्ती वितरण गरिएको भन्ने यकिन हुन सकेन। अतः IEMIS कव तथ्याङ्क सत्यापन गरेर मात्र छात्रवृत्ति वितरण गर्नुपर्दछ।

## ७६ दिवा खाजा-

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप २.७.११.१ अनुसार, स्थानीय तहहरूले विद्यालयलाई दिवा खाजा कार्यक्रमका लागि अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले दिवा खाजा सञ्चालन कार्यविधि, २०७७ अनुसार खाजा व्यवस्थापनको प्रक्रिया मिलाउनुपर्ने व्यवस्था छ । दिवा खाजा कार्यक्रमको प्रमुख उद्देश्य विद्यार्थीलाई स्वस्थ, पोषिलो र आकर्षक शैक्षिक वातावरण प्रदान गर्दै भर्ना, उपस्थिति र शैक्षिक उपलब्धी सुधार गर्नु हो । स्थानीय तहले खाजा उपलब्ध गराएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्याको यकिन भएपछि मात्र पालिकाले त्रैमासिक रुपमा अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिका

मातहतका १६ वटा विद्यालयलाई दिवा खाजा बापत रू.९,६७,९२४।- निकासा गरिएको छ । साथै पालिकाका निम्नानुसारका विद्यालयहरुले दिवा खाजा कार्यक्रम संचालन नर्गदा विद्यार्थीहरु कार्यक्रमको उद्देश्यबाट बञ्चित हुनु परेको देखिन्छ। तोकिएको दरमा दिवा खाजा संचालन गर्न नसकिने कारण जनाई यस पालिकाका ७ विद्यालयहरुमा दिवा खाजा कर्यक्रम संचालन गर्न नसकेको छलफलका क्रममा पालिकाले जनाएता पनि तोकिएको सशर्त कार्यक्रम संचालन गर्नु बजेट कार्यान्वयन गर्ने निकायको जिम्मेवारी हुने देखिन्छ। यस विषयमा सम्बन्धित निकाय तथा पालिकाको गम्भिर ध्यानाकर्षण हुन जरुरी देखिएको छ। बालबालिकालाई दिवा खाजा प्रदान गरी तोकिए बमोजिम कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

| **क्र.सं.** | **विद्यालयको नाम** | **ठेगाना** | **कारण** |
|---|---|---|---|
| १ | मनकामना आ.वि. | लिखु ८ | कार्यान्वयन पुस्तिकामा अल्लेख भएअनुसार प्रति विद्यार्थी लागत रु. १५ का दरले खुवाउन नसकिने भन्ने भनाई रहेको |
| २ | लेटी आ.वि. | लिखु ९ | |
| ३ | लाम्राङ आ.वि. | लिखु ९ | |
| ४ | जाल्पा मा.वि. | लिखु ८ | |
| ५ | राम्चे ग्रामविकासआ.वि. | लिखु ७ | |
| ६ | गणेश आ.वि. | लिखु ५ | |
| ७ | भिमसेनस्थानमा.वि. | लिखु ९ | |

७७ **प्राविधिक धार अनुदान-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५,०००।- का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रु.१०००।- का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । श्री ग्रामोदय युगकवि सिद्धिचरण मा.वि., गाम्नाङ्टारमा ५३ जनाको रु. १५,०००।- का दरले जम्मा रु. ७,७६,९४८।- निकासा गरेको छ । पालिकाले खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्बन्धित विद्यार्थीको बैंक खातामा रु.१०००।- का दरले उपलब्ध भए नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको पाइएन । पालिकाबाट निकासा दिएको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्चको सुनिश्चितता हुनुपर्दछ।

७८ **सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९ **स्यानिटरी प्याड-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद गरिएका प्राविधिक जिन्सी सामाग्रीको गुणस्तर समेत परिक्षण गर्नुपर्ने गरी आपूर्ति पश्चातको परीक्षण (PDI) गर्ने व्यवस्था छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ, साथै दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षलाई मध्यनजर गरी स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले एभरेष्ट हिमालयन मल्टीप्रपोज प्रा.लि सप्लायर्सबाट ८६४५ थान प्रति प्याकेट रु. ८७।८० का दरले स्यानिटरी प्याड रु. ७,५९,०३१।- (मू.अ. कर समेत) मा खरिद गरेकोमा खरिद नियमावली २०६४ को नियम ११५ बमोजिम आपूर्ती पश्चातको परिक्षण (PDI) समेत देखिएन । पालिकाले प्याड खरिद गर्दा गत विगतको खपतलाई आधार मानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्या शिक्षा शाखाबाट माग यकिन गरी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा, सो अनुसार खरिद गरेको पाइएन । IEMIS मा भएको विद्यार्थी संख्या अनुसार पालिकामा कक्षा ६-१२ सम्म ६६७ छात्रा अध्ययनरत रहेको पाइयो । पालिकाले स्यानिटरी प्याड खरिद गर्दा शिक्षा शाखाको माग बेगर वर्षान्तमा (मिति २०८२।०३।२०गते)खरिद गरी वितरण नगरी ७२ गोटा भण्डार शाखामा मौज्दात राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउन सक्ने हुँदा पालिकाले मौज्दात सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ । साथै माग संकलन बेगर खरिद गरेको स्यानिटरी प्याडहरु विद्यालयलाई हस्तान्तरण गरी खर्च सुनिश्चित हुनुपर्दछ ।

८० **शैक्षिक क्षेत्र अनुदान-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था बमोजिम यस वर्ष रु. ८,४०,२६,६७५।६० निकासा खर्च भएको छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शिक्षण सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।त्यसैगरी पालिकाले सोही कार्यक्रम अनुरुप यस वर्ष कक्षा ६-८ शिक्षण सहायता अनुदानमा रु.६,६५,५००।-,पोखरी शिक्षण सहायता अनुदानमा रु.२,४७,०००।- कोप्चे शिक्षण सहायता अनुदानमा रु.२,४७,०००।- र ज्ञानज्योती कम्प्युटर शिक्षक अनुदानमा रु.१,०१,०००।- निकासा खर्च लेखेको छ । पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९ तयार गरी लागु गरेको छ । पालिकाले सोही कार्यविधि बमोजिम देहायका ५ विद्यालयलाई शैक्षिक गुणस्तर वृद्धि अनुदानबापत राजस्व बाँडफाँड श्रोतबाट रु. ७,६६,५००।- खर्च लेखेको छ । प्रत्येक वर्ष यस प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धी तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन ।अनुदानको प्रभावकारी अनुगमन गरी गुणस्तरीय शैक्षिक कार्यक्रम संचालन गर्नुपर्दछ।

| क्र.स | विद्यालयको नाम | अनुदान निकासा रकम |
|---|---|---|
| १ | श्री पोखरी आधारभूत विद्यालय | १८०००० |
| २ | श्री लाम्राङ आधारभूत विद्यालय | १८०००० |
| ३ | श्री ग्रामज्योति आधारभूत विद्यालय | १८०००० |
| ४ | श्री वडडाँडा आधारभूत विद्यालय | १२५५०० |
| ५ | श्री ज्ञानज्योति माध्यमिक विद्यालय | १०१००० |
| | **जम्मा** | **७,६६,५००** |

८१ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

८१.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन :** स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुति गराउन एवं सामुदायिक पूर्वाधारको स्थानीय मार्फत नागरिकको जीवनयापन सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा २ (१ ) वमोजिम पालिकाले बेरोजगार तथ्यांक अध्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकताक्रम अनुसार कामका लागी रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०८१।८२ का लागि पालिकामा ३७९ जनाको मात्र सूचिकृत गरेकोले पूर्णरुपमा बेरोजगार तथ्यांक अध्यावधिक गरेको देखिएन । यस कार्यक्रम अन्तरगत स्थानीय तह भित्रका वडाहरुमा सडक तथा नाला निर्माण कार्य, सडक सोलिङ तथा गोरेटो बाटो निर्माण कार्य लगायतका ९ कार्यक्रमहरु संचालन गरी यस वर्ष ७० जनालाई ४९७० दिनको जनालाई रोजगारीतर्फ रु.३०,३९,६००।- र ४० जनालाई ५० दिनको दरले २,०००।- दिनको तालिमतर्फ रु.१३,६०,०००।- गरी संघीय आयोजनातर्फ रु.४३,९९,६००।- र पालिका साझेदारीतर्फ रु.६,००,०००।- थप गरी जम्मा रु.४९,९९,६००।- खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जना भएको देखिदैन। लक्षित वर्गमा दीर्घकालिन रोजगारी सिर्जना हुने, सीप हस्तान्तरण गर्न सकिने र दिगोपना हुने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८१.२ **प्रधानमन्त्री रोजगार कार्यक्रमको म्यानडेज भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । यस पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ निम्नानुसारका ८ योजनामा तोकिएको म्यानडेजको प्रति म्यानडेज रू.६८०।- का दरले ४७३७ दिनको रू.३२,२१,१८२।६१ मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्नेमा रू. ३२,८२,१००। भुक्तानी गरेकोले निम्नानुसार रू.६०,९१७।३९ बढी भुक्तानी गरेको देखियो। कार्यालयले सशर्त पूजीगत (संघीय) तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानीय तहबाट लागत साझेदारी गरी ढुंगा ढुवानी गरेकोमा प्राविधिक मूल्यांकन गर्दा क्वैरी साइटमा ढुङ्गाको झिकेको रकम मूल्यांकन गर्दा पालिका दररेट रु. १,५००।- ले गणना नगरी रु. २७२०।- ले गणना गरेको र उक्त ढुङ्गा ट्याक्टरद्वारा ढुवानी गरेकोमा ढुवानीको लागि स्वीकृत पालिकाको दर प्रयोग नगरी अन्यथा गरेको देखिएकोले पालिका दररेट बमोजिम हुने रकमलाइ म्यानडेजमा लैजाँदा हुने मूल्याङ्कन भन्दा बढी मूल्याङ्कन गरी भुक्तानी दिएको देखिएको छ । सम्बन्धित प्राविधिक कर्मचारीले त्रुटीपूर्ण मूल्याङ्कन गर्दा बढी मूल्याङ्कन भई बढी भुक्तानी भएको देखिएकोले उक्त सम्बन्धमा बढी मूल्याङ्कन गर्ने जिम्मेवार प्राविधिक कर्मचारी, भुक्तानी सिफारिस गर्ने तथा भुक्तानी गर्न सलग्न जिम्मेवार व्यक्तिलाई समेत जवाफदेहि बनाई बढी भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,९१७ |

८१.३ **प्रतिवेदन र बिमा**

**(क) प्रतिवेदन पेश नभएको :** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ३० मा तोकिएको सुपरिवेक्षणकर्ता कर्मचारीले रोजगार आयोजनाको सुपरिवेक्षण गरी अनुसूची -५ बमोजिमको प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । उक्त प्रतिवेदनमा रोजगार आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर श्रमको आन्तरिक व्यवस्थापन कार्यस्थल सुरक्षा र प्राथमिक उपचारको व्यवस्था, रोजगार आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको दर परीक्षण, आयोजनाले रोजगारी सिर्जना गरेको श्रमिकको संख्या, कार्य दिन र आयोजना कार्यान्वयनमा रहेका कमजोरी र सुधारका लागि पृष्ठपोषण समेत समावेश गर्नुपर्ने उल्लेख छ । यस कार्यक्रम अन्तरगत स्थानीय तह भित्रका वडाहरुमा सडक तथा नाला निर्माण कार्य, सडक सोलिङ तथा गोरेटो बाटो निर्माण कार्य लगायतका ९ कार्यक्रमहरु संचालन गरी यस वर्ष ७० जनालाई ४९७० जनालाई रोजगारीतर्फ रु. ३०,३९,६००।-, ४० जनालाई ५० दिनको दरले २,०००/- दिनको तालिमतर्फ रु. १३,६०,०००।- गरी संघीय आयोजनातर्फ रु. ४३,९९,६००।- र पालिका साझेदारीतर्फ रु. ६,००,०००।- थप गरी जम्मा रु. ४९,९९,६००।- खर्च लेखेको छ। यस कार्यक्रममा कुल सूचीकृत बेरोजगार मध्ये ७० जना रहेकोमा तोकिए बमोजिमको प्रतिवेदन पेश गरेको देखिएन । कार्यान्वयन गरिएका ९ योजनाहरु मध्ये १ योजना गरेटो बाटो र अन्य ८ योजना अन्तर्गत सडकमा ढुङ्गा सोलिङ्ग गर्ने निर्माण कार्यसँग सम्बन्धित रहेको देखिन्छ । यसरी निर्माण गरिएको सडक सोलिङ्गको संरचनामा प्रयोग भएको ढुँगाको सडक विभागको सडक तथा पुल निर्माणको स्पेशिफिकेशन बमोजिम आइ. एस. ११२४ (IS:1124 ) बमोजिम Water Absorption Capacity, Specific Gravity and Porosity जस्ता गुणस्तर परीक्षण समेत गरेको देखिएन । लेखापरीक्षणको क्रममा प्रहरी चौकी छेउ तथा यसम मा.वि. मुनि सडक स्तरोन्नति (सोलिङ्ग) आयोजनाको मिति २०८२।५।५ मा स्थलगत अवलोकन गरिएकोमा सोलिङ्ग गरेको ढुँङ्गाको गुणस्तर परीक्षण नगरेको तथा निर्मित सडक सतहमा अन्डुलेन्स रहेको देखियो । यसबाट प्रतिवेदन बेगर निर्माण गरिएका संरचनाको आवश्यकता दिगोपना र प्रतिफल सुनिश्चित भए नभएको पृष्ठपोषण प्राप्त हुन सक्ने देखिएन । निर्देशिकामा तोकिए बमोजिमको प्रतिवेदन पेश हुनु पर्दछ ।



***प्रहरी चौकी छेउ तथा यसम मा.वि. मुनि सडक स्तरोन्नति (सोलिङ्ग) आयोजना***

**(ख) बीमा व्यवस्था :** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ८७ मा यस कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खाटाउँदा रोजगार सेवा केन्द्रले दुर्घटना बीमा गरी खटाउनु पर्ने व्यवस्था छ । यसरी बीमा गर्दा लाग्ने खर्चको साठी प्रतिशत मन्त्रालयले र बाँकी ४० प्रतिशत सम्बन्धित श्रमिकले व्यहोर्नुपर्ने उल्लेख छ । यस पालिकाले ९ योजना र तालिम सञ्चालन गरी ११० श्रमिकको ६,९७० कार्यदिन रोजगार गरेबापत रु.४९,९९,६००।- भुक्तानी गरेकोमा यस कार्यालयमा सूचीकृत श्रमिकको छुट्टै बीमा सम्बन्धी कागजत पेश भएन । प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. १२२, मिति २०८१।०६।२० को पत्रानुसार ७५३ तहका सूचीकृत व्यक्तिको १०० दिनको सामूहिक दुर्घटना बीमा बापत राष्ट्रिय बीमा कम्पनी लि. सँग २०८१।०५।२५ मा सम्झौता गरी २५ सेप्टेम्बर २०२४ देखी २४ सेप्टेम्बर २०२५ सम्म अवधि रहेको बीमा गरेको र सोको जम्मा खर्च रु.६९,८०,८१०।३८ भएको पत्रमा उल्लेख भएको देखियो ।उक्त बीमा सम्बन्धि सम्झौतामा ६२२५९ व्यक्तिको बीमा गरेको उल्लेख भएको र यस आर्थिक बर्षको खर्चमा पछिल्लो आर्थिक वर्ष २०८२/०८३ को असोज ९ सम्म लागू हुने गरी बीमा गरेको देखियो । यसबाट असम्बन्धित आर्थिक वर्षको २ महिनाको बीमा प्रिमियम बापतको खर्च समेत यस आर्थिक वर्षमा समावेश गरी भुक्तानी गरेको देखियो ।यस पालिकामा आ व २०८१।८२ का लागि

सूचीकृत बेरोजगारको संख्या ३६९ रहेको र सामान्यतया श्रावण तथा भाद्र महिनामा निर्माण कार्य नहुने अवस्थामा समेत केन्द्रले एकमुष्ट बीमा बापतको रकम भुक्तानी गर्दा बढी व्ययभार पर्न जाने देखियो । अतः यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिई आवश्यक अवधिको मात्र बीमा गर्ने, श्रमिकको नाम नामेसी समेतका आधारमा बीमा गर्ने र ४० प्रतिशत रकम श्रमिकसँग असुल गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

८२ **घटी लागत सहभागिता-**

कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) बमोजिम प्रदेश सरकारले आयोजनाको कुल लागतको बढी ६५ प्रतिशत सम्म समपुरक अनुदान प्रदान गर्नसक्ने र बाँकी ३५ प्रतिशत गाउँपालिकाले बेहोर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष प्रदेश समपुरक अनुदानबाट सञ्चालित देहायको योजनाहरुमा गाउँपालिकाले ३५ प्रतिशत खर्च बेहोर्नुपर्नेमा शत प्रतिशत खर्च प्रदेशबाट प्राप्त समपुरक अनुदानबाट भुक्तानी गरेको पाइयो । सालवसाली योजनामा अर्को आर्थिक वर्षमा योजनामा नै बजेट विनियोजन हुनु सुनिश्चित नभएकोले गाउँपालिकाले घटी खर्च बेहोरेको रकम प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | योजनाको नाम | कुल खर्च | गाउँपालिकाले बेहोर्नुपर्ने रकम (३५%) |
|---|---|---|---|
| ४-०८२।३।२४ | कुटीडाँडा भञ्ज्याङ्ग माहुरडाँडा सडक निर्माण | ३७६९११५ | १३१९१९० |
| ३-०८२।३।२४ | राम्चा बाघखोर सडक निर्माण | ४५४४८३३ | १५९०६९२ |
| **जम्मा** | | **८३१३९४८** | **२९०९८८२** |

| प्रमाण पेश नगरेको | २९,०९,८८२ |
|---|---|

८३ **बचत रकम-**

कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा १२ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको समपूरक अनुदान मार्फत सञ्चालन हुने आयोजनाको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकम पुन: खर्च गर्न नपाइने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रदेश समपूरक अनुदानबाट सञ्चालित राम्चा बाघखोर सडक निर्माण कार्यको ठेक्का व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न २०८२।२।२९ मा सम्पन्न भए पश्चात बचत रकमबाट पुन: सडक कालोपत्रे कार्यका लागि निर्माण व्यवसायी जयकृष्ण विल्डर्सबाट सोझै खरिद विधिमार्फत रु.९,६८,२०८/- को निर्माण कार्य गराई गो.भौ.नं. ५-२०८२।३।२४ मा भुक्तानी गरेको देखिन्छ । विनियोजन ऐनको व्यवस्था अनुकुल नहुने गरी समपुरक अनुदानको बचतबाट पुन: खर्च गरेको रकम प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | ९,६८,२०८ |
|---|---|

८४ **तालिम कार्यक्रम-**

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन (२०८१।८२) को बुँदा (७ख) मा कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि बजेट विनियोजन गरी तोकिएका स्थानीय तहले रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेट मध्ये ४० जना सूचीकृत बेरोजगारलाई युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९ संशोधित सहितको ५ बमोजिम ५० दिनको सिप विकास तथा जीवन उपयोगी तालिम र बाँकी ५० दिन दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाई रोजगारी उपलब्ध गराउनुपर्ने उल्लेख छ। त्यसैगरी सोही कार्यविधिको दफा ३२(२) मा तालिममा सहभागी लाभग्राहीलाई दैनिक हाजिरीको आधारमा दफा २८(१) बमोजिमको दफा २८ को उपदफा (१) बमोजिमको ज्यालादर अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था तोकिएको छ। यस पालिकालाई यस तालिम सञ्चालनका लागि आइ.डी.ए तर्फ रु. ९ लाख बजेट प्राप्त भएकोमा २०।२० जना सहभागी रहेको ५० दिने २ वटा तालिम सञ्चालन गरी पर्फेक्ट म्यानपावर ट्रेनिङ्ग प्रा.ली (६०२४८००५५) भुक्तानी गरिएको छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्।

८४.१ **तालिमको नर्मस :**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२८९,८८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४.२ **तालिम अवधिमा ज्याला भुक्तानी :** यस पालिकामा २०८१।०८२ मा सूचीकृत जम्मा बेरोजगार संख्या ३६९ जना रहेकोमा वडाबाट छनौट गरी ४० जनालाई सडक मर्मत सम्भार सम्बन्धी ५० दिने तालिम दिईएको र सो अवधिमा ज्याला बापत प्रतिदिन रु. ६८०।- का दरले रु. १३,६०,०००।- भुक्तानी दिएको छ। उक्त सीपमूलक तालिम अन्तर्गत ४० दिनको सैद्धान्तिक र १० दिनको कार्यस्थल व्यावहारिक तालिम सञ्चालन गरिएकोमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०८१ को दफा १९ को सहभागितातर्फ २१ कार्य दिनभन्दा बढीको तालिम भए खाने बस्ने खर्च बापत मासिक रु.१२,००० दिने व्यवस्था भएकाले ५० दिनको प्रति सहभागी १.६७ महिनाको रु.२०,०४०/- हुनेमा दैनिक ज्याला रु.६८०।- ले भुक्तानी गर्दा ३४,०००।- भुक्तानी भई प्रतिव्यक्ति रु. १३,९६०।- बढी व्ययभार परेको देखिन्छ। यसबाट ४० जनाको रु. ५,५८,४००।- बढी व्ययभार परेको देखिन्छ। तालिम अवधिमा सीपमूलक तालिमको नर्मस प्रयोग नगरेको प्रधानमन्त्री रोजगार कार्यक्रमको छुट्टै नर्मस समेत नरहेको तर युवा स्वरोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम दैनिक हाजिरीको आधारमा ज्याला भुक्तानी गर्ने गरी गरेको व्यवस्था मनासिव देखिएन। साथै सीप विकास सम्बन्धी तालिम दिए पश्चात श्रमिकहरूनै अर्को वर्ष पूर्णरुपमा सूचीकृत हुने निश्चित नहुने हुँदा यसरी ठूलो धनराशि खर्च गरी तालिम लिएका जनशक्तिको उपयोग सम्बन्धमा विचार नगरी लामो अवधिको तालिम सञ्चालन गरेको औचित्यपूर्ण समेत देखिएन। तालिम अवधिमा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०८१ को सीपमूलक तालिमको तोकिएको नर्मस भन्दा बढी हुने गरी ज्याला भुक्तानी गर्ने गरी थप दायित्व सिर्जना हुने युवा स्वरोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ तयार गरि खर्च गरेको नियमित देखिँदैन।

| | |
|---|---|
| अनियमित भएको | ५,५८,४०० |

८४.३ **घर भाडा :**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५ **परामर्श खरिद-**

सार्वजनिक खरिद ऐन, २०८३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष लिखु नदीको विभिन्न स्थानबाट ढुङ्गा गिट्टी उत्खननका लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन कार्यका लागि सोझै खरिद विधिबाट परामर्शदाता पूर्वाञ्चल इन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.४,१०,१९०/- भुक्तानी गरेको छ। प्रतिवेदनबाट विभिन्न १० स्थानबाट रु.९,६०,५२८/- मूल्य बराबरको ३३९९.९० घनमिटर उत्खनन् गर्न सकिने देखिएको छ । तर गाउँपालिकाले लेखापरीक्षण अवधिसम्म नदीजन्य पदार्थ उत्खननको लागि कुनै पनि ठेक्का व्यवस्थापन गरेको छैन । गाउँपालिकाले समयमा नै ठेक्का व्यवस्थापन गरी आन्तरिक आय बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

८६ **कन्टिन्जेन्सी खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । गाउँपालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन । आ.व.

०८१/८२ मा कन्टिन्जेन्सी कट्टी गरी रु.२२,८२,४१०/- खर्च गरेको भनी विवरण पेस गरेकोमा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी रकमबाट गर्नुपर्ने प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता, पानी विजुली महशुल, कार्यालय सामाग्री खरिद र भ्रमण खर्च जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिन्जेन्सी खर्च गर्नु उचित र नियमसम्मत देखिएन ।यसमा गाउँपालिकाले सुधार गर्नुपर्दछ ।

८७ **मसलन्द तथा कार्यालय सामाग्री खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शीर्षकमा रु. २० लाख बजेट विनियोजन गरी रु. २०,००,०००/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा गाउँपालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

८८ **कानुनी परामर्शदाता**

पालिकाले पालिका तथा पदाधिकारी कर्मचारी विरुद्धका विभिन्न मुद्दाहरुमा वहश तथा पैरवी वापत विभिन्न कानून व्यवसायीहरुसँग गरेको सम्झौता गरेको देखियो । यसमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

८८.१ **सम्झौता भन्दा बढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (३९) ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले देहायका कानुनी परामर्शदातालाई परामर्श शुल्क बापतको भुक्तानी गर्दा बिजक बेगर भुक्तानी गरेको देखिन्छ। पालिकाले सेवा परामर्श शीर्षकबाट भुक्तानी गरेको उक्त रकममा मूल्य अभिबृद्धि कर समेत आकर्षित हुने देखिएकोमा न्यायिक तथा कानूनी परामर्शको लागि अधिवक्ता गुरु बस्नेतसँग वार्षिक रु.१,००,००० मा सम्झौता गरी निजको निवेदनको आधारमा गो. भौ. नं. ४४०-२०८२।३।२४ बाट निजलाई रु.१,२०,००० भुक्तानी कर कट्टी नगरी दिएको देखिन्छ । निजले वर्षभरि गरेको वहस पैरवी सम्बन्धि कुनै कागजात संलग्न नगरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

८८.२ **प्रमाण पेश गर्नुपर्ने :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (३९) ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले कार्यपालिकाको विभिन्न समयको निर्णयबाट अधिवक्ता दिल कुमार कार्की तथा सुदिप केसीबाट कानुनी परामर्श लिने निर्णय गरी निजहरुले पेश गरेको निवेदनको आधारमा मात्र दिलकुमार कार्कीलाई रु.१,५०,००० तथा सुदिप के.सी.लाई रु.१५,००० कर कट्टी नगरी भुक्तानी दिएको देखिन्छ । निज कानुनी सल्लाहकारहरुलाई के आधारमा के के कार्य गरे बापत भुक्तानी भएको हो प्रमाण पेश गर्ने अन्यथा निजहरुबाट असूल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,००० |

८९ **सीमा भन्दा बढी रकमको खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एकैपटक वा पटक पटक गरी रु १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ ।पालिकाले उल्लेखित व्यवस्थाको पालना

नगरी निम्नानुसार फर्मलाई रु.४२,६४,६३२ भुक्तानी गरेको छ।खरिद नियमावलीले तोकेको सीमाभन्दा बढी खरिद कार्य नियमसंगत देखिदैन ।

| भौचर नम्बर | फर्मको नाम | रकम |
|---|---|---|
| १४,१४,६८,८९,१६९,१५५ | गुड अटोमोबाईल प्रा लि (६०४२७७११४) | १७,८१,९५२ |
| ९०,११७,१०२ | ज्ञान गंगा ग्रुप प्रा लि (६०९७८७७५७) | ११,७९,८८७ |
| १००,२४५ | ईन्स्ट्यान्ट आई टि सपोर्ट | १३०२७९३ |
| | जम्मा | ४२,६४,६३२।०० |

| | |
|---|---|
| अनियमित भएको | ४२,६४,६३२ |

९० **हेभी मेसिनरीको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेसिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । पालिकावाट स्वीकृत भएको लागत अनुमान र उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेका देहायका अधिकांश कार्यहरुमा शतप्रतिशत रकम मेसिन भाडामा दिने निर्माण व्यवसायीलाई भुक्तानी भएको देखिन्छ । उल्लिखित अवस्थाका कारण खरिद ऐन नियमावलीको उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्थाको मनसाय अनुकुल भएको देखिएन । अत: पालिकाले उपभोक्ता समितिले निर्माण व्यावसायी मार्फत हेभी मेशिनको प्रयोग गरी संरचना निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | नि. व्य . को बिल रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| २३७- ०८२। ३।२४ | मुलपँधेरा सालीबिसौनी सडक मर्मत तथा विस्तार योजना | ३६८६०० | जय कृष्ण विल्डर्स प्रा. लि . | ४३०२७५ | ११७ |
| २४३- ०८२। ३।२४ | दारिम्बोट माझीगाउँ नौबिसे सडक मर्मत आयोजना | ३३९५०० | सिल्लुखोला कन्स्ट्रक्सन प्रा. लि . | ४१५२६६ | १२२ |
| २२२- ०८२। ३।२३ | मुलपानी आर्यघाट ङुडेखोला सडक निर्माण | ६६४००० | सिमाना निर्माण सेवा | ४३२९७० | ६५ |
| १८३- ०८२। ३।१६ | स्थानीय सडक स्तरोन्नती सडक आयोजना | ३८८००० | सिमाना निर्माण सेवा | ३४९०७१ | ९० |
| १४५- ०८२। २।१४ | सोक्ली मोड पुत्ली साउरा च्यामपोला सडक निर्माण | ३५८४७८ | जय कृष्ण विल्डर्स प्रा. लि . | ४४४६५५ | १२४ |
| १३७- ०८२। २।११ | चाँमबोटे कात्तिके थुम्का कुण्डलेश्वर सडक निर्माण | ४२०९३५ | सिमाना निर्माण सेवा | ५३७०७३ | १२८ |
| १२६- ०८२। २।५ | मचाबारी बेशिटोल सडक निर्माण | ७७६००० | सेती सिंहदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | ८९०२०४ | ११५ |
| १२७- ०८२। २।५ | भिरकुना पाखुरे सडक निर्माण | ३८८००० | सिमाना निर्माण सेवा प्रा लि | ४४६६६६ | ११५ |
| १३२- ०८२। २।७ | रमितेडाँडा बाटुले सडक निर्माण | ५८२००० | सेती सिंहदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | ६८५१८० | ११८ |
| ९८- ०८१। १२।१७ | नर्मदेश्वर कृषि सडक आयोजना | ४८५००० | लिखुखोला निर्माण सेवा | १५८२०० | ३३ |
| १०८- ०८२। १।१७ | सडक मर्मत आयोजना लिखु २ | २९१००० | जय कृष्ण विल्डर्स प्रा. लि . | ३३७३०५ | ११६ |
| ९३- ०८१। १२।१७ | खड्का टोल डबली टोल सडक निर्माण | ३३९५०० | सेती सिंहदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | ३८७७७५ | ११४ |
| ४९- ०८१। ११।१२ | रजाय बेलटार ओख्ले कृषि सडक निर्माण | १९४००० | सनलाइट कन्स्ट्रक्सन/ सप्लायर्स | २२८५६७ | ११८ |
| ४४- ०८१। ११।९ | दोल्दु भोटेपानी सडक निर्माण | १९४००० | जय कृष्ण विल्डर्स | २४२११३ | १२५ |
| ४२- २०८१। ११।८ | आँपचौर रातमाटा हेलिप्याड सडक निर्माण | ४३६५०० | सिमाना निर्माण सेवा प्रा लि | ५६५०७५ | १२९ |
| ३६- २०८१। १०।९ | छतिउने सडक मर्मत आयोजना | १९३६०४ | सनलाइट कन्स्ट्रक्सन/ सप्लायर्स | १८३०६० | ९५ |
| २४- २०८१। ९।९ | जजालु खाम्सुङ सडक निर्माण आयोजना | २९१००० | जय कृष्ण विल्डर्स प्रा लि | ३८७६२० | १३३ |
| जम्मा | | ६७१०११७ | जम्मा | ७१२१०७५ | १०६ |

९१ **घटी अग्रीम कर-**

आयकर ऐन, २०५८ को दफा ८९(३क) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायका निर्माण कार्यमा उपभोक्ता समितिलाई पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी गर्दा तोकिएको भन्दा घटी कर कट्टा गरी भुक्तानी गरेको छ । उक्त घटी कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कट्टा गर्नुपर्ने कर रकम | कट्टा गरेको कर रकम | घटी कर |
|---|---|---|---|---|---|
| १९-२०८२।३।१८ | गौडेखोला मुलपानी सिथान तेर्से सिंचाई योजना | ६०७३६०० | ९११०४ | ५७२६५ | ३३८३९ |
| **२१-२०८२।३।२३** | करमबोट आम्बाटे सिंचाई योजना | ५३३९३३० | ८००९० | ३८५७० | ४१५२० |
| **जम्मा** | | | | | **७५३५९** |

| असुल गर्नुपर्ने | ७५,३५९ |
|---|---|

९२ **व्यवस्थापन खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ । उक्त नियम बमोजिम उपभोक्तालाई निर्माण कार्यसँग सम्बन्धित खर्च मात्र भुक्तानी गर्न सकिने देखिन्छ । यस पालिकाले सञ्चालन गरेको Small Irrigation Program (SIP) Phase II तर्फ निम्नानुसार योजनामा उपभोक्ता समितिलाई व्यवस्थापन बापत कुल निर्माण खर्चको २ प्रतिशतका दरले व्यवस्थापन खर्च भुक्तानी गरेको देखियो । सम्झौताको साथ पेश भएको कागजातमा अर्थ मन्त्रालय र नेपालस्थित स्वीट्जरल्याण्ड राजदुताबास बिच भएको समझदारीपत्रको बुँदा नं. ९७ मा “2% of the total construction cost is used as the management cost by the Water User Association. This was based on the schedule 1- use of contingency fund as per the Local Resource Mobilization Guidelines, 2069. WUAs can use this for travel cost of WUA members, WUA Stationery and communication, honorarium for Cos, Public hearing and audit costs, Project information based and so on” भनी उल्लेख गरेको आधारमा उक्त २ प्रतिशत व्यवस्थापन शुल्क खर्च गरेको कार्यालयले जनाएको छ । उक्त स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ हाल खारेज भईसकेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा समेत उपभोक्ता समितिलाई व्यवस्थापन खर्च दिने व्यवस्था नभएकोले कार्यालयले गरेको उक्त व्यवस्था ऐन तथा नियमावलीसँग बाझिएको देखिएको र उपभोक्ताबाट निर्माण कार्य गराउँदा उपभोक्ताको पनि जनसहभागिता परिचालन हुने र राज्यको कम स्रोत परिचालन गरी बढी उपलब्धी हासिल गर्ने भन्ने सार्वजनिक खरिद ऐन तथा नियमावलीको मनसाय बमोजिम नदेखिएकोले यस्तो खर्च लेख्ने गरी भएको समझदारीपत्रमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | मूल्याङ्कन | व्यवस्थापन खर्च |
|---|---|---|---|---|
| २-०८१।८।१६ | डुडेखोला मेच्छेटारी सिंचाईं जल उपभोक्ता समिति | ४८३०२८७ | ४७०५९५९ | १४४९०८ |
| २०-०८२।३।२४ | नौबिसे दुधगौरा सिंचाईं जल उपभोक्ता समिति | २४८०९०९ | २४००९४३ | ४८०१९ |
| २१-०८२।३।२३ | कारमबोट आम्बोटे सिंचाईं जल उपभोक्ता समिति | ६४९४९७२ | ५८४३८५५ | ११६८७७ |
| २२-०८२।३।२३ | अर्चले टुनीबोट सिंचाईं जल उपभोक्ता समिति | २२७२६८६ | २२५२३२६ | ४५०५६ |
| १९४-०८२।३।१८ | ओखले बेल्टार सिंचाईं जल उपभोक्ता समिति | २७२०८८० | २७२०८५१ | ५४४१७ |
| २०३-०८२।३।१८ | गौडेखोला मुलपानी सिधान तेर्से सिंचाईं जल उपभोक्ता समिति | ६६६४७६३ | ६६४४५९६ | १३२८९१ |
| जम्मा | | | | ५४२८६१ |

९३ **बढी दरमा फर्माको कामको भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ।कार्यालयले निम्न योजनाहरुको फर्माको कार्यमा सिंचाई विभागबाट

स्वीकृत बुँदा नं ८ को भर्टिकल सर्फेस वालको तोकिएको नर्म्स राख्नुपर्नेमा सो नराखी फरक दर विश्लेषण गर्दा फर्माको कार्यको दर प्रति वर्ग मिटर रु. ६५४.५८ हुनुपर्नेमा सोभन्दा बढी दरमा भुक्तानी गरेकोले रु.७१,६४०/- बढी भुक्तानी भएको देखियो । अतः बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

| **गो.भौ.न. मिति** | **उपभोक्ता समितिको नाम** | **फर्माको परिमाण (वर्ग मिटर)** | **फर्माको हुनुपर्ने दर** | **भुक्तानी दर** | **बढी दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| २०-०८२।३।२४ | नौबिसे दुधगौरा सिंचाईं जल उपभोक्ता समिति | ८९३.७५ | ६५४.५८ | ६६९.३५ | १५.१८ | १४६१० |
| २१-०८२।३।२३ | कारमबोट आम्बोटे सिंचाईं जल उपभोक्ता समिति | २१६८.५४ | ६५४.५८ | ६६९.२३ | १५.४८ | ३९६८ |
| २२-०८२।३।२३ | अर्चले टुनीबोट सिंचाईं जल उपभोक्ता समिति | ५५४.२६ | ६५४.५८ | ६६९.१८ | १४.६५ | ३१७६९ |
| १९४-०८२।३।१८ | ओखले बेल्टार सिंचाईं जल उपभोक्ता समिति | ९६२.४८ | ६५४.५८ | ६६९.७६ | १४.६० | ८०९२ |
| २०३-०८२।३।१८ | गौडेखोला मुलपानी सिधान तेर्से सिंचाईं योजना | २५६.३२ | ६५४.५८ | ६७०.०६ | १४.७७ | १३२०१ |
| | जम्मा | | | | | ७१६४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,६४० |

९४ **बिल पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । साथै नियमावलीको नियम ९७(११) बमोजिम उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि प्राविधिक कर्मचारीबाट जाँचपास गराई सार्वजनिक निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपभोक्ता समितिमार्फत भएका देहायका निर्माण कार्यको भुक्तानी दिँदा निर्माण कार्यमा प्रयोग भएको भनी नापी भएका देहायका सामग्री खरिदको बिल संलग्न नगरी भुक्तानी गरेको देखियो । बिल विजक वेगर भुक्तानी गर्ने जिम्मेवार व्यक्तिलाई समेत जवाफदेही बनाई उक्त भुक्तानी भएको रकम रु.२८,९६०।- असुल गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | सामग्रीको विवरण | रकम |
|---|---|---|---|
| १८१-०८२।२।७ | नेपाल सामदेम गुम्वा व्यवस्थापन आयोजनाउपभोक्ता समिति | फ्लोर म्याट (७७ वर्गमिटर) | १५४०० |
| २०५-२०८२।३।१९ | वडा नं. ६ वडास्तरीय खानेपानी आयोजना उपभोक्ता समिति | फेरुल सेट (४० थान) | १३५६० |
| जम्मा | | | २८९६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,९६० |

९५ **कर कट्टी-**

आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम भुक्तानी दिँदा भुक्तानी रकममा तोकिएको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिम भुक्तानी दिँदा ऐनमा तोकिएबमोजिमको कर कट्टी नगरी भुक्तानी दिएको पाइयो । गाउँपालिकाले उक्त छुट्ट करबापतको रकम सम्बन्धितबाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | छुट कर | करको दर | घटी कर रकम |
|---|---|---|---|---|
| ६३-०८१।११।२६ | सिंहकाली मन्दिर सिढी तथा राङभाती पधेरो मर्मत आयोजना उ.स. | बहाल कर | १०% | ४८०० |
| ९२-०८१।१२।१७ | शिव मन्दिर निर्माण उत्तर लेती आयोजना उ.स. | अग्रीम कर | १.५% | ३०१३ |
| १२२-०८२।२।१ | स्थानीय सडक निर्माण तथा स्तरोन्नती आयोजना उ.स. | सा.सु.कर | १% | १९६४ |
| १९४-०८२।३।१७ | ओख्ले बेल्टार सिंचाईं योजना उ.स. | बहाल कर | १०% | २८०० |
| १९७-०८२।३।१७ | प्रहरी चौकी अस्थायी ट्रस्ट भवन निर्माण उ.स. | अग्रीम कर | १.५% | १७३९ |
| २१३-०८२।३।२२ | खानेपानी योजना लिखु २ उ.स. | अग्रीम कर | १.५% | १०७८ |
| जम्मा | | | | १५३९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३९४ |

९६ **उपभोक्ता समितिबाट मालसामान खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिवाट निर्माण कार्य गराउन सकिने उल्लेख छ । उपभोक्ता समितिमार्फत निर्माण कार्य मात्र गराउन सक्ने व्यवस्था रहेकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत देहायको मालसामानको खरिद कार्य गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको नियमसम्मत देखिएन ।

| **गो.भौ.नं. मिति** | **उपभोक्ता समितिको नाम** | **मालसामानको विवरण** | **रकम** |
|---|---|---|---|
| १४९-०८२।२।१८ | सांगे छोलिङ गुम्बा मन्दिर खरिद योजना | मुर्ती तथा कुर्सी खरिद | १९४००० |
| १७१-०८२।३।६ | बेस निर्माण तथा प्लाष्टिक ट्यांकी खरिद योजना | प्लाष्टिक ट्याङ्की खरिद | २९१००० |
| **जम्मा** | | | **४,८५,०००** |

| | |
|---|---|
| अनियमित भएको | ४,८५,००० |

९७ **जटिलसंरचना निर्माण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै नियमावलीको नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य तथा उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराइ नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३९-२०८१।११।६ | आमा समुह भवन निर्माण | भवन निर्माण | २९१००० |
| १५३-०८२।२।२० | पोखरी स्वास्थ्य इकाई भवन निर्माण | भवन निर्माण | ७२७५०० |

९८ **कटिङ्गको कार्य-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न प्रकारका सडक खन्ने कार्यको लागि कटिङ्गको लागत अनुमान तयार गर्दा सडक विभागबाट स्वीकृत नर्म्सको आधारमा दररेट निर्धारण गर्नुपर्नेमा गाउँपालिकाको दररेट निर्धारण समितिको २०८१।४।२९ को निर्णयबाट स्वीकृत दररेटको आधारमा कटिङ्ग कार्यको लागत अनुमान तयार गर्ने गरेको देखिन्छ । सडक विभागको नर्म्सका आधारमा दररेट निर्धारण नगरी

गाउँपालिकाको दर प्रयोग गर्दा साधारण माटो काट्ने कार्यको लागत रु.८०.८० पर्नेमा रु.१०१.७० प्रति घनमिटर, साधारण चट्टान काट्ने कार्यको लागत रु.२३८.६२ पर्नेमा रु.२५९.९० प्रति घनमिटर र कडा चट्टान काट्ने कार्यको लागत रु.१२३२.८१ पर्नेमा रु.९०४ प्रति घनमिटरका दरले लागत अनुमान तयार गरी निर्माण कार्य गराएको छ । नर्म्सबाट निर्धारण हुने दरभन्दा फरक दरबाट कार्य गराएबाट निर्माण कार्यको लागत अनुमान यथार्थपरक बन्न नसकेकोले नमुना छनौटबाट देहायको निमार्ण कार्यमा रु.८,१९,५८१/- बढी भुक्तानी भएको देखिन्छ । तोकिएको विभागीय नर्म्सको प्रयोग नगर्दा बढी दरमा निर्माण कार्य मूल्याङ्कन हुन गई बढी व्ययभार परेको देखियो । गाउँपालिकाले अन्य योजना सम्बन्धमा समेत यकिन गरी बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

| गो.भौ.नं. | मिति | उपभोक्ता समितिको नाम | कटिङ्को परिमाण | भुक्तानी दिनुपर्ने रकम | भुक्तानी दिएको रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| ११ | ०८१। ८।१३ | सिरिसेचिनेटार जाल्पा माबि मगरगाउँ मझुवा खाडी डाँडा कोप्चे सडक मर्मत तथा सरसफाईआयोजना, लिखु ८ | सा.माटो ६६० घमि | ५३४०३ | ६७२०८ | १३८०५ |
| २२ | ०८२। ३।२४ | पाखुरीडाँडा सहिदपार्क, लिखु ६ | सा.माटो १०६४ घमि | ८५९६० | १०८१८१ | २२२२१ |
| ३० | ०८१। ९।१६ | कच्चि सडक मर्मत आयोजना, लिखु १ | सा.माटो ४९७५ घमि | ४०२०३० | ५०५९५८ | १०३९२८ |
| ३१ | ०८१। ९।१६ | ढाडटोल सडक निर्माण आयोजना, लिखु ४ | सा.माटो २९२१.७९ घमि सा.चट्टान १२५.४६ घमि | २६६०४७ | ३२९७५३ | ६३७०६ |
| ४४ | ०८१। ११।९ | दोल्दु भोटेपानी सडक निर्माण आयोजना, लिखु ९ | सा.माटो १७५२ घमि सा.चट्टान १३८ घमि | १७४५०९ | २१४०४५ | ३९५३६ |
| ४९ | ०८१। ११।१२ | रजाय बेलटार ओख्ले कृषि सडक निर्माण आयोजना, लिखु ३ र ४ | सा.माटो २२४७.४५ घमि | १८१६१६ | २२८५६६ | ४६९४९ |
| ९३ | ०८१। १२।१७ | खड्काटोल डबलीटोल सडक निर्माण आयोजना, लिखु ५ | सा.माटो ३४७१.६३ घमि सा.चट्टान ७८.४३ घमि क.चट्टान ३५.७७ घमि | ३४३३५५ | ४०५७८५ | ६२४३० |
| ९८ | ०८१। १२।१७ | नर्मदेश्वर कृषि सडक | सा.माटो २१३७.५० घमि | १७२७३१ | २१७३८४ | ४४६५२ |
| १०८ | ०८२। १।१७ | सडक मर्मत आयोजना, लिखु २ | सा.माटो ३३१५ घमि | २६७८८५ | ३३७१३६ | ६९२५० |
| १२७ | ०८२। २।४ | भिरकुना पाखुरेडाँडा सडक निर्माण आयोजना, लिखु ६ | सा.माटो ३३८३.९६ घमि सा.चट्टान २१६.१९ घमि | ३६१४१० | ४४६१०२ | ८४६९२ |
| १३२ | ०८२। २।७ | रमितेडाँडा बाटुले सडक निर्माण आयोजना, लिखु ५ | सा.माटो ६१४६.७० घमि | ६३४८०७ | ७३९४२६ | १०४६१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सा.चट्टान १५३.६२ घमि<br>क.चट्टान ८२.२८ घमि | | | |
| १३८ | ०८२। २।११ | दात्रुङ्गे बाङ्गेटार आपँडाँडाँ सडक मर्मत आयोजना | सा.माटो ६७१.७० घमि | ५४२८० | ६८३१२ | १४०३२ |
| १४५ | ०८२। २।१४ | सोक्ली मोड पुल्ली साउरा च्यामपोला निर्माण सडक आयोजना, लिखु ९ | सा.माटो ३४८१.१९ घमि<br>सा.चट्टान ३४८.५६ घमि | ३६४४८८ | ४४४६२८ | ८०१३९ |
| १७० | ०८२। ३।६ | सानीपोखरी प्रहरी चौकी जग्गासम्म सडक निर्माण | सा.माटो ४०७.२५ घमि | ३२९१० | ४१४१७ | ८५०७ |
| १९७ | ०८२। २।२९ | गहते टोल सडक निर्माण आयोजना, लिखु २ | सा.माटो ३११६.५० घमि<br>सा.चट्टान १२३ घमि<br>क.चट्टान १५० घमि | ६९४५६ | ८७४११ | १७९५५ |
| २३७ | ०८२। ३।२४ | मुलपधेँरा साल विसौनी सडक मर्मत आयोजना,लिखु - २ | सा.माटो ६७१.७० घमि | ४६६११६ | ४८४५१६ | १८४०० |
| २४० | ०८२। ३।२४ | भैसेपानी सल्लेरी होक्से सडक निर्माण | सा.माटो ४५४.०१ घमि | ३६६८८ | ४६१७२ | ९४८४ |
| २४३ | ०८२। ३।२४ | दारिमबोट माझिगाउँ नौविसे सडक मर्मत | सा.माटो ७३१.२५ घमि | ५९०९२ | ७४३६८ | १५२७६ |
| जम्मा | | | | **४०२६७८३** | **४८४६३६८** | **८१९५८१** |
| | | | | | असुल गर्नुपर्ने | ८,१९,५८१ |

९९ **ग्याबियनको कार्य-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले ग्याबियनको कार्यको लागि दर विश्लेषण गर्दा मानिसद्वारा निर्मित ग्याबियन जाली प्रयोग गर्ने गरी दर विश्लेषण गरेकोमा नापीसाथ पेश भएको बिलबाट मेसिन निर्मित ग्याबियन जाली प्रयोग भएको देखियो । गाउँपालिकाले देहाय बमोजिमको योजनामा मेसिन निर्मित ग्याबियन प्रयोग भएको अवस्थामा मानिस निर्मित ग्याबियनको भुक्तानी गर्दा १.५*१*१ को १ वटा जालीको दर रु.२,४३०/- हुनेमा रु.२७८३/- का दरले, २*१*१ को १ वटा जालीको दर रु.२९७०/- हुनेमा रु.३३३३।- का दरले र ३*१*१ को १ वटा जालीको दर रु.४,३२०।- हुनेमा रु.४८,२३।- का दरले भुक्तानी गरी क्रमश: प्रति जाली रु.३५३, रु.३६३ र रु.५०३ का दरले बढी भुक्तानी गरेको छ । तोकिएको नर्म्सबमोजिमको जाली प्रयोग नर्गनु र जुन ग्याबियन जाली स्थानीय बजारमा उपलब्ध छ सोको दर विश्लेषण गरी सोही दर प्रयोग नगर्दा बढी मूल्याङ्कन तथा भुक्तानी भएको देखियो । यसरी ग्याबियनको कार्यमा भएको वास्तविक कार्यभन्दा फरक कार्यको भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | ग्याबियनको संख्या | बढी भुक्तानी रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| **विविध पुँजिगत** | | | |
| २-०८२।३।२४ | टार मिलनचोक ढुडेखोला खाल्टे प्रतिक्षालय सडक स्तरोन्नती (अध्यक्ष शंकर मगर) | १.५*१*१- ४३ थान<br>२*१*१- १२ थान | २२०७५ |
| ५-०८२।३।२४ | यसम मा.वि. | १.५*१*१- ४० थान<br>२*१*१- २२ थान | २४९८० |
| **गाउँपालिका पुँजिगत** | | | |
| ६६-०८१।१२।४ | लेति पिपलडाँडा बोल्कती दोबारफेदी सडक निर्माण (अध्यक्ष विष्णु कार्की) | १.५*१*१- २१ थान<br>२*१*१- १७ थान<br>३*१*१- १० थान | २१०३४ |
| १००-०८२।१२।१९ | ग्रामिण सडक मर्मत आयोजना वडा नं. ५ (अध्यक्ष टीकाराम खड्का) | १.५*१*१- १४ थान<br>२*१*१- ७ थान | ८४५५ |
| १२२-०८२।२।१ | स्थानीय सडक स्तरोन्नती वडा नं. ७ (अध्यक्ष गोपाल श्रेष्ठ) | १.५*१*१- ९ थान<br>३*१*१- ३ थान | २९०० |
| १४७-०८२।२।१ | गैयाथानवाल भिमसेनस्थान राङ भाति सडक पहरो रोकथाम आयोजना (अध्यक्ष लक्ष्मी कुमारी भण्डारी) | १.५*१*१- १२ थान<br>२*१*१- १० थान | ८८८८ |
| २२२-०८२।३।२३ | मुलपानी आर्यघाट डुडेखोला सडक निर्माण (अध्यक्ष जनक बहादुर मगर) | १.५*१*१- ३० थान<br>३*१*१- १० थान | १७६५० |
| २४०-०८२।३।२४ | भैँसेपानी सल्लेरी होक्से सडक निर्माण योजना (अध्यक्ष विष्णु कार्की) | १.५*१*१- १८ थान<br>२*१*१- २२ थान | १६२०४ |
| **जम्मा** | | | **१२२१८६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,१८६ |

१०० **पाइपको उपयोग** (२२७-2082-03-23):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०० बमोजिम प्रत्येक कार्यालयले कार्यालयमा प्राप्त हुन आएको जिन्सी मालसामानको आम्दानी तथा खर्च भएको परिमाण समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले अग्राखे आँपडाँडा सिंचाईं पाईप खरिद योजना वडा नं. २ कार्यक्रम अन्तर्गत खरिद गरिएको रु.५३,२६७/- मूल्यको १६० मिटर एच.डी.पी.ई पाइप (९० मिति) खरिद गरी खर्च लेखेकोमा जडान विवरण

तथा खपतको प्रमाणित नापजाँच सहितको विवरण संलग्न गरेको छैन । निर्माणसँग सम्बन्धित जिन्सी सामग्रीहरुको खर्च लेख्दा सोको प्राविधिकबाट नापजाँच गराई प्राप्त भएको प्रतिवेदन लिएर खर्च लेखेको नदेखिएकोले उक्त पाइप उपयोग भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,२६७ |

१०१ **राम्चा बाघखोर डाँडा-**

ठेक्का नं. १-०८०।८१, राम्चा बाघखोर डाँडा सडक स्तरोन्नतीका लागि मूल्य अभिवृद्धि कर सहित रु.८५,८६,१७५/- को लागत अनुमान स्वीकृत गरी सो कार्य गर्नका लागि बोलपत्रको माध्यमबाट जयकृष्ण बिल्डर्ससँग २०८१।२।१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।११।२२ मा रु.३५,७२,०६८/- को सम्झौता गरेकोमा निर्धारित म्याद भित्र निर्माण कार्य सम्पन्न नभई २०८१।५।१५ सम्म म्याद थप भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :

१०१.१(२०-2081-09-02):

**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । यस योजनाको माटो काट्ने कार्यको नापी गर्दा औसत क्षेत्रफल लिई सोको आधारमा लम्बाईले गुणन गरी माटोको परिमाण गणना गरी भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले क्षेत्रफलको औसतका आधारमा नभई कुल क्षेत्रफलको आधारमा भुक्तानी गरेको पाइयो । गाउँपालिकाले चेनेज ०+३९८ देखि ०+४७५ सम्म औसत क्षेत्रफलका आधारमा २५१.८३ घनमिटरको मात्र भुक्तानी गर्नुपर्नेमा ५०३.६५ घनमिटरको भुक्तानी गरेकोले बढी परिमाण २५१.८३ घनमिटरको प्रति घनमिटर रु.६२.१५(मूल्य अभिवृद्धि कर सहित) का दरले रु.१५६५१/- बढी भुक्तानी गरेको छ । उक्त बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,६५१ |

१०१.२ **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीले सम्झौतामा तोकिएको म्याद भित्र कार्यसम्पन्न नगरेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्दछ । साथै सम्झौताको विशेष शर्त GCC ५५.१ मा समेत निर्माण व्यवसायीको ढिलाईको कारण ढिलाई भएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । सम्झौता बमोजिम तोकिएको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकी गाउँ कार्यपालिकाको निर्णयानुसार २०८१।५।१५ सम्म म्याद थप भएको भएता पनि अन्तिम रनिङ बिलमा नापी मिति २०८१।६।५ उल्लेख भएको र कार्यसम्पन्न मिति उल्लेख नभएकोमा गाउँपालिकाले बिलम्व अवधि २१ दिनको नियमानुसारको पूर्वनिर्धारित क्षतिपुर्ति कट्टा नगरी सम्पूर्ण रकम भुक्तानी दिएको देखियो । गाउँपालिकाले नियमको व्यवस्था अनुसार सम्झौता रकम रु.३१,०३,६००/- को प्रति दिन ०.०५ प्रतिशतका दरले २१ दिनको रु.३२५८८/- पूर्वनिर्धारित क्षतिपुर्ति बापत सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,५८८ |

१०१.३ **कार्यस्वीकार प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गरेर आवश्यक प्रक्रिया पूरा गरेर मात्र आर्थिक प्रशासन शाखामा भुक्तानीका लागि पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस सडक स्तरोन्नती कार्यको कार्य स्वीकार प्रतिवेदन तयार नगरी अन्तिम भुक्तानी दिएको देखियो । कार्यस्वीकार प्रतिवेदन तयार नगरेबाट निर्माण सम्पन्न भएको कार्यको विवरण, कार्य सम्पन्न भएको मिति र कार्य स्वीकार गरेर मिति खुलेको छैन । जसबाट त्रुटी सच्याउने अवधि सम्बन्धमा अन्यौलता सिर्जना हुन जाने देखिन्छ । अत: गाउँपालिकाले कार्यस्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०२ **गुणस्तर परीक्षण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (ङ) बमोजिम सम्झौता कार्यान्वियनको क्रममा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यहरूको विभिन्न स्वीकृत स्पेशिफिकेशनमा तोकिए बमोजिम खुला तथा सिलबन्दी गरी नमुना लिई सोको परीक्षण गराई गुणस्तर सम्बन्धमा आश्वस्त भए पश्चात् मात्र भुक्तानी गर्नुपर्दछ। गाउँपालिकाले कुनै पनि निर्माण कार्यको स्पेशिफिकेशनमा तोकिए बमोजिमको प्रक्रिया र संख्यामा गुणस्तर परीक्षण गराएको नपाइएको हुँदा निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा विश्वस्त हुन सकिएन । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर व्यवस्थापनमा गम्भिरतापूर्वक ध्यान दिनुपर्ने देखिन्छ ।

१०३ **बिचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना( ठेक्का नं. २-०८१।८२):**

बिचारी आहाल गाउँपालिका केन्द्र सडक निर्माण कार्यका लागि मूल्य अभिवृद्धि कर र पीएस सहित रु.१,२७,५६,२८९/- को लागत अनुमान तयार गरी सो कार्यका लागि बोलपत्रको माध्यमबाट जयकृष्ण विल्डर्ससँग २०८२।२।३१ भित्र निर्माण कार्यसम्पन्न गर्ने गरी २०८१।१०।२९ मा रु.६३,६५,४७४/- को सम्झौता भएकोमा भेरीएसन पश्चात सम्झौता रकम रु.६३,०८,१७२/- कायम भएको छ । साथै निर्धारित समयावधि भित्र निर्माण कार्य सम्पन्न नभएकोले २०८२।६।३० सम्म म्याद थप भई हालसम्म पहिलो रनिङ बिलबाट रु.२४,५६,४१०/- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :

१०३.१(२३३-2082-03-24):

**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । माटो काट्ने कार्यको नापी गर्दा चेनेज खुलाई औसत क्षेत्रफल लिई सोको आधारमा माटो काट्ने कार्यको भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले क्षेत्रफलको औसतका आधारमा नभई कुल लम्बाईमा चौडाई र उचाई एकै रहेको जनाई सोही आधारमा काटिएको माटोको परिमाण गणना गरी भुक्तानी गरेको पाइयो । गाउँपालिकाले चेनेज नखुलाई औसत क्षेत्रफलको आधार नलिई ८०० मिटर रोडवे कटिङ्गको १.५० चौडाई र ३ मिटर उचाईको आधारमा १८०० घनमिटरको प्रति घनमिटर रु.५६.५०(मूल्य अभिवृद्धि कर सहित) का दरले रु.१०१७००/- भुक्तानी गरेको छ । औसत विधिले गणना नगरी माटो काट्ने कार्य परिमाण गणना गर्दा वास्तविक रुपमा भएको कार्य भन्दा फरक कार्यको भुक्तानी हुन जाने देखिएकोले वास्तविक रुपमा भएको कार्यको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,७०० |

१०३.२ **प्लमवाल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाको २०८२।२।१० को नापी किताब अनुसार ५५.९९ घनमिटर प्लमवाल निर्माणको कार्य भएको देखिएकोमा १०१.४५ घनमिटरको भुक्तानी भएको छ । बढी भुक्तानी भएको परिमाण ४५.४६ घनमिटरको प्रति घनमिटर रु.६,७८०/-(मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको रकम रु.३,०८,२१९/- सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०८,२१९ |

१०४ **निर्मित संरचनाको उपयोग नभएको-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७(१)ख मा आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार प्रदेश सरकार कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्तिको रेखदेख मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ। यस हाटबजार संचालनको लागि हाटबजार संचालन क्षेत्रमा विगत वर्षमा कोल्डस्टोर र कृषि उपज संकलन केन्द्र निर्माण गरिएकोमा हाट बजार संचालनमा नरहेको र तोकिएको उद्देश्य अनुरुप संचालन नगरी कृषि उपज संकलन केन्द्रको चार कोठा एक मोटरसाइकल वर्कसपलाई भाडामा दिएको, एक कोठामा ईलाका हुलाक कार्यालय संचालनमा रहेको र बाँकीँ चार कोठा बेवारिसे रुपमा खाली रहेको देखिन्छ । पालिकाले सार्वजनिक सम्पत्तिको सदुपयोग गर्नुपर्ने र निर्माण गरिएका संरचनाहरू उद्देश्य अनुरुप उपयोगमा ल्याउनुपर्नेमा हाट बजार स्थलको थप संरचना निर्माण तथा सोही पुराना संरचना समेत गरी यस वर्ष समेत रु ८६,९३९।- खर्च गरेको देखिएकोमा यी समग्र संरचनाहरू उपयोगमा नल्याएको मनासिब देखिएन। आगामी दिनमा पालिकाले उक्त क्षेत्रमा हाटबजार सञ्चालन गर्ने र हाल आवश्यक कृषि बजार विस्तार

नभएको र विद्युतको थ्रि फेज नभएको कारण उता हाटबजार क्षेत्र र निर्मित संरचना उपयोगमा ल्याउन नसकिएको पालिकाले जनाएको छ। यसबाट एकातिर उद्देश्य अनुरूप उपयोग नहुँदा पुँजिगत खर्च गरिएका संरचनाहरूबाट प्रतिफल लिन नसकिएको र अर्कोतिर निर्माण संरचनामा क्षति पुग्ने संरचना दिगो नहुने तथा उपयोगमा नल्याउँदै मर्मत सम्भारमा समेत खर्च हुने र त्रुटी सच्याउने अवधिमा रहेकोमा त्यस्तो संरचना वा कोल्डस्टोर सञ्चालन नगर्दा सोको समेत जानकारी नभई त्यस्तो अवधि समाप्त हुने हुन्छ। अतः पालिका तथा अन्य निकायले बजेट विनियोजन गरी खर्च गर्दा प्राथमिकता प्राप्त र छिटो प्रतिफल दिने आयोजनामा खर्च गर्नुपर्ने र निर्मित संरचनाको उपयोग संरक्षण र मर्मत सम्भारमा आवश्यक ध्यान दिनुपर्ने देखिन्छ।





***उपयोगमा नआएको कोल्डस्टोर, उपयोगमा नआएको बजार व्यवस्थापन भवन, बजार व्यवस्थापन भवनको कोठाको सिलिङ्ग बिग्रिएको***

| क्र.सं | गो.भौ.नं.। मिति | योजनाको नाम | निर्माण वर्ष | भुक्तानी रकम | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६८-२०७९।०३।२५ | पोर्टेबल कोल्ड च्याम्बर निर्माण | २०७९।०८० | ११,००,०००।- | १७६००००।- | थ्रिफेज विद्युत आपुर्ती नभएका कारण संचालनमा नरहेको पालिकाद्वारा जानकारीमा आएको |
| | २१२।२०७८।१२।२५ | | | ६,६०,०००।- | | |
| २ | ३६८-२०७७।०३।३० | बजार व्यवस्थापन तथा पुर्वाधार निर्माण | २०७६।०७७ | ४६,४४,३९०।- | ४६,४४,३९०।- | ४ कोठा एक मोटरसाईकल वर्कसपले भाडामा लिएको र १ कोठा ईलाका हुलाक कार्यालयले प्रयोग गरेको ४ कोठा खाली रहेको । |
| विगतमा निर्ममाण गरेको जम्मा | | | | | ६४,०४,३९२।- | |
| यस वर्ष निर्माण गरेको | | | | | | |
| | ३४५-२०८२।०३।१७ | हाटबजार संचालन र व्यवस्थापन कार्यालय(स्टल) | २०८१।०८२ | ६,८९,३३९।- | ६,८९,३३९।- | प्रयोगमा नआएको । |
| | | कुल जम्मा | | | ७०,९३,७३१।- | |

**१०५ अनुगमन-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । साथै गाउँपालिकाले अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८१ जारी गरी कार्यान्वयन गरेको छ । यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन । आंशिक रूपमा अनुगमन हुने गरेको पालिकाले जनाएको छ । उक्त प्रतिवेदन परीक्षण गर्दा समेत अनुगमन गरेको समय र मिति नखुलेको, अनुगमनमा संलग्न पदाधिकारीको विवरण नखुलेको, अनुगमनबाट देखिएका बेहोरा र दिएको सुझाव समेत व्यवस्थित रुपमा उल्लेख भएको देखिएन । भुक्तानि साथ संलग्न गरिएका अनुगमन प्रतिवेदनमा समेत प्राविधिक ईस्टिमेट बमोजिम कार्य भएको भनि सम्पूर्ण योजनामा एउटै बेहोरा उल्लेख गरिएको देखियो । तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश नहुँदा योजना संचालनमा मितव्ययीता अपनाएको तथा तोकिएको गुणस्तरको निर्माण सामाग्री तथा वस्तु प्रयोग भएको सुनिश्चित गर्न नसकिने हुन्छ । अतः ऐनमा तोकिए बमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने देखिन्छ ।

| गौ भौ नं/ मिति | ब.उ.शी.नं | योजना | लागत अनुमान | मूल्याङ्कन | भुक्तानी |
|---|---|---|---|---|---|
| ८-२०८२/०३/२९ | प्रदेश | जाल्पा माध्यमिक-पहिरो तथा भवन निर्माण | ४७५००० | ५२१३५३.८५ | ४७५००० |
| ३-२०८२/०३/२४ | प्रदेश | Upgrading work for Ramche Baghkhor Road | ४६९३८०६.३६ | ४५४४८३३.५६ | ४५४४८३३.५६ |
| ४-२०८२/०३/२४ | प्रदेश | कुटि डाडा माहुर सडक | ३७६९११५.३१ | ३७६९११५ | ३७६९११५ |
| ५-२०८२/०३/२३ | प्रदेश | विपद् व्यवस्थापन तथा क्षति न्युनिकरण (यसम मा.वि) | १०००००० | १११९२२९.८६ | ९७०००० |
| १३२-२०८२/०२/०७ | गा.पा | रमिते डाडा बाटुले सडक निर्माण आयोजना | ७००००० | ६८५१८०.५ | ५८२००० |
| १७९-२०८२/०३/१६ | गा.पा | मैताकुन्ता देवि मन्दिर व्यवस्थापन आयोजना | ६००००० | ७७९०४० | ७७९००० |
| १६८-२०८२/०३/०६ | गा.पा | छतिवनी महादेवटार, काउलाडाँडा प्रतिक्षालय आयोजना | ५५०००० | ६१२९६९.५२ | ५३५५०० |
| १५-२०८२/०३/१७ | संघ/प्रदेश/गा.पा. र स्वीस सरकार | ओख्ले वेलटार सिँचाई आयोजना | २८८४१०३.११ | २८८४१०३.११ | २४०२८६५ |
| | | जम्मा | १४६७२०२५ | १४९१५८२५ | १४०५८३१४ |

१०६ **यसम प्रहरी चौकी अस्थायी ट्रस भवन निर्माण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । यस लिखु गाउँपालिकाले यसम प्रहरी चौकी अस्थायी ट्रस भवन निर्माणका लागि रु.८,८९,१८०।३४ को लागत अनुसार तयार गरी कार्यालयबाट रु.८,००,०००।- र उपभोक्ता समितिबाट रु.८९१८०।३४ व्यहोर्ने गरी २०८१।१२।०४ मा सम्झौता भएको देखियो । उक्त सम्झौता बमोजिमको निर्माण कार्य २०८२।०३।१४ मा सम्पन्न गरी रु.८,८९,३०३।८८ को प्राविधिक मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदन पेश भई पालिकाबाट कन्टिन्जेन्सी बाहेक रु.७,७६,०००।- भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा २०८२।०५।०५ मा लेखापरीक्षण टोली र कार्यालय व्यवस्थापनले उक्त योजनास्थलको संयुक्त अनुगमन गर्दा दुई कोठे भवन निर्माण भएकोमा उक्त भवन प्रयोगमा नआएको देखियो । उक्त २ कोठे भवनमा तीन ओटा पर्खाल (सर्टवाल) हुनुपर्नेमा ४ ओटा वाल राखि बिल अफ क्वान्टिटिजको आईटम नं ४ मा ३.७० मिटर लम्बाई, ०.४५ मिटर चौडाई र २.६५ मिटर उचाईको १ अवास्तविक वाल नापी गरी निम्नानुसारको रु.२१,५४३।१५ बढी मूल्याङ्कन गरी भुक्तानी गरेको देखियो । यसबाट उक्त सार्वजनिक निर्माण (Civil Works) आईटममा रु.२८६,६७५।२१ मूल्याङ्कन हुनुपर्नेमा रु.३,०८,२१८।३६ मूल्याङ्कन गर्दा उक्त रु.२१,५४३।१५ फरक परेको देखिन्छ । बिल तयार गर्ने क्रममा मानवीय त्रुटीका कारण बढी नापी तथा मूल्याङ्कन हुन गएको लेखापरीक्षणको क्रममा सम्बन्धित प्राविधिक कर्मचारीबाट जानकारी भएको छ ।यसबाट एकातिर अवास्तविक नापी गरी बढि भुक्तानी भएको र पालिकालाई थप व्ययभार पर्न गएको र अर्कोतिर प्राविधिक बिल तथा मूल्याङ्कन गरी भुक्तानी गर्दा प्रभाकारी चेकजाँच तथा अनुगमन भएको देखिएन । यस सम्बन्धमा नापजाँच गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाई समेत जवाफदेही बनाई प्रभावकारी चेकजाँच तथा आन्तरिक नियन्त्रणको व्यवस्था स्थापना गरी यस योजनामा बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने देखिन्छ ।



| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५४३ |

१०७ **हाटबजार संचालन र व्यवस्थापन कार्यालय-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । यस लिखु गाउँपालिकाले हाटबजार संचालन तथा व्यवस्थापन कार्यालय (स्टल) निर्माणका लागी ७,८९,५८३।- को लागत अनुमान तयार गरी सोझै खरिदको माध्यमबाट पिनाकल ईन्जिनियर्स प्रा.लि.(६१०४५६५२७) सँग रु ६,८३,८९६।६७ मा निर्माण कार्य गर्ने गरी २०८२।०१।०८ मा सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिमको कार्य २०८२।०२।३१ मा सम्पन्न गर्ने गरी कार्यादिश दिएकोमा २०८२।०२।३१ मा प्रथम तथा अन्तिम रनिङ्ग बिल तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरी रु.६,८९,३३९।- भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोली र कार्यालय व्यवस्थापन २०८२।०५।०५ मा संयुक्त अनुगमन गरिएकोमा आइटम नं ६ मा निर्माण सम्पन्न गरेको भनि नापजाँच गरेको हाटबजारको स्टलको १० ओटा पार्टेशन वालको औसत उचाई १.२ मिटर मूल्याङ्कन गरेकोमा १ मिटर मात्र निर्माण गरेको देखियो । वास्तविक निर्माण भएको आधारमा जाँचबुझ नगरी अवास्तविक निर्माण कार्यको नापँजाच गरी भुक्तानी गरेको कारण आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखीएको र बढी भुक्तानी हुन गई कार्यालयलाई थप व्ययभार परेको देखियो । अतः यसरी अवास्तविक निर्माण कार्यको नापजाँच गरी पेश गर्ने सम्बन्धित प्राविधिक कर्मचारी तथा जिम्मेवार व्यक्तिलाई जवाफदेहि बनाई निम्नानुसारको बढी भुक्तानी भएको रु.११,२३४।४३ (मू.अ.कर समेत ) असुल गर्नुपर्दछ ।



बढी उचाई नापजाँच गरेको हाटबजारको पार्टिसन वाल

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२३५ |

१०८ **प्रशासकीय भवन निर्माण-**

यस पालिकाको प्रशासकीय भवन निर्माणका लागि कार्यालयले मिति २०८१।१०।२१ मा कन्टिजेन्सी र मु.अ.कर समेत रु. ९,३९,७९,२२५.०३।- को लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट २०८०।१०।२२ मा सूचना प्रकाशन भए बमोजिम ६ बोलपत्र पेश भएकोमा प्राविधिक मूल्याङ्कनमा ६ वटै बोलपत्रदाता छनौट भई २०८१।११।२७ आर्थिक प्रस्ताव खोल्ने सूचना बमोजिम ६ वटा आर्थिक प्रस्ताव मध्ये सारभूत रुपमा प्रभावग्राही न्यूनतम बोलपत्रदाता आरोहण विल्डर्स प्रा.लि(६१०१८१९७९) को रु. ४,३२,७७,६५३।- (मु.अ.कर र पी.एस समेत) को कबुल अंक स्वीकृत गरी २०८१।१२।१७ मा निर्माण सम्झौता भएको पाइयो। निर्माण सम्झौता बमोजिमको निर्माण कार्य २०८१।१२।१७ मा सुरु गरी २४ महिना अर्थात २०८३।१२।१६ मा सम्पन्न गर्ने शर्त उल्लेख भएकोमा कार्यालयले गो.भौ.नं. १८८-२०८२।०३।१७ बाट पहिलो रनिङ्ग बिल बापत रु. ४०,७२,०००।- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका प्रमुख बेहोराहरू निम्नानुसार रहेका छन्।

१०८.१ **बढी पेश्की भुक्तानी :** सम्झौताको S.C.C बुँदा नं ५७.१ मा “ The advance payment shall be 10% and shall be paid in two equal instalments and to be the contractor” उल्लेख छ ।सो बमोजिम मू.अ.कर र पी.एस बाहेकको सम्झौताको रकम रु. ३,७९,०६,२६८।०५ को १० प्रतिशतका दरले हुने रु.३७,९०,६२६।८१ मात्र मोबिलाइजेशन पेस्की दिन सकिनेमा गोस्वारा भौचर नम्बर ११०-२०८२/०१/२२ बाट रु. ४२,८३०००।- पेस्की दिएकोले रु. ४,९२,३७३।१९ बढी पेस्की भुक्तानी गरको देखियो। बढी पेस्की दिएको रकम कार्यालयले प्रथम रनिङ्ग बिलको भुक्तानी गर्दा गोस्वारा भौचर नम्बर १८८-२०८२/०३/१७ बाट रु. ४,८३,०००।- फर्स्योट गरेको पेश्की दिदा भुलवश बढी पेश्की दिएको पालिकाले छलफलको क्रममा जनाएको छ । यसरी पेस्की दिनुपर्ने भन्दा बढी पेस्की दिई निःशुल्क पेस्की रकम प्रयोग गर्न मिल्ने नदेखिएकोले पेस्की दिएको अवधि २०८२/०१/२२ देखि २०८२/३/१७ सम्मको ५९ दिनको (सम्झौताको S.C.C. को बुँदा नं. ४९.१ (Prevailing interest rate) बमोजिम वार्षिक प्रचलित ब्याजदर १० प्रतिशतका दरले हुने रु. ७,९५८।९१ ब्याज असुल गर्नुपर्ने र बाँकी पेस्की रकम रु. ९,३७३।१९ समेत रु. १७,३३२।१० असुल गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३३२ |

१०८.२

**बीमामा फरक प्रावधान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेशिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायतको समग्र जोखिम वहन गर्ने गरी निर्माण व्यवसायीले बीमा गर्नुपर्ने व्यवस्था छ। खरिद सम्झौतामा उल्लेख भएको भन्दा फरक हुने गरी पेश भएको बीमा नीतिका शर्तहरुलाई स्वीकार गरी भुक्तानी दिन नमिल्ने हुन आउँदछ । यस पालिका भवन निर्माण सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टको बुँदा नं. १९.१ मा बिमा सम्बन्धि व्यवस्था छ । उक्त बीमा बापत प्रोभिजनल समतर्फ बिल अफ क्वान्टिटिजको आइटम नं. १(२) मा रु.३,५४,१६३।४४ व्यवस्था गरेकोमा कार्यालयबाट प्रथम रनिङ्ग बिलमा निम्नानुसार रु.२,६६,३२९।९८ भुक्तानी भएको छ ।

| क्र.सं. | बीमा गरेको कम्पनी | बिजक जारी मिति | बीमाङ्क रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेको इन्सुरेन्स लि. | २०२५ जुन १ (२०८२ जेष्ठ १८) | ४,९७,६९,३०१।५५ | २,५१,२९९।९८ | निर्माण कार्यको बिमा |
| २. | नेको इन्सुरेन्स लि. | २०२५ जुन १ (२०८२ जेष्ठ १८) | ७५,००,०००।०० | १५,०३०।०० | कर्मचारी र कामदारको बिमा |
| | जम्मा | | | २,६६,३२९।९८ | |

भुक्तानीका साथ पेश भएको निम्नानुसारको बीमा प्रिमियम सम्बन्धी कागजातको अध्ययबाट बीमाका शर्तहरु पालनाको स्थिति निम्नानुसार रहेको देखिन्छ जसमा बीमाको व्यवस्था र बीमा पोलिसीबिच प्रावधान नमिलेका केही उदाहरण प्रस्तुत गरिएका छन् । अत: यस सम्बन्धमा कार्यालयले थप यकिन गरी बीमाका शर्तहरुको पूर्ण पालना भएको बीमा पोलिसी पेश गर्नुपर्दछ ।

| सम्झौतामा भएका बिमाका शर्तहरु | पेश गरेको बिमा सम्बन्धि काजगातमा उल्लेख भएका शर्तहरु | बिमाका शर्त पालना नभएका बिषयहरु | भुक्तानी रकम |
|---|---|---|---|
| 1. The minimum cover for loss of or damage to the Works, Plant and Materials is: 115 % of the Contract Amount. | निर्माण कार्यको ११५ प्रतिशत बिमा गरेको रु. ४,९७,६९,३०१।५५ | प्लान्ट र सामाग्रीको बिमा नगरेको | |
| 2. The maximum deductible for insurance of the Works and of Plant and Materials is: 1 % of sum insured. | 10 % of claim amount subject to minimum if Rs. 1,50,000 ।- | १ प्रतिशत हुनुपर्नेमा १० प्रतिशत उल्लेख भएकोले यदि सम्पूर्ण योजना क्षति भएमा १० प्रतिशत भन्दा सानो रकम दावि गर्न नसकिने अवस्था सिर्जना भएको | |
| 3. The minimum cover for loss or damage to immovable Equipment/plants is: 100% (i.e Replacement Cost) | उपकरण र प्लान्टको बिमा नगरेको | उपकरणको बीमा नगरेको | |
| 4.The maximum deductible for insurance of Equipment/plant is 1% of sum insured. | बिमा नगरेको | उपकरणको बीमा नगरेको | |
| 5. The minimum cover for loss of or damage to other property is: /insert amount/ with unlimited number of occurrences. | Insurance मा ५,००,०००।- उल्लेख गरीएको । | अनलिमिटेड अकरेन्स उल्लेख गरिएकोमा बिमा शर्तमा one event उल्लेख गरेकोले सो भन्दा सानो रकम दाविनसकिने अवस्था सिर्जना भएको । | |
| 6. The maximum deductible for insurance of other properties is: 1% of sum insured. | Other Property damage मा ५,००,०००।– बिमा गरिएको | डिडक्टिबल १ प्रतिशत हुनुपर्नेमा १० प्रतिशत उल्लेख गरेकोले सोभन्दा सानो रकम दावि गर्न नसकिने अवस्था सिर्जना भएको। | |
| 7. The minimum cover for personal injury or death insurance<br>i. for the Contractor's employees is that specified in the Labor act of Nepal and ii. for other people is:/insert amount between 0.7 to 1 million/ with an unlimited number of occurrences | Labour को ५ लाखको मात्र Risk Cover गरेको | न्यूनतम ७ लाख प्रतिव्यक्तिको बिमा गर्नुपर्नेमा ५ लाखको बिमा गरेको | |

| प्रमाण पेश नगरेको | २,६६,३३० |
|---|---|

१०८.३ **प्रगति र कार्यतालिका :** निर्माण सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रयाक्ट को बुँदा नम्बर ३४.१ मा The contractor shall submit for approval a program for the work within 30 days from the date of L.O.A. उल्लेख छ । यस निर्माण व्यवसायीले पेश गरेको निर्माण योजना (कार्यतालिका) बमोजिम हाल कुल निर्माण अवधि २४ महिना मध्ये लेखा परीक्षण अवधि २०८२।०५।०८ मा ४ महिना २१ दिन (४.७ महिना) व्यतीत भई १९.५८ प्रतिशत समय व्यतीत भएको वित्तीय प्रगतितर्फ रु. ४०,७२,०००।- भुक्तानी भई ९.४१ प्रतिशत मात्र वित्तीय प्रगति हासिल भएको देखिन्छ। कार्यालयले भौतिक प्रगति तयार गरेको देखिँदैन। लेखापरीक्षणका क्रममा लेखा परीक्षण टोली र कार्यालय व्यवस्थापनले उक्त भवन निर्माणस्थलको २०८२।०५।०६ मा स्थलगत अनुगमन गर्दा सव स्ट्रक्चरको निर्माण कार्य सम्पन्न भई सुपरस्ट्रक्चरको निर्माण कार्यमध्ये पहिलो तल्लाको ढलान कार्य सम्पन्न भएको र हाल सेन्टरिङ्ग तथा सटरिङ्ग हटाउन आवश्यक अवधि नपुगेको स्थितिमा देखिएको छ। व्यतित भएको अवधिको तुलनात्मक आधारमा वित्तीय प्रगती केही घटी देखिएकाले तोकिए बमोजिम बाँकी १९ महिनाको अवधिमा निर्माण कार्य सम्पन्न गर्न पालिका कार्यालयले प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ ।




१०८.४ **निर्माण स्थल सुरक्षा :** हाल निर्माण भईरहेको पालिकाको प्रशासकीय भवनको पश्चिमतर्फ भिरालो जग्गा रहेको र सामान्य पहिरो गएको देखिएको छ । उक्त स्थानमा Soil Protection को कार्य गरी निर्माणस्थलको सुरक्षा गरी भवनमा पुग्न सक्ने थप क्षतिलाई नियन्त्रण र संरक्षण गर्नुपर्ने देखिन्छ ।

१०८.५ **पालिका केन्द्रको विवादका कारण दोहोरो डि.पी.आर गराएको :** यस पालिकाको प्रशासकीय भवन निर्माणका लागि वडा नं. ५ स्थित बसपार्क माथि रहेको जग्गामा निर्माण गर्ने गरी डी.पी.आर तयार गरी Next Consultancy लाई गोस्वारा भौचर नम्बर ११-२०७६।०३।३० बाट (करिब) ६,९९,११५।३८ भुक्तानी भएकोमा पालिकाको केन्द्र रहने स्थान सम्बन्धमा विवाद उत्पन्न भई वडा नं. ४ मा रहेको कित्ता नं. ४५३, ४५७, ३०६, ७६ कित्ताको ४७९३.२८ ब.मी (९ रोपनी ६ आना ३ पैसा) मा प्रशासकीय भवन निर्माण गर्ने गरी पुन डि.पी.आर तयार गरी भौ. नं. ९१-२०८०।०१।२८ बाट एपी इन्जिनियरिङ्ग डिजाइन सोलुशन प्रा.लि ललितपुरलाई रु. १३,८४,२५०।- भुक्तानी गरेको छ। निर्माणस्थल विवादका कारण एउटै भवन निर्माणका लागि २ पटक डि.पी.आर प्रतिवेदन तयार गरी खर्च गर्दा स्रोतको सदुपयोग हुन नसकी उद्देश्य विहीन र दोहोरो खर्च हुन गएको देखिन्छ । पालिका केन्द्रको विवाद नटुङ्ग्याई वडा नम्बर ५ मा भवन निर्माण गर्ने गरी खर्च गरेको र पहिलेको डि.पी.आर प्रतिवेदनमा नै सुधार गरी हालको डि.पी.आर गर्ने खर्च घटाउन सकिने वा नसकिने सम्बन्धमा समेत विचार नगरी दोहोरो खर्च गरेको मनासिव देखिएन। यस सम्बन्धमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्ने देखिन्छ।

१०९ **सामाजिक सुरक्षा-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले गाउँपालिकामै रहेको NSBL र राष्ट्रिय वाणिज्य बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।गाउँपालिकाले पहिलो किस्तामा २३२९ लाभग्राहीहरूलाई रू.२,३१,३८,३९८।- दोस्रो किस्तामा २३४१ लाभग्राहीहरूलाई रू.२,३४,०८,२८१।- तेस्रो किस्तामा २३४६ लाभग्राहीहरूलाई रू.२,३२,७६,८९४।- र चौंथो किस्तामा २३५७ लाभग्राहीहरूलाई रू.२,३४,४२,४३३।- गरी जम्मा रू.९,३२,६६,००६।- वितरण गरेको छ । लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये बाँकी रहेको रकम रू.६९,५२१।– मिति २०८२।०३।१३ संघीय संचित कोषमा फिर्ता गरेको छ।

| वडा नं. | प्रथम किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | | चौथो किस्ता | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | १३९ | १४३२६९० | १३९ | १४५१३७० | १३९ | १४४९९५१ | १४२ | १४७१६६६ |
| २ | १९७ | १७४१९१८ | १९७ | १७६३५८३ | २०४ | १७९६४४९ | २११ | १८३७८०८ |
| ३ | २६८ | २६५६७६० | २७१ | २६७३५५७ | २६७ | २६१४४६१ | २६८ | २६३६५३७ |
| ४ | २३३ | २३११५३२ | २३१ | २३५१५०५ | २२५ | २२८७८४८ | २२२ | २२६०४८८ |
| ५ | २३९ | ३२२८७९६ | २४० | २३५०१३५ | २४१ | २३५५३५२ | २३९ | २३४२२०२ |
| ६ | २०६ | २१९२७८८ | २०५ | २१८७४६८ | २०५ | २१७६८२८ | २०८ | २१९८१२१ |
| ७ | २५८ | २६८८७८८ | २५८ | २७०९९६६ | २६३ | २६९१३३९ | २५९ | २६६७५५३ |
| ८ | ३५७ | ३३८१००० | ३६५ | ३४९३२९८ | ३६५ | ३५०८९१० | ३६७ | ३५२७८२९ |
| ९ | ४३२ | ४४०४१२६ | ४३५ | ४४२७३९९ | ४३७ | ४३९५७५६ | ४४१ | ४५००२२८ |
| **जम्मा** | **२३२९** | **२,३१,३८,३९८** | **२३४१** | **२,३४,०८,२८१** | **२३४६** | **२,३२,७६,८९४** | **२३५७** | **२,३४,४२,४३३** |
| **कुल जम्मा (४ किस्ताको)** | | | | | | | | **९,३२,६६,००६** |

११० **पार्किङ्ग खातामा रहेको रकम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२२,०३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१११ **खाता फ्रिज भएको लाभग्राहीलाई भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,८११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **९०,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **४१,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **४०,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२७,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२७,७६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **१७,५१९**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१५,६०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१२,६५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१२,६३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८,४८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,८७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **९५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **७८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३७४** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लिखु गाउँपालिका, ओखलढुंगा , लिखु गाउँपालिका , ओखलढुंगा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन कुमार राउत | २०८१-१-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बलराम फुयल | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०२५,३५४ | १६,६१७,२३७ | ७,७९४,५७५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,४३७,१६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,९०१,८४२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २५,५३५,३२४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १९८८०२२९.६६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७२८०३४८० | चालु खर्च | २५६९१७९९९.८४ |
| प्रदेश सरकारबाट अनुदान | २६५२९००० | पूँजीगत खर्च | ९२६५४३२०.४३ |
| राजश्व बाँडफाँट | ६८६७२०३७.९ | वित्तीय/अन्य व्यवस्था | १३४६२४३९२.४६ |
| आन्तरिक आय | ३९०१७०३.८४ | | |
| अन्य आय | १०६४७३५७५ | | |
| कुल आय | ४७८३७९७९६.७४ | कुल खर्च | ४८४१९६७१२.७३ |
| बाँकी मौज्दात | | १४०६३३१३.६७ | |

## अनुसूची - २

| सि.नं. | लेखापरीक्षणका क्षेत्र | लेखापरीक्षणका विषय |
|---|---|---|
| १ | खर्चको नियमितता तथामितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | अनुगमन, मूल्याङ्कन, भ्रमण खर्च परीक्षण |
| २ | कृषि तथा पशु विकासकार्यक्रम | अनुदानको मापदण्ड, मूल्याङ्कन एवं वितरणको परीक्षण र विश्लेषण |
| ३ | अमानत, उपभोक्ता समिति रगैर सरकारी संस्थाबाट कार्य गराउने । | खरिद प्रक्रियामा ऐननियमावलीको पालनाको अवस्था, सम्झौता र भुक्तानीको परीक्षण |
| ४ | तलब भत्ता तथापारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करारसेवा) | तलबी प्रतिवेदन, महंगीभत्ता, पोशाक भत्ता, पदाधिकारी सुविधा, स्वीकृत दरबन्दी र करार सेवाकाकर्मचारीको नियुक्ति लगायतको विषय |
| ५ | स्वास्थ्यतर्फ | औषधि व्यवस्थापन, कार्यक्रम संचालन |
| ६ | आन्तरिक आयतर्फ | आय अुनमान र संकलन, राजस्व दाखिला |
| ७ | तालिम र कार्यक्रम खर्च | स्वीकृत नर्म्सकोप्रयोगको अवस्था |
| ८ | शिक्षा तर्फ | शिक्षक तलब भत्ता, विद्यालय निकासा, दीवा खाजा, निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति |
| ९ | खरिद व्यवस्थापन | खरिद कानुनको पालना, खरिद विधि |
| १० | सामाजिक सुरक्षा | वितरणको अवस्था, खाताफ्रिजको अवस्था |
| ११ | ठेक्का तथा प्रस्तावव्यवस्थापन | खरिद सम्झौता, कार्यप्रगति, म्याद, ठेक्का बिलको परीक्षण र विश्लेषण |
| १२ | संघ र प्रदेशबाट प्राप्तसशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | तोकिएको क्षेत्र, शर्त रकार्यविधिको पालनाको अवस्था |
| १३ | विविध | अन्य विषयहरू |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | |
|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | |
| ११००० | कर | ६,८२,४४,३३४.९० | ० | ६,८२,४४,३३४.९० |
| १३००० | अनुदान | २७,२३,६९,२९४.१६ | ० | २७,२३,६९,२९४.१६ |
| १४००० | अन्य राजस्व | ३९,८०,५०६.९० | ० | ३९,८०,५०६.९० |
| १५००० | विविध प्राप्ति | ३,४८,९००.०० | ० | ३,४८,९००.०० |
| क | **कुल जम्मा प्राप्ति** | ३४,४९,४३,०३५.९६ | | ३४,४९,४३,०३५.९६ |
| ३ | चालु | २५,६९,१७,९९९.८४ | ० | २५,६९,१७,९९९.८४ |
| २१००० | पारिश्रमिक / सुविधा | ६,१८,५३,३८८.२७ | ० | ६,१८,५३,३८८.२७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,०१,३६,२८१.२८ | ० | ७,०१,३६,२८१.२८ |
| २५००० | सहायता (Subsidy) | ११,८५,४०,९९८.२९ | ० | ११,८५,४०,९९८.२९ |
| २६००० | अनुदान | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ५४,२६,९३३.०० | ० | ५४,२६,९३३.०० |
| २८००० | अन्य खर्च | ९,६०,३९९.०० | ० | ९,६०,३९९.०० |
| ४ | पूंजीगत | ९,२६,५४,३२०.४३ | ० | ९,२६,५४,३२०.४३ |
| ३१११० | भवन तथा संरचना | १,०५,३८,५०१.०० | ० | १,०५,३८,५०१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २९,५८,५४७.०० | ० | २९,५८,५४७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | १,३८,०००.०० | ० | १,३८,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,८१,०९,०८२.४३ | ० | ७,८१,०९,०८२.४३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४,१०,१९०.०० | ० | ४,१०,१९०.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ५,००,०००.०० | ० | ५,००,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ३४,९५,७२,३२०.२७ | | ३४,९५,७२,३२०.२७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (४६,२९,२८४.३१) | | (४६,२९,२८४.३१) |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (१२,२९,११५.९९) | | (१२,२९,११५.९९) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (५,५२,८७६.००) | | (५,५२,८७६.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (५८,५८,४००.३०) | | (५८,५८,४००.३०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १,९८,८०,२२८.९७ | | १,९८,८०,२२८.९७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,४०,२१,८२८.६७ | | १,४०,२१,८२८.६७ |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स. | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| २ | ६१६१२०१०३७ | दर्ता चलानी किताव | पिस | १५ | | ३,६००.०० | |
| ३ | ६१६१७०१०३१ | कुटो कोदोलो | संख्या | १ | | ६००.०० | |
| ८ | ६१६१३०१०१६ | डस्टविन | पिस | १ | | ५००.०० | |
| १० | ६१६१०१००६९ | रजपर्वतनी वटी | पिस | ८ | | १,७६०.०० | |
| ११ | ६१६११०१०७४ | मोबाइल | पिस | ४ | | २१६,६८४.०० | |
| १३ | ६१६१४०२४३८९ | डसना | Unit | १ | | ५००.०० | |
| १४ | ६१६१९०३३९५२ | Magnesium Salpeter | प्याकेट | ४ | | ३४०.०० | |
| २१ | ६१६१०१००६१ | ल्वाङ तेल | पिस | २५ | | ३,२५०.०० | |
| २२ | ६१६१९०३२७४९ | Boric Acid | ग्राम | २० | | ८६०.०० | |
| २३ | ६१६१९०३२७४८ | Potassium per magnet | ग्राम | ३ | | २१६.०० | |
| २४ | ६१६१९०३३९७६ | Bp Blate | पिस | १ | | ४५०.०० | |
| २६ | ६१६१९०३३९७१ | Meloxiam+peracetamol inj | भाइल(vial) | २ | | ७००.०० | |
| २९ | ६१६१२०१०७२ | हाईलाइटर | संख्या | ५ | | २००.०० | |
| ३१ | ६१६१४०२४३९० | सिरानी | Unit | १ | | ५००.०० | |
| ४३ | ६१६१४०१०५० | चश्मा | संख्या | ६० | | ३,६००.०० | |
| ४७ | ६१६१२०१०३० | कपडा | मीटर | ५ | | ७५०.०० | |
| ४९ | ६१६१९०१०३६ | Povidone iodine | बोतल | १० | | १,५००.०० | |
| ५६ | ६१६१३०१०५३ | टि म्याट | संख्या | २ | | ४००.०० | |
| ६४ | ६१६१२०५११४५९ | सोलारको पानी | बोतल | २० | | ५००.०० | |
| ७३ | ६१६१९०१०४० | Piperzine ml | बोतल | १० | | ७००.०० | |
| ७७ | ६१६१९०३३९८१ | Curved Needle | पिस | २ | | ६००.०० | |
| ८३ | ६१६११०१०५९ | टेस्टर | संख्या | १ | | ५०.०० | |
| ८८ | ६१६१५०६९१२१ | Moisol eye drops(Hydroxyproplmethacelulose) | पिस | ६ | | ३७९.०० | |
| ८९ | ६१६१४०१०३० | भित्ते घडी | संख्या | १ | | १,०६१.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९४ | ६१६१४०१०१३ | क्याल्कुलेटर(Calculator) | पिस | ३ | | १,३५०.०० | |
| ९६ | ६१६१३०११२९ | ग्यास पाइप | संख्या | २ | | ९००.०० | |
| ९८ | ६१६१०१००१२ | षडविन्दु तेल | पिस | ८ | | ८९६.०० | |
| १०० | ६१६१२०१०४१ | फ्लेक्स | पिस | ४ | | १,४००.०० | |
| ११६ | ६१६१३०१०७३ | कुचो/खरेटो | संख्या | २८ | | २,४००.०० | |
| ११९ | ६१६१२०१२१९ | कार्ड(Card) | पिस | ५८५ | | २,६२०.०० | |
| १२६ | ६१६१९०१०११ | Gloves Surgical | प्याकेट | ३ | | १,९००.०० | |
| १२८ | ६१६१२०११५१ | बाइन्डिङ कभर सिट | संख्या | ५० | | ५००.०० | |
| १२९ | ६१६१२०११३९ | बाइन्डिङ टेप(Banding Tape) | संख्या | ३० | | ३,७५०.०० | |
| १३४ | ६१६१४०११६९ | प्लाष्टिक झोला | के.जी. | १०० | | ५००.०० | |
| १३८ | ६१६१५०६९११२ | Timolol Maleate ०.५% w/v | पिस | ६ | | ४७४.०० | |
| १४० | ६१६११०१०२८ | अन्य कम्प्युटर तथा बिधुतिय सामान | संख्या | १ | | १,५००.०० | |
| १४१ | ६१६१३०१०१५ | सरफ | पिस | ५ | | ५००.०० | |
| १४३ | ६१६१४०१२११ | तेल | लिटर | १८ | | १,९४४.०० | |
| १४८ | ६१६१२०१२०६ | फोटो पेपर | रिम | ५४ | | १,८४०.०० | |
| १५० | ६१६१२०१२२० | प्रिन्ट/फोटोकपी | संख्या | २७ | | ५९४.०० | |
| १५६ | ६१६१९०४०५१२ | Crimine | भाइल(vial) | ६ | | १,०५०.०० | |
| १५७ | ६१६१३०१०५९ | कचौरा | संख्या | ६ | | ३००.०० | |
| १६२ | ६१६१२०१०५४ | कार्वन पेपर | संख्या | ३७ | | १८५.०० | |
| १६७ | ६१६१५०६९१२३ | Ocupol ointment | पिस | २ | | ११७.०० | |
| १७३ | ६१६१०१००७७ | सिक्स सिमलहम | पिस | ४ | | ५१२.०० | |
| १७५ | ६१६१३०१००३ | सावुन | पिस | ७३ | | ३,५८१.०० | |
| १७८ | ६१६१३०१०२० | थर्मस | पिस | २ | | १,८२५.०० | |
| १८२ | ६१६१०१००७८० | अर्जुन क्याप्सुल | Unit | १० | | ३,०००.०० | |
| १८३ | ६१६१२०१००१ | पन्चिङ मेशिन | पिस | १ | | ७,५००.०० | |
| १८४ | ६१६१९०३२७५० | Salphanomide Powder | ग्राम | २५ | | २,५००.०० | |
| १८६ | ६१६११०१०१७ | यु एस वि केवुल | पिस | ६९८ | | ४,७६५.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९० | ६१६११०१०५४ | इलेक्ट्रोनिक स्टाटर | संख्या | २ | | ५,४००.०० | |
| १९७ | ६१६११०१०४९ | पावर सकेट | संख्या | १ | | ३५०.०० | |
| २०० | ६१६१२०१०२६ | क्लीप | पिस | २ | | ४००.०० | |
| २०१ | ६१६१२०१०९५ | टेबुल पेन | संख्या | ७ | | ३१५.०० | |
| २०७ | ६१६१०१००१८ | चन्द्रप्रभावटि | पिस | १४ | | २,६६०.०० | |
| २०८ | ६१६१३०११५७ | पानी फिल्टर | पिस | १ | | २,४५०.०० | |
| २१६ | ६१६१५०१००७ | ग्लोभस | संख्या | ४ | | २,०००.०० | |
| २१९ | ६१६१५०६९१२२ | Dicimycin eye drops(chloramphenical) ५ml | पिस | ६ | | २९४.०० | |
| २२२ | ६१६१८०१२३९२ | ब्युभेरिया बेसियाना | एम एल | २० | | ३,४००.०० | |
| २२३ | ६१६१३०१०३२ | थाल | पिस | ६ | | २,१००.०० | |
| २३० | ६१६१२०११९४ | टेबुल घन्टी | पिस | ५ | | २,२५०.०० | |
| २३२ | ६१६१२०१०६८ | मसलन्द सामग्री तथा छपाइका माल समान | संख्या | २० | | १,८००.०० | |
| २३६ | ६१६१३०१०४५ | खुर्पा,हसिया | पिस | २ | | ६००.०० | |
| २३९ | ६१६१३०१०६५ | ट्रे | संख्या | १ | | ४००.०० | |
| २४८ | ६१६१०१००१७ | कैशोर गुगल | पिस | १२ | | ३,०००.०० | |
| २५४ | ६१६१३०१०४२ | बाटा | पिस | ३ | | १,१९४.०० | |
| २६४ | ६१६१९०३३९७२ | Tympany syrup/ afanil | बोतल | १० | | १,२००.०० | |
| २७१ | ६१६१३०११३८ | डस्ट पिकर(Dust Picker) | पिस | ४ | | ४००.०० | |
| २७९ | ६१६१९०३३९९० | Trocar and Cannula | पिस | १ | | ३९.०० | |
| २८२ | ६१६१४०१०१० | कुशन | पिस | ५ | | १,४६०.०० | |
| २८६ | ६१६१२०११९८ | ड्रोईङ्ग पेपर(Drawing Paper) | रिम | ५० | | १,०००.०० | |
| २८७ | ६१६१४०१०९७ | ब्याट्री | संख्या | २१ | | ५४०.०० | |
| २९३ | ६१६१९०३२७५३ | Enroct Inj | एम एल | ५ | | १,७३०.०० | |
| २९४ | ६१६१९०३३९७५ | Bp Blade Holder | पिस | ०.९९ | | २२३.०० | |
| २९६ | ६१६१५०६९१२४ | FML eye drops(Fluorimetholone) | पिस | २० | | ४,०३९.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९७ | ६१६१९०१०५८ | Cotrimoxazole bolus | बक्स | ३ | | १,४६७.०० | |
| २९८ | ६१६१२०१०१३ | इरेजर | पिस | ३२ | | १६०.०० | |
| ३०४ | ६१६१९०२४८११ | crovox | पिस | १ | | २,३५०.०० | |
| ३०७ | ६१६१९०३२७५१ | I.v Seet | पिस | १ | | १,०००.०० | |
| ३०९ | ६१६११०११६४ | वायर स्ट्रिपर(Wire Stripper) | संख्या | १०० | | १००.०० | |
| ३१० | ६१६१४११९००७ | पर्दाको सिक्रि | पिस | ४ | | ६००.०० | |
| ३२४ | ६१६१८०२६४१८ | "Streptomycin sulphate ९% + Tetracycline hexachloride १% WP" | ग्राम | १५ | | १,५७५.०० | |
| ३२९ | ६१६१९०३३९९४ | Dressing Forceps | बोतल | २ | | ५००.०० | |
| ३३० | ६१६१४११३८८९ | ELEMENT SUCTION | Unit | १ | | १,५०७.०० | |
| ३३६ | ६१६१८०१२३९५ | जिंक फोस्फाइड | ग्राम | ७० | | १,४००.०० | |
| ३३९ | ६१६१५०६९१०२ | Gentamice ०.३% w/v Eye drops | पिस | ७५ | | १,४२५.०० | |
| ३४० | ६१६१५०६९११९ | Chloramphenicol+Dexamethasone ५ml | पिस | ३० | | ३,७५०.०० | |
| ३४१ | ६१६१८०११०४० | ग्याठकोभी | ग्राम | ७ | | १,४००.०० | |
| ३४३ | ६१६११०११०१ | ल्यापटप स्क्रीन(Laptop Screen) | पिस | २ | | २,०००.०० | |
| ३५० | ६१६११०१०६४ | लिष्टि | संख्या | १ | | ४,३५०.०० | |
| ३५२ | ६१६१३०१०३६ | खुर्पा,चक्कू | संख्या | २ | | ३८०.०० | |
| ३५६ | ६१६१७०११५९ | मेजरिङ्ग टेप (Measuring Tape) | पिस | ५ | | १,८८१.०० | |
| ३५७ | ६१६१३०१०५४ | ब्रस | संख्या | ७ | | ९८०.०० | |
| ३५८ | ६१६१९०३३९९२ | Gentamicin eye drops | प्याकेट | १० | | १९०.०० | |
| ३६८ | ६१६१०१००९२ | आरोग्य वर्धनी वरी | ग्राम | ८ | | १,१५२.०० | |
| ३७१ | ६१६१२०१०२९ | कलर पेपर | पिस | १ | | ३५०.०० | |
| ३७४ | ६१६१९०३३९७७ | Mayo scisser | प्याकेट | ३ | | ९००.०० | |
| ३८५ | ६१६१२०१०१२ | बोर्ड मार्कर | पिस | १९ | | ३,५००.०० | |
| ३८७ | ६१६१२०२०३५९ | छाप रिफिल | Unit | ५ | | ४५०.०० | |
| ३८८ | ६१६१०१००९३ | अन्य आयुर्वेदिक औषधी | पिस | ३४ | | २,८९०.०० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९१ | ६१६१०१००४६ | अश्वगन्धा क्याप्सुल | पिस | १० | | ३,३००.०० | |
| ३९२ | ६१६१०१००५१ | काञ्चनार गुग्गुल | पिस | १० | | ४,४००.०० | |
| ३९७ | ६१६१४०१०२१ | हेलमेट | संख्या | १ | | २,८००.०० | |
| ३९८ | ६१६१२०१२१७ | निवेदन फारम | संख्या | ११ | | २,७५०.०० | |
| ४०४ | ६१६१८०२६४०६ | Napthalic acetic acid (NAA) २० ppm | ग्राम | २ | | ३,०००.०० | |
| ४०५ | ६१६१९०४०५११ | Algun Sus | बोतल | १० | | ५००.०० | |
| ४०९ | ६१६१३०२३८९८ | हिल ट्याङ्की नपल | सेट | १ | | २५०.०० | |
| ४१८ | ६१६१९०३३९८४ | Artery Forceps | पिस | ३ | | ९००.०० | |
| ४२३ | ६१६१४०१०३७ | लाइटर | संख्या | ३ | | ३००.०० | |
| ४२९ | ६१६१५०६९११३ | Tropicamide १% w/v | पिस | १६ | | १,२६४.०० | |
| ४३० | ६१६१२०१०४४ | मार्कर पेन | पिस | ६ | | ४२०.०० | |
| ४३१ | ६१६१२०१०८८ | स्पाईलर डायरी | संख्या | १० | | ३,७००.०० | |
| ४३५ | ६१६१९०३३९८३ | Teat siphon | पिस | १ | | ३५०.०० | |
| ४३७ | ६१६१५०६९११४ | Tropicamide ०.८% w/v +Phynylephrine ५% | पिस | १५ | | १,४८५.०० | |
| ४३८ | ६१६१९०४०५१३ | Bigheal oitment | Tube | १० | | ७००.०० | |
